## अध्याय एक

# शोध परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्र कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ । सङ्कथन मानवीय अभिव्यक्तिको सिङ्गो रूप हो । मानवद्वारा अभिव्यक्त हुने भाव साहित्य र साहित्येतर दुबै हुन्छन् । सात्यिक विधा विशिष्ट भाषामा रचिएको हुन्छ । भाषा मानवीय विचार विनिमयको ध्वान्यात्मक माध्यम पनि हो । यस्तो विचार विनिमयको माध्यम भाषा स्तरीय मानक हुन आवश्यक छ । साहित्य, शिक्षा र मानवीय प्रयोगले भाषालाई मानक र स्तरीय बनाउँछ । यही स्तरीय भाषा आर्जन गर्न बालबालिकाहरू विद्यालय जान्छन् । नेपालका विद्यालयका सम्पूर्ण तहमा नेपाली भाषा पाठ्यपुस्तक प्रयोग गरिएको हुन्छ । उक्त नेपाली भाषा पाठ्यपुस्तकहरूमा साहितियक विधाका पाठहरू समावेश गरिएका छन् । यसरी समावेश भएको विधाहरूको शिक्षणबाट सिकारुको भाषिक सिपको विकास गरिन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट विविध विधामध्ये निबन्ध पनि एक महत्त्वपूर्ण विधा हो । पाठ्यपुस्तकमा समाविष्ट कृतिहरूको विभिन्न कोणबाट गरिने शोध अध्ययनबाट भाषा सिकाइ शिक्षण प्रभावकारी हुँदै जान्छ । माध्यमिक तहको कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण गर्नु पनि एक महत्त्वपूर्ण कार्य हो ।

भाषिक एकाइको सबैभन्दा माथिल्लो एकाइ सङ्कथन हो । यसले वाक्यभन्दा माथिको तह तथा भाषाको सिङ्गो अभिव्यक्तिलाई जनाउँछ । सङ्कथन भाषाका अर्थपूर्ण सिङ्गो रूप भएकाले यसका लघु र बृहत् आयामहरू हुन्छन् । उखान, कविता, श्लोक, हाइकु, इन्टरनेटच्याट आदि लघु आयाम हुन् भने लेख, कथा, महाकाव्य, उपन्यास, भाषण, निबन्ध आदि बृहत् आयाम हुन् । सङ्कथन विश्लेषण भाषा विज्ञानको समान्य र प्रायोगिक दुई शाखामध्ये प्रायोगिक शाखाअन्तर्गत पर्ने एक नवीनतम सिद्धान्त हो । एउटा पूर्ण भाषिक अभिव्यक्तिको संरचना, अर्थ र सन्दर्भपरक गरिने विश्लेषणलाई सङ्कथन विश्लेषण भनिन्छ ।

सङ्कथनलाई कथ्य र लेख्य गरी दुई भेदमा विभाजन गर्न सकिन्छ । कथ्य सङ्कथनमा छलफल, कुराकानी, भलाकुसारी, अन्तर्वार्ता, गाली, प्रश्नोत्तर, संवाद, वादविवाद,

प्रवचन, कथाकथन, भाषण आदि पर्दछन् । त्यसै गरी लेख्य सङ्कथनमा हाइकु, मुक्तक, कविता, कथा, निबन्ध, चिठी, स्मारिका, निवेदन, भरपाइ, प्रतिवेदन, महाकाव्य नाटक आदि लिप्यात्मक सामग्रीहरू पर्दछन् । विशेष गरी  भाषालाई स्तरीय बनाउने एक प्रमुख पक्ष नै लिप्यात्मक सामग्रीहरू हुन् । यही स्तरीय भाषाको आन्तरिक र बाह्य पक्षको विशलेषण सङ्कथन विश्लेषणमा गरिन्छ । सङ्कथन विश्लेषण मूलतः साहित्यिक विधामा गरिन्छ । नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको साहित्यिक र साहित्येतर विषयवस्तुले सिकारुको भाषिक क्षमता अभिवृद्धि गर्ने कार्य गर्दछ भने उक्त विषयवस्तु सङ्कथनिक युक्तिहरूले उपयुक्त छ कि छैन भनेर केलाउने कार्य सङ्कथन विश्लेषणले गर्दछ । साथै सङ्कथन विश्लेषण तथा अध्ययन अनुसन्धान कार्यले यस्ता साहित्यिक र साहित्येतर विषयको शब्द, व्याकरण, अर्थ, सान्दर्भिकता, उपयुक्तता आदि पक्षको निर्क्योल गर्दछ । नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट साहित्यिक र सहित्येतर विषयमध्ये, साहित्यिक विधाहरू (कथा, कविता, रुपक, निबन्ध आदि) को अध्ययन विश्लेषण प्रायः शैली वैज्ञानिक अध्ययन र सङ्कथन विश्लेषणमा केन्द्रित रहन्छ । उक्त साहित्यक विधाहरूको अध्ययन, अनुसन्धान र विश्लेषण गरी सैद्धान्तिक पक्षका साथै सामाजिक र भाषिक क्षेत्रमा यसको उपयुक्तता केलाउने कार्य नेपाली भाषा र साहित्यमा अपरिहार्य देखिन्छ । यसैले नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट साहित्यिक कृतिहरू तथा अन्य विषयको विभिन्न तवरले अध्ययन अनुसन्धान हुनु आवश्यक हुन्छ । यसै सन्दर्भलाई मध्यनजर गरी कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण गरी यो शोधपत्र तयार पारिएको हो ।

## १.२. समस्या कथन

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूको सङ्कथन विश्लेषण गर्नु नै प्रस्तुत शोधकार्यको प्रमुख समस्या हो । यसै प्रमुख समस्या समाधान गर्नको लागि निम्नलिखित शोध प्रश्नहरूको प्रयोगात्मक ढङ्गले विश्लेषण गरिएको छ :

(क) कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त व्याकरणिक सम्बद्धकहरू  के कस्ता छन् ?

(ख) उक्त पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त कोशीय सम्बद्धकहरू के कस्ता छन् ?

(ग) उक्त पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त सम्बद्धकहरूले निबन्ध निर्माणमा कस्तो भूमिका निर्वाह गरेका छन् ?

## १.३. अध्ययनको उद्देश्य

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य हो । यस प्रमुख उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू यसप्रकार छन् :

(क) कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त व्याकरणिक सम्बद्धकको अध्ययन गर्नु

(ख) उक्त पुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त कोशीय सम्बद्धकको अध्ययन गर्नु

(ग) उक्त पुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त व्याकरणिक र कोशीय सम्बद्धकको भूमिका निरूपण गर्नु ।

## १.४. अध्ययनको सान्दर्भिकता र उपादेयता

नेपाली भाषा र साहित्य क्षेत्रमा सङ्कथन विश्लेषणको अहम् भूमिका रहेको हुन्छ । साहित्य र साहित्येतर विधामा अध्ययन अनुसन्धानको विभिन्न पक्षबाट अध्ययन विश्लेषण भए पनि प्रायोगिक भाषाविज्ञानको एक नवीनतम शाखाको रूसमा चिनिएको सङ्कथन विश्लेषणको रूपमा भने कमै भएको पाइन्छ । सङ्कथन विश्लेषणले कुनै पनि साहित्यिक विधा तथा अन्य विषयवस्तुको शब्द, अर्थ, व्याकरणिक प्रयोग, विषयगत सान्दर्भिकता, उपयोगिता आदि पक्षको विस्तृत विश्लेषण गर्दछ । यसैले कुनै पनि विषयगत पाठ, रचना, विधाहरूको सङ्कथन विश्लेषण हुन आवश्यक छ । यस्ता विधाहरू नेपाली भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएका हुन्छन् । यसरी प्रयोग हुने विविध विधाहरूमध्ये निबन्ध विधा पनि हालको सन्दर्भमा महत्त्वपूर्ण र आधुनिक विधा हो । निबन्ध विधा साहित्यका विधामध्ये एक स्वतन्त्र तथा सिङ्गो अभिव्यक्ति हो । यसमा आफ्नो मनका भावना र आफ्ना वरपर रहेका तथ्यपरक विषयलाई स्वतन्त्र रूपमा प्रस्तुत गर्न पाइन्छ । यसरी स्वतन्त्र रूपमा रचना गरिएको निबन्धहरूमा विषयगत सान्दर्भिकता, शैली, व्याकरणिक व्यवस्था, भाषिक एकाइहरूको तालमेल आदि मिलेको छ वा छैन भन्ने कुरा थाहा पाउन पनि निबन्ध विधाको सङ्कथन लगायत विभिन्न पक्षबाट अध्ययन विश्लेषण गर्नुपर्ने देखिन्छ । आधुनिक साहित्य

जगतमा फष्टाएको निबन्ध विधाको सङ्कथनको अध्ययन विश्लेषण पर्याप्त मात्रमा भएको पाइँदैन । पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको सङ्कथन विश्लेषण अझ भन्नुपर्दा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा त यो नै पहिलो अध्ययन विश्लेषण हो । अतः सङ्कथन विश्लेषणका क्षेत्रमा यस शीर्षकमा भएको प्रस्तुत शोधकार्यले अध्ययन अनुसन्धानको क्षेत्रमा नयाँ आयाम थप्ने हुँदा प्रस्तुत शोधकार्य सान्दर्भिक रहेको छ ।

प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण गरिएको यस अध्ययनबाट सङ्कथन विश्लेषणमा रुचि राख्ने शिक्षक, प्रध्यापक, भाषाविज्ञ, विद्यार्थी, सङ्कथन विश्लेषण शीर्षकमा शोध गर्ने शोधार्थी र सङ्कथन सिद्धान्तमा जिज्ञासा राख्ने जोकोहीले पनि फाइदा लिन सक्ने हुनाले प्रस्तुत शोधकार्यको उपादेयता रहेको प्रमाणित हुन्छ ।

## १.५. अध्ययनको सीमाङ्कन

प्रस्तुत 'कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण' शीर्षकमा तयार गरिएको शोधकार्यको सीमाङ्कन यसप्रकार छ :

(क) प्रस्तुत शोधकार्य कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन उक्त पुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त सङ्कथनिक युक्तिहरूमध्ये सम्बद्धक युक्तिको विश्लेषणमा मात्र सीमित रहेको छ ।

(ग) यो अध्ययन कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'म को हुँ ?' र 'जैविक खेती' निबन्धको व्याकरणिक र कोशीय सम्बद्धकका विश्लेषणमा मात्र सीमित रहेको छ ।

(घ) उक्त निबन्धहरूको निर्माणमा व्याकरणिक र कोशीय सम्बद्धकले निर्वाह गरेको भूमिका प्रस्तुत गर्ने कार्यमा मात्र केन्द्रित छ ।

(ङ) उक्त निबन्धहरूमा प्रयुक्त सम्बद्धकलाई सूक्ष्म रूपमा विश्लेषण गर्ने क्रममा अनुच्छेदलाई जोडदै वाक्यको आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.६. अध्ययनको रुपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित, सङ्गठित र शृङखलित बनाउनका लागि निम्नानुसारको रूपरेखामा पस्तुत गरिएको छ :

**अध्याय एक : शोधको परिचय**

प्रस्तुत शोधकार्यको पहिलो अध्यायको शीर्षक शोध परिचय रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, शोधकार्यको सीमाङ्कन र अन्तमा शोधकार्यको रूपरेखा उपशीर्षकहरू रहेका छन् ।

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचा**

यस दोस्रो अध्यायको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचा रहेको छ । यसरी पूर्वकार्यको समिक्षामा पुस्तक समिक्षा र शोधअध्ययनको समिक्षालाई छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ । यसै गरी सैद्धान्तिक ढाँचाअन्तर्गत सङ्कथनको परिचय, सङ्कथन विश्लेषणको परिचय, सङ्कथनका प्रकार, सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषणका पद्धतिहरू, सङ्कथनका युक्तिहरू, व्याकरणिक सम्बद्धक र यसका उपभेदहरू, कोशीय सम्बद्धक र यसका उपभेदहरू रहेका छन् ।

**अध्याय तीन : अध्ययनको विधि र प्रक्रिया**

यस तेस्रो अध्यायको शीर्षक अध्ययनको विधि र प्रक्रिया रहेको छ । यसअन्तर्गत जनसंख्या र नमुना छनोट, सामग्री सङ्कलनका प्राथमिक स्रोत र द्वितीय स्रोत अध्ययन विषयको धारणात्मक रूपरेखा र तथ्यारूकको व्याख्या विश्लेषण रहेका छन् ।

**अध्याय चार : कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको व्याकरणिक सम्बद्धक**

यस चौथो अध्यायको शीर्षक कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको व्याकरणिक सम्बद्धक रहेको छ । यस शीर्षक भित्र 'म को हुँ ?' र 'जैविक खेती' निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धक यी व्याकरणिक सम्बद्धकअन्तर्गत पनि सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन जस्ता चार भेद र यी चारभेदको पनि विभिन्न उपभेदहरू, उक्त दुई निबन्धमा व्याकरणिक सम्बद्धकले निर्वाह गरेको भूमिका रहेका छन् ।

**अध्याय पाँच : कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको कोशीय सम्बद्धक**

यस पाँचौ अध्यायको शीर्षक कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको कोशीय सम्बद्धक रहेको छ । यस शीर्षकअन्तर्गत 'म को हुँ ?' र 'जैविक खेती' निबन्धमा प्रयुक्त कोशीय सम्बद्धक यी कोशीय सम्बद्धकअन्तर्गत पनि पुनरुक्ति र सन्निधान र पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरितार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता पाँच उपभेदहरू, उक्त दुई निबन्धमा कोशीय सम्बद्धकले निर्वाह गरेको भूमिका रहेका छन् ।

**अध्याय छ : सारांश, निष्कर्ष, उपयोगिता**

यस छैटौँ अध्यायको शीर्षक सारांश, निष्कर्ष, उपयोगिता रहेको छ । यस शीर्षक भित्र सारांश, निष्कर्ष, उपयोगिताका बेग्लाबेग्लै उपशीर्षक रहेका छन् । उपयोगिताअन्तर्गत पनि नीतिगत र प्रयोगगत गरी दुई उपशीर्षकमा प्रस्तुत रहेको छ ।

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचा

### २.१. पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य तयार गर्ने क्रममा शोधको सैद्धान्तिक ढाँचा, विधि प्रक्रिया, व्याख्या विश्लेषण, निष्कर्ष आदि लेखनकार्यको लागि आवश्यक ज्ञान, अनुसन्धानीय ढाँचा र पृष्ठपोषण प्राप्त गर्न सम्बन्धित पूर्व कार्यको समीक्षा गरिएको छ । उक्त पूर्वकार्यको समीक्षालाई पनि पुस्तक तथा लेख समीक्षा र शोधपत्रको समीक्षा गरी फरक फरक उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.१.१. पुस्तक तथा लेखहरूको समीक्षा

भण्डारी र अन्य (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा सङ्कथनको परिचय, कथ्य पाठ, लेख्य पाठ, सम्बन्द्धन र सम्बद्धकको भूमिका, सम्बद्धकका प्रकार र प्रकृतिहरूको व्याख्या जस्ता सङ्कथनका सैद्धान्तिक पक्षलाई सोदाहरण प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा सङ्कथनका युक्तिहरूको सामान्य जानकारीका साथै सङ्कथनका तत्त्वहरू (प्रस्तोता, बोद्धा/पाठक, मार्ग सूचनाको स्वरुप, शीर्षक/विषय, कोड र परिवेश) को सविस्तार विश्लेषण गरिएको छ । उक्त पुस्तकमा सङ्कथनको सैद्धान्तिक विश्लेषण गर्ने क्रममा सम्बद्धकभित्रको व्याकरणिक सम्बद्धकका सार्वनामिक, संयोजक, कालिक, पुनरावृत्ति, प्रतिस्थापन र लोप गरी छ प्रकारको व्याख्या गरिएको छ । सङ्कथनलाई भाषा शिक्षणसँग समेत जोडेर विवेचना गरिएको उक्त पुस्तक प्रस्तुत शोधकार्यको विषयसँग सम्बन्धित छ । सङ्कथनको सैद्धान्तिक पक्षको विवेचनामा केन्द्रित उक्त पूर्वकार्यभन्दा सङ्कथनको प्रायोगिक विश्लेषणमा केन्द्रित प्रस्तुत शोधकार्य भिन्न छ तापनि उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यको सैद्धान्तिक ढाँचा निमार्णका लागि सहयोग लिइएको छ ।

पौडेल (२०६९) द्वारा *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू* नामक पुस्तक पनि सङ्कथन विश्लेषणको लागि महत्त्वपूर्ण पुस्तक हो । उक्त पुस्तकमा सङ्कथन अनुच्छेद भन्दा माथिल्लो तथा सिङ्गो अभिव्यक्ति हो भन्दै भाषावैज्ञानिकहरूको परिभाषा प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा सङ्कथनको परिचय, सैद्धान्तिक धारणा, प्रकार, तत्त्वहरू र

भाषा शिक्षणमा उपयोगिताको सविस्तार रुपमा विश्लेषण भएको छ । सम्बद्धक र सम्बद्धनको उदाहरण दिइ स्पष्ट पार्नु र एकान्त कथाको सङ्कथनिक ढङ्गले विश्लेषण गर्नु उक्त पुस्तकको गुणवान पक्ष हो । उक्त पुस्तकमा प्रायोगिक भाषा विज्ञानका विविध शाखा मध्य सङ्कथन विश्लेषण, सिद्धान्त र प्रयोगको बारेमा लेखिएको हुनाले उक्त पुस्तक प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ । कथा विधामा सङ्कथन विश्लेषण, संवाद र मनोवादको सङ्कथन विश्लेषणको सैद्धान्तिक आधारहरू प्रस्तुत गरिएको उक्त पूर्वकार्यभन्दा निबन्धमा सङ्कथन विश्लेषण गरिएको प्रस्तुत शोधकार्य नितान्त भिन्न रहेको छ । उक्त पुस्तकको सैद्धान्तिक प्रारुप र कथा विधामा गरिएको सङ्कथन विश्लेषणले प्रस्तुत शोधकार्यको विश्लेषण पक्षमा सहयोगार्थ छ ।

भुसाल (२०६९) द्वारा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरबाट प्रकाशित हुने पत्रिका *सम्प्रेषण अङ्क ७ मा सङ्कथन विश्लेषण : सम्बद्धक र सम्बद्धन* भन्ने लेखमा सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको परिचय र प्रकारको सोदाहरण वर्णन गरिएको छ । उक्त लेखमा अन्य पुस्तकहरूमा समावेश गरिएको तत्त्वहरूको वर्णन नपाइएता पनि सिक्ल्येरको सङ्कथन विश्लेषण पद्धति ह्यालिडे र हसनद्वारा प्रस्तुत सङ्कथनका विश्लेषणको अवारणात्मक टिपोट गरिएको छ । उक्त टिपोट र सङ्कथन विश्लेषणको भाषावैज्ञानिक महत्त्व यस लेखको महत्त्वपूर्ण पक्ष हो । प्रस्तुत शोधकार्य पनि ह्यालिडे र हसनद्वारा प्रस्तुत सम्बद्धककीय धारणामा विश्लेषण गरिएको हुनाले उक्त लेख प्रस्तुत शोधसँग सम्बन्धित रहेको छ । उक्त लेखमा सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धन दुबैको सोदाहरणहरू सहित प्रकार प्रस्तुत गरिएको र प्रस्तुत शोधकार्यमा सम्बद्धकको मात्र विश्लेषण गरिएको हुनाले उक्त लेखभन्दा प्रस्तुत शोधकार्य भिन्न रहेको छ । यस शोधकार्यका व्याख्या विश्लेषण पक्षमा उपयोगी भएको छ ।

ढकाल (२०७०) द्वारा *प्रायोगिक भाषा विज्ञान* नामको पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा सङ्कथनको विश्लेषण परिचय, परिभाषा, प्रकार, विकासक्रम, विशेषता र तत्त्वहरूमा आधारित भएर गरिएको छ । उक्त पुस्तकमा सङ्कथन विश्लेषण विधागत संरचना, विश्लेषण पद्धति र विश्लेषकको आधारमा भिन्न भिन्न हुने धारणा प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कोशीय सम्बद्धकको उपभेद अङ्गी-अङ्गको विषयमा चर्चा नगरिएको र यस शोधकार्यमा कोशीय सम्बद्धकको उपभेद अङ्गी-अङ्गको विषयमा चर्चा गरिएको

हुनाले उक्त पुस्तकभन्दा यस शोधकार्य भिन्न रहेको छ । यसरी भिन्न भएपनि सङ्कथन विश्लेषणको सैद्धान्तिक ढाँचा निर्माणमा सहयोग गरेको छ ।

लम्साल र अन्य (२०७०) द्वारा *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणको अवधारणा पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा भाषिक सञ्चार व्यवस्थापनमा प्रयुक्त वाक्यहरूको विश्लेषण नै सङ्कथन विश्लेषण हो भनिएको छ । सिङ्क्लेयर, ह्यालिडे र हसनको विचारलाई समेटेर सङ्कथन विश्लेषण गर्नु उक्त पुस्तकको विशेष पक्ष रहेको छ । कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषणको प्रायोगिक पक्षसँग उक्त पुस्तक सम्बन्धित र महत्त्वपूर्ण रहेको छ । कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषणअन्तर्गत निबन्धको युक्तिहरूको विश्लेषणमा भने प्रस्तुत शोधकार्य उक्त पूर्वकार्यभन्दा भिन्न रहेको छ । उक्त पुस्तकको पृष्ठ नम्बर १५९ र १६० मा यूक्तिहरू वा सम्बद्धकलाई संसजन वा संयुक्त र सम्बद्धनलाई संसक्ति का नामले विश्लेषण गर्दै भाषावैज्ञानिक ह्यालिडे र ससनको अवधारणाको टिपोट गरिएको छ साथै सङ्कथनको सूक्ष्म रूपले विश्लेषण हुनाले उक्त पूर्वकार्य यस शोधकार्यको सैद्धान्तिक पक्ष निर्माणमा सहयोगार्थ रहेको छ ।

लामिछाने (२०७०) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तक प्रकाशित छ । उक्त पूर्वकार्यमा प्रायोगिक भाषा विज्ञानका घटकहरूलाई ध्यानमा राखी सङ्कथनको सैद्धान्तिक विषय प्रस्तुत गरिएको छ । सङ्कथन विश्लेषणको आधार परिचय, सैद्धान्तिक अवधारणा, प्रकार, तत्त्वहरू र भाषाशिक्षणको उपयोगिताको विस्तृत व्याख्या विश्लेषण नभए पनि संक्षिप्त र स्पष्ट रुपमा अवधारणाहरू व्यक्त गरिएको छ । उक्त पुस्तकमा भाषाविज्ञानको क्षेत्रमा सङ्कथन विश्लेषण जस्तो प्रायोगिक र बौद्धिक विषयलाई पनि सरल, संक्षिप्त र मिठासपूर्ण तरिकाले विस्तार गएिको उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यको विषयसँग सम्बन्धित छ । उक्त पूर्वकार्यमा सङ्कथनका प्रकारहरूमा कथ्य र लेख्य सङ्कथनको बारेमा मात्र प्रष्ट पारिएको र प्रस्तुत शोधकार्यमा सङ्कथनको साङ्केतिक पक्षको बारेमा पनि प्रष्ट पारिएको हुनाले उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य भिन्न रहेको छ । प्रस्तुत शोधकार्यको सैद्धान्तिक स्वरूप निर्माण र सङ्कथन विश्लेषण पक्षलाई सरल, संक्षिप्त र मिठासपूर्ण बनाउँनका लागि उक्त पूर्वकार्य उपयोगी आधार बनेको छ ।

अधिकारी (२०७४) द्वारा *सामाजिक र प्रायोगिक भाषा विज्ञान* नामक पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा सङ्कथनका परिचय, महत्त्व, प्रकार, विकासक्रम युक्तिहरू र तत्त्वहरू आदिको व्याख्या भएको छ । सङ्कथनका तत्त्वहरू उल्लेख गर्दै यी तत्त्वहरू मध्य एउटा मात्र तत्त्व नहुँदा सङ्कथन पूर्ण नहुने जस्ता वास्तविक सत्यता प्रस्तुत गरिएको छ । सङ्कथनको महत्त्व दर्शाउनु यस पुस्तकको उपयुक्त पक्ष हो । उक्त पूर्वकार्य सङ्कथन विश्लेषणको सैद्धान्तिक दृष्टिले महत्त्वपुर्ण हुनुका साथै प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । साहित्यिक विधा निबन्धको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको प्रस्तुत शोधकार्य सङ्कथनको सिद्धान्तमा मात्र आधारित रहेको उक्त पूर्वकार्यभन्दा भिन्न रहेको छ । उक्त पुस्तक यस शोधकार्यमा सङ्कथनका युक्तिहरूमध्ये सम्बद्धकको चर्चा गर्ने शिलशीलामा सहयोगार्थ रहेको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

भुजेल (२०७३) द्वारा *कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण गर्नुलाई मूल उद्देश्य बनाइएको छ । उक्त शोधपत्रमा 'मानव बेचविखन विरुद्ध हाम्रो दायित्त्व' शीर्षकको संवाद सङ्कथनमा रहेका सम्बद्धक र सम्बद्धनको पहिचान गरिएको छ । सङ्कथनले भाषिक एकाइको सन्दर्भपरक, भाषापरक र अर्थपरक अभिव्यक्तिलाई बुझाउने, विभिन्न सात तत्त्वहरूको आधारमा सङ्कथनको विश्लेषण गरिने र शोध्य रूपक विधामा संयोजक र समावेशात्मक सम्बद्धक बढी प्रयोग भएको तथा सम्बद्धनमा स्पष्टोक्ति र अनुक्रमबोधक सम्बद्धन सबैभन्दा बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ । कक्षा नौको साहित्य विधामै सङ्कथनको विश्लेषण गरिएकाले उक्त पूर्वकार्य प्रस्तुत शोधकार्यसँग सम्बन्धित र निकट छ । साहित्यको पनि रूपक विधाको सङ्कथन विश्लेषण गएको उक्त पूर्वकार्यभन्दा निबन्ध विधाको सङ्कथन विश्लेषण गरिएको प्रस्तुत शोधकार्य विधागत दृष्टिले फरक रहेको छ । प्रस्तुत शोधकार्यका क्रममा अध्ययन विधि र प्रक्रियाको निर्धारण र विश्लेषण पक्षमा वाक्यगत रूपमा विश्लेषण गर्न उक्त पूर्वकार्यबाट सहयोग लिइएको छ ।

खनाल (२०७३) द्वारा *पहेँलो गुलाफ कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य भएको छ । पहेँलो गुलाफ कथामा प्रयुक्त सम्बद्धकहरू र सम्बद्धनहरू पहिचान गर्नु

उक्त शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । सङ्कथनका सबै तत्त्वहरूलाई भाषापरक र अर्थपरक ढंगले परिभाािषत गरेर, उक्त कथाको १९ अनुच्छेदहरूलाई सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका आधारमा व्याख्या विश्लेषण गरेर कोशीय सम्बद्धकको पर्यायवाची, विपरीतार्थी र सन्निधान धेरै पटक प्रयोग भएको र समावेशक समावेश्य भने एक पटक मात्र प्रयोग भएको निष्कर्ष निकालिएको छ । निबन्ध र कथा दुबै साहित्यको गद्यशैली भएको र यही शैलीको सङ्कथन विश्लेषण भएकोले प्रस्तुत शोधकार्य उक्त पूर्वकार्य सम्बन्धित रहेको छ । प्रस्तुत शोधकार्य  निबन्ध को सङ्कथन विश्लेषण गरिएको र उक्त शोधपत्रमा कथा विधाको विश्लेषण गएिको हुनाले उक्त शोधपत्रभन्दा प्रस्तुत शोधकार्य भिन्न रहेको छ । प्रस्तुत शोधकार्यको सैद्धान्तिक विश्लेषणमा उक्त पूर्वकार्यले सहयोग पुऱ्याएको छ ।

कार्की (२०७४) द्वारा *साबिती उपन्यासको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य तयार भएको छ । उक्त शोधपत्रको प्रमुख उद्देश्य साबिती उपन्यासमा प्रयुक्त सम्बद्धकहरू र सम्बद्धनहरूको प्रयोग स्थिति प्रस्तुत गर्नु रहेको छ । उक्त शोधपत्रको उपन्यासमा सबै सम्बद्धकको प्रयोग भएको र सम्बद्धनका प्रयोगमा अर्थगत र वैचारिक अन्तः सूत्रको निरन्तरताले उपन्यासलाई सम्प्रेषणीय बनाएको हुँदा उक्त सङ्कथनका दृष्टिले उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । उक्त उपन्यासमा प्रत्येक वाक्यमा प्रयुक्त सङ्कथनीय युक्तिहरू विश्लेषण गरि पृष्ठ सङ्ख्या समेत उल्लेख गरिएको कुरा बताइएको  छ  । उक्त पूर्वकार्य उपन्यासको सङ्कथन विश्लेषण र यस शोधकार्य निबन्धको विश्लेषण भएकोले उक्त शोधपत्र भन्दा यस शोधकार्य फरक रहेको छ । प्रायोगिक भाषाविज्ञानको सङ्कथन विश्लेषणमा आधारित भएर गरिएको उक्त शोधपत्र  यस शोधकार्यसँग सम्बन्धित रहेको छ । उक्त पूर्वकार्यबाट यस शोधकार्यले सङ्कथन विश्लेषण पद्धतिको व्याख्याको क्रममा सहयोग लिइएको छ  ।

ओझा (२०७४) द्वारा *बहुला काजीको सपना नाटकको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य तयार भएको छ । उक्त नाटकाको सङ्कथन विश्लेषणलाई प्रमुख उद्देश्य बनाइएको छ । सङ्कथनको विश्लेषणको क्रममा उक्त नाटकमा १४६ पटक निपात सम्बद्धक र ४२ पटक कोशीय सम्बद्धकको प्रयोग भएको र सम्बद्धन अन्तर्गत सबै भन्दा बढी १८ पटक रीतिबोधक र एकपटक मात्र करण कार्य सम्बद्धन प्रयोग भएको साथै अन्य युक्तिहरू यस नाटकमा समान तथा उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । सङ्कथन विश्लेषण मै आधारित भएकोले प्रस्तुत शोधकार्यसँग उक्त पूर्वकार्य सम्बन्धित रहेको छ । उक्त शोधपत्रमा

रुपक विधाको विश्लेषण र प्रस्तुत शोधकार्य निबन्ध विधाको विश्लेषण भएकोले उक्त शोधपत्र र प्रस्तुत शोधकार्यमा विधागत भिन्नता रहेको छ । उक्त शोधपत्रले प्रस्तुत शोधकार्यको पृष्ठभूमि, विधि प्रक्रिया तथा व्याख्या विश्लेषणमा सहयोग पुऱ्याएको हुनाले पूर्व समीक्षा गरिएको छ ।

तिवारी (२०७४) द्वारा *राष्ट्रियताको ज्योति हुलाक घर निबन्धको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । यस शोधपत्रमा राष्ट्रियताको ज्योति हुलाक घर निबन्धको सम्बद्धक र सम्बद्धनको आधारमा विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनका आधारमा उक्त निबन्धको उपयोगिता केलाउनु भन्ने उद्देश्य बनाइएको छ । सङ्कथन विश्लेषण गर्दै जाँदा उक्त निबन्ध अर्थगत अन्विति र वैचारिक अन्तः सूत्रको निरन्तरताले सम्प्रेषणीय रहेको कुरा प्रस्तुत भएको छ । सम्बद्धनको प्रयोग सन्तुलित रुपमा भएपनि सम्बद्धकको प्रयोग उपयुक्त नभएको निष्कर्ष यसमा निकालिएको छ । उक्त शोधपत्र र प्रस्तुत शोधकार्य दुवै निबन्धको सङ्कथन विश्लेषण भएकोले यस शोधकार्यसँग उक्त पूर्वकार्य सम्बन्धित रहेको छ । उक्त शोधकार्यमा निबन्धको सङ्कथनीय युक्तिहरूको विश्लेषणका साथै भाषिक दृष्टिले उपयुक्त छकी छैन भनेर खोज गरिएको छ । यही नै यस शोधको नवीन र उत्तम पक्ष देखिन्छ । उक्त शोधपत्र र प्रस्तुत शोधकार्य निबन्धकै विश्लेषण भएपनि आयामगत दृष्टिले उक्त पूर्वकार्यभन्दा यस शोधकार्य भिन्न रहेका छ । उक्त शोधकार्य प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार, विधि प्रक्रियामा सहयोगी हुन गएको छ ।

भुसाल (२०७५) द्वारा *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन* शीर्षकमा शोधप्रबन्ध सम्पन्न गरिएको छ । उक्त शोधप्रबन्धको मूलभूल उद्देश्य माध्यमिक तहका आख्यानात्मक विधाहरूको सङ्कथनिक अध्ययन गर्नुलाई बनायएको छ । माध्यमिक तहका नेपाली आख्यानात्मक विधाहरूको संसक्तिपरक अध्ययन गर्नु, उक्त तहको आख्यानात्मक विधाको संयुक्तिपरक अध्ययन गर्नु र आख्यानात्मक विधाका पाठहरूको शैक्षणिकता विश्लेषण गर्नुलाई उक्त शोधप्रबन्धकले विशिष्ट उद्देश्य बनाइएको छ । विशेषतः भाषावैज्ञानिक ह्यालिडे र हसनको पुस्तकको अनुप्रयोग र अन्य विदेशी तथा स्वदेशी भाषाविदहरूद्वारा प्रस्तुत सामग्रीहरूको उपयोग गरि अत्यन्त विस्तृत रुपमा सङ्कथन र आख्यानात्मक विधाको विश्लेषण उक्त शोधप्रबन्धमा गरिएको पाइन्छ । उक्त शोधप्रबन्धमा सङ्कथन विज्ञान विश्लेषण पाठ र त्यसको अर्थ अध्ययनमा मात्र सीमित नरही समग्र अन्तर्क्रिया र कुराकानी अध्ययनको रुपमा विकसित रहेको, यसलाई विशेष परिवेश र

प्रयोगद्वारा निर्दिष्ट गतिशील प्रक्रियाका रुपमा र यसमा प्रयुक्त भाषालाई उत्तरआधुनिक परिवेशबाट हेर्न थालिएको, साहित्य साहित्येतर फाँट र भाषाशिक्षणका क्षेत्रमा यो निकै महत्त्वपूर्ण सावित भएको साथै सङ्कथनको अध्ययनको क्षेत्र व्यापक भएको तथ्यगत निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य पनि सम्बद्धकका आधुनिक प्रकारअनुसार विश्लेषण गरिएको र उक्त शोधप्रबन्ध पनि संसक्तिका आधुनिक प्रकारअनुसार विश्लेषण गरिएकाले प्रस्तुत शोधकार्यसँग यक्त शोधप्रबन्ध सम्बन्धित रहेको छ । विधा, सैद्धान्तिक ढाँचा, आयाम र विधि व्याख्या विश्लेषणमा उक्त शोधप्रबन्ध व्यापक भएकाले उक्त शोधप्रबन्धभन्दा प्रस्तुत शोधकार्य भिन्न रहेको छ । तथापी सङ्कथनको अध्ययन भएकोले प्रस्तावित शोधपत्रको विश्लेषणीय आधार र सम्बद्धकका प्रकारको परिचय, विश्लेषण र सन्दर्भसामग्रीमा उक्त पुर्वकार्यबाट प्रस्तुत शोधकार्यले सहयोग लिइएको छ ।

## २.२. सैद्धान्तिक ढाँचा

सङ्कथन विश्लेलषण प्रायोगिक भाषा विज्ञानको एक शाखा हो । प्रस्तुत शोधकार्य सङ्कथन विश्लेषणमा आधारित रहेको छ । यस सन्दर्भमा प्रस्तुत शोधकार्यको सैद्धान्तिक ढाँचाअन्तर्गत सङ्कथनको परिचय, सङ्कथन विश्लेषणकोको परिचय, सङ्कथनका प्रकार, सङ्कथनका तत्त्वहरू, सङ्कथन विश्लेषणका पद्धतिहरू, सङ्कथनका युक्तिहरू, व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धकको व्याख्याका साथै यी शीर्षकका पनि विभिन्न उपशीर्षकहरूको बारेमा विस्तार गरिएको छ ।

### २.२.१. सङ्कथनको परिचय

भाषिक अभिव्यक्तिको सिङ्गो रुपलाई सङ्कथन भनिन्छ । तर सङ्कथन शब्दको उत्पतिको क्रममा सङ्कथनलाई वाक्य वा संरचनाको रूपमा हेरिन्थ्यो । संरचनाले भाषा वा अभिव्यक्तिको बाह्य स्वरूपलाई सङ्केत गर्दछ । भाषिक अभिव्यत्तिको एउटा खास संरचना हुन्छ र त्यो संरचना नै सङ्कथन हो । सङ्कथनको विस्तारित परिभाषमा कुनै पनि अर्थपूर्ण सिङ्गो अभिव्यक्तिलाई नै सङ्कथन भनिन्छ । (पौडेल २०७१) । यसबाट सङ्कथन एक अर्थपूर्ण भाषिक एकाइ हो भन्ने बुझिन्छ । 'सङ्कथन' शब्दको शब्दिक अर्थ समग्र कथन भन्ने हुन्छ । प्रस्तोताले प्रस्तुत गरेको अथवा भनेको कुरा बोद्धाले बुझ्यो भने त्यहाँ सङ्कथन हुन्छ, नत्र सङ्कथन हुन सक्दैन । विशेषतः सङ्कथन हुनका लागि वक्ता र श्रोताको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उपस्थिति रहनु अनिवार्य हुन्छ । सङ्कथन कथ्य र लेख्य गरी दुई प्रकारको हुन्छ ।

कथ्य सङ्कथनमा वक्ता र श्रोताको प्रत्यक्ष उपस्थिति अनिवार्य छ भने लेख्य सङ्कथनमा वक्ता र श्रोताको प्रत्यक्ष उपस्थिति आवश्यक हुँदैन । कथ्य सङ्कथनअन्तर्गत कुराकानी, भलाकुसारी, भाषण, संवाद, छलफल, गाली आदि पर्दछन् । त्यसै गरी लेख्य सङ्कथनमा कथा, कविता, नाटक, निबन्ध, चिठी, भरपाइ, स्मारिका आदि साहित्यिक र साहित्येतर विधाहरू पर्दछन् । कतिपय विद्वानहरूले साङ्केतिक भाषा वा अभिव्यक्तिलाई पनि सङ्कथनका रूपमा चिनाएका छन् ।

शब्द र अर्थको समग्र रूप नै सङ्कथन हो । सङ्कथन भाषाको शब्दपरक र अर्थपरक एकाइसँग सम्बन्धित हुन्छ । शब्द संरचनात्मक कोणसित सम्बन्धित हुन्छ भने अर्थ सन्दर्भपरक कोणसित सम्बन्धित हुन्छ । शब्द संरचना सम्बद्धक हुन् भने अर्थगत सन्दर्भ सम्बद्धन हुन् (पौडेल, २०७१) । यसबाट के कुरा प्रष्ट हुन्छ भने, एक सङ्कथन व्यवस्थित र अर्थपूर्ण हुनका लागि सम्बद्धक र सम्बद्धनको महत्त्वपूर्ण भूमिका रहन्छ । सम्बद्धक र सम्बद्धन विना कुनै पनि पाठ पुरा हुन सक्दैन । तसर्थ एउटा पाठको संरचनागत पक्ष र प्रयोगगत पक्षको समग्र रूप नै सङ्कथन हो । निष्कर्षमा भन्नुपर्दा सङ्कथन अभिव्यक्तिको सिङ्गो र अर्थपूर्ण भाषिक एकाइ हो । सङ्कथन वक्ता र श्रोताको प्रत्यक्ष र अप्रत्यक्ष अभिव्यक्ति र ग्रहणमा सम्भव रहन्छ । सम्बद्धक र सम्बद्धनले शब्दहरूको संरचना र अर्थगत सान्दर्भिकतालाई सिलसिलाबद्ध गराउँछ । सम्बद्धक र सम्बद्धन विना सङ्कथन अपूर्ण रहन्छ । तसर्थ शब्दहरूको संरचना र सान्दर्भिकअर्थको समग्र रूपलाई नै सङ्कथन भन्निछ ।

### २.२.२. सङ्कथन विश्लेषणको परिचय

सङ्कथन सन्दर्भपरक सिङ्गो अभिव्यक्ति हो । यही सिङ्गो अभिव्यक्तिको संरचनागत व्यवस्था र अर्थगत प्रयोगको विश्लेषण गर्ने कार्य नै सङ्कथन विश्लेषण हो । सन् १९६० को दशकपछि प्रायोगिक भाषाविज्ञानको एक नवीनतम् शाखाका रूपमा सङ्कथन विश्लेषणको विकास भएको पाइन्छ । 'सङ्कथन विश्लेषण' अङ्ग्रेजी 'डिस्कोर्स एनालाइसिस' पदावलीको नेपाली रूपान्तरण हो । 'सङ्कथन' अङ्ग्रेजी 'डिस्कोर्स' शब्दबाट नेपालीमा रूपान्तरण गरिएको परिभाषित शब्द हो । यसमा 'एनालाइसिस' वा 'विश्लेषण' शब्द जोडिदा 'डिस्कोर्स एनालाइसिस' वा 'सङ्कथन विश्लेषण' पदावलीको निर्माण भएको हो । 'डिस्कोर्स' को अर्थ कथन वा अभिव्यक्त भन्ने हुन्छ तर यसको व्युत्पत्तिगत अर्थलाई हेर्ने हो भने ल्याटिन भाषाको मूलरूप अनुसार यसले 'लगातार कुरा गर्नु' भन्ने अर्थ वहन गरेको देखिन्छ

। 'टु रन', 'टु रन अन' र 'टु रन टु व्याक एन्ड फ्रम' भन्ने अर्थ देखिने 'डिस्कोर्स' शब्दको नेपाली रूपान्तरण गर्दा 'दौडनु', 'दौडि रहनु' र 'अघिपछि गर्दै दौडनु' भन्ने हुन्छ । यस आधारमा 'डिस्कोर्स' शब्दको कोशीय अर्थ पनि भन्नु, बोल्नु, कुरा गर्न वा वातचित गर्नु भन्ने नै हुन्छ तर हिजो आज यसले कोशीय परिधिभन्दा परसम्मको अर्थ बुझाउने गरेको छ (पौडेल २०७१ ) । यस अर्थबाट मानिसले निरन्तर बोलेको भाषा अभ्व्यिक्ति वा सङ्कथन हो र यही अभिव्यक्तिको विश्लेषण सङ्कथन विश्लेषण हो भन्ने बुझिन्छ ।

सङ्कथन विश्लेषणमा कुनै पनि साहित्यिक विधा (कथा, कविता, रुपक, निबन्ध अदि) र साहित्येतर विषय वा विधामा कसरी युक्तिहरूको संरचना र सन्दर्भ सम्बद्ध छ भन्ने पक्षको व्यापक अध्ययन गरिन्छ । यसरी गरिने अध्ययन सम्बद्धक र सम्बद्धनमा केन्द्रित हुन्छ । सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय युक्तिका आधारमा शब्द, वाक्य अथवा सम्पूर्ण भाषिक एकाइ सम्बद्ध छ कि छैनन् भनेर अध्ययन गरिन्छ भने सम्बद्धनअन्तर्गत वाक्य, वाक्यबीचको आन्तरिक अथवा आर्थी सम्बन्धको अध्ययन गरिन्छ । सम्बद्धकको अध्ययनमा पाठलाई उकीकृत गर्न वा सम्बद्ध बनाउन व्याकरणिक र कोशीय युक्तिहरूले जोडक वा गमको कार्य गरेको छ कि छैन भनेर विश्लेषण गरिन्छ । यसरी सम्बद्धनको अध्ययनमा आर्थी दृष्टिले वाक्यहरू जोडिएको छ छैन भन्ने विषयमा विश्लेषण गरिन्छ । विशेष गरी सङ्कथन विश्लेषण कथ्य भाषाको तुलनामा लेख्य भाषामा बढी गरिन्छ । लेख्य भाषाअन्तर्गत पर्ने सामग्रीहरू खदिला, सुगठित र स्तरीय हुन्छन् । यसरी लेख्य भाषा र यसको विस्तारित रूपको अध्ययन कार्यले नै अहिले सङ्कथन विश्लेषणको क्षेत्र व्यापक बनेको देखिन्छ । पहिले सङ्कथन विश्लेषणले संवाद विश्लेषणलाई मात्र बुझाउँथ्यो भने अहिले पाठ विश्लेषण तथा सम्पूर्ण विधाको विश्लेषणलाई बुझाउँछ । अन्ततः भाषिक अभिव्यक्ति वा पाठ, भाषिक संरचनागत रूपमा र सन्दर्भगत रूपमा सम्बद्ध तथा सबल छ छैन भन्ने तथ्यको खोज गर्न गरिने अध्ययन विश्लेषण नै सङ्कथन विश्लेषण हो । यस विश्लेषणमा सम्बद्धक र सम्बद्धनको अपरिहार्य भूमिका रहन्छ । यसकारण कुनै पनि पाठ तथा विषयगत विधामा सङ्कथनिक युक्तिहरूको उचित प्रयोग हुन आवश्यक देखिन्छ ।

### २.२.३. सङ्कथनका प्रकार

विशेष गरी भाषाविद्हरूले सङ्कथन विश्लेषणलाई लेख्य र कथ्य गरी दुई भागमा विभाजन गरेको पाइन्छ । सामान्य रूपमा कथ्य र लेख्य सङ्कथन गरी दुई प्रकारका भनिए

तापनि कतिपय विद्वान्हरूले साङ्केतिक सङ्कथनलाई पनि सङ्कथनको प्रकारमा लिएको पाइन्छ । यसरी सङ्कथन कति प्रकारका हुन्छन् भनेर विभाजन गर्ने कार्यमा विद्वान्हरूका विचारमा एकरूपता पाइँदैन । सङ्कथनको अवधारणात्मक विकासको इतिहासलाई हेर्दा पनि प्रारम्भमा मौखिक अभिव्यक्तिका भाषण र वार्तालाप जस्ता औपचारिक भाषिक एकाइलाई यसअन्तर्गत राखिएको पाइन्छ । वर्तमान समयमा आइपुग्दा भाषाका लेख्य अभिव्यक्तिलाई पनि सङ्कथन मानिन्छ । यसरी सङ्केतलाई सङ्कथन मान्ने विद्वाहरूले विशिष्ट किसिमका अर्थ बुझाउने विभिन्न सङ्केतलाई पनि सङ्कथन भनेका छन् । यहाँ यी सङ्कथनका प्रकारको छोटो परिचय प्रस्तुत गरिएको छ ।

### २.२.३.१. **कथ्य सङ्कथन**

भाषाको मौखिक अभिव्यक्ति नै कथ्य सङ्कथन हो । यसैले यस कथ्य सङ्कथनमा वक्ता र श्रोताको अनिवार्य उपस्थिति हुन्छ । विशेष परिवेश र प्रसङ्गमा आधारित भई वक्ता र श्रोताको प्रत्यक्ष सहभागितामा सम्पन्न हुने कुराकानी, भलाकुसारी, संवाद, वादविवाद, छलफल, अन्तर्क्रिया, व्यङ्ग्य, आदेश, अनुरोध, मौखिक वर्णन, ख्यालठट्टा, भाषण आदि कथ्य सङ्कथनका उदाहरण हुन् । यसमा भाषिक र भाषेतर तत्त्वहरूको समान महत्त्व रहन्छ । कथ्य सङ्कथन वक्ता र श्रोताको प्रत्यक्ष उपस्थितिम पुरा हुन्छ । कथ्य सङ्कथनलाई जीवन्त बनाउन वक्ताका हाउभाउ, मुखमुद्रा, गतियति, अङ्ग सञ्चालन, आरोह अवरोह, बलाघात विराम आदिको महत्त्वपूर्ण भूमिका रहन्छ ।

कथ्य सङ्कथनमा वक्ता, बोद्धा, सन्दर्भ र परिवेशको तत्कालीन भूमिका रहन्छ । यस्ता सङ्कथनमा विषयवस्तुअनुसार वक्ता र श्रोताले आपसमा भूमिका परिवर्तन गर्दछन् । अतः भाषाको मौखिक अभिव्यक्तिमा आधारित सन्दर्भ, प्रसङ्ग र परिवेशजन्य सम्प्रेषणीय पूर्ण भाषिक अभिव्यक्ति नै कथ्य सङ्कथन हो जसमा भाषिक र भाषेतर तत्त्वको समान भूमिका रहन्छ ।

### २.२.३.२. **लेख्य सङ्कथन**

भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित अथवा लेखिएको पाठसँग सम्बन्धित सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ । विविध विषय क्षेत्रसँग सम्बन्धित लिखित सूचना, रसिद, विज्ञापन, भरपाइ, लेख तथा विविध साहित्यिक रचनाहरू लेख्य सङ्कथनको क्षेत्रभित्र पर्दछन् । लेख्य सङ्कथनमा लेखक र पाठक प्रायः प्रत्यक्ष उपस्थित हुँदैनन् । जसले गर्दा

कथ्य सङ्कथनमा झैं लेख्य सङ्कथनमा कुनै गल्ती भइहालेमा तुरुन्त सुधार गर्ने मौका प्राप्त हुँदैन र लेखकले पाठकलाई स्पष्टीकरण दिने मौका पनि पाउँदैन । (पौडेल २०७१) । उक्त सन्दर्भबाट के बुझिन्छ भने लेख्य सङ्कथन प्रस्तोतालाई प्रस्तुत गर्न सहज भएपनि बोद्धालाई ग्रहण गर्न कठिन हुन सक्दछ ।  घिमिरे (२०६९) का अनुसार भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित  सङ्कथन लेख्य सङ्कथन हो । यसैले यसमा भाषेतर तत्त्वको उपयोग असम्भव हुन्छ र पूर्ण रूपमा भाषा तत्त्वमा निर्भर रहन्छ । लेख्य सङ्कथनले जहिले पनि पठित र शिक्षित पाठकको अपेक्षा गर्दछ । यसमा प्रतिवेदन, चिठी, कथा, कविता रूपक, निबन्ध जस्ता  लेख्य सामग्रीहरू पर्दछन् ।

### २.२.३.३. साङ्केतिक सङ्कथन

साङ्केतिक अभिव्यक्ति पनि सङ्कथनका एक प्रकार हो । कतिपय अवस्थामा कथ्य र लेख्य अभिव्यक्तिबाट व्यक्त हुन नसकेको कुरा साङ्केतिक अभिव्यक्तिबाट व्यक्त हुन्छन् । यसरी सङ्केतले पनि पूर्ण पाठले प्रदान गर्ने अभिव्यक्ति प्रदान गरिरहेका हुन्छन् । यस्ता सङ्केतहरू विशेष अवस्था र विशेष प्रयोजनमा मात्र अर्थ प्रदान गर्ने हुन्छन् । यी सङ्केतहरू शाब्दिक र अशाब्दिक हुने गर्दछन् । शाब्दिक सङ्केतमा विशेष समयमा विशेष व्यक्तिले खास प्रयोजनका लागि बोलेको साङ्केतिक शब्दलाई लिन सकिन्छ । जस्तो कि सुरक्षाकर्मीले प्रयोगमा ल्याउने कोडहरू अशाब्दिक सङ्केतहरूमा पर्दछन् । सडकमा गाडी गुडिरहेका बेला रातो वा हरियो बत्ती बल्नु, सडकमा हिँडिरहेको यात्रीले ट्राफिकको इसारा बुझ्नु, जेब्रा क्रसिङ्बाट बाटो काट्नु सवारी चालकहरूले ट्राफिक सङ्केतका आधारमा नियम पालना गर्नु आदि यसअन्तर्गत पर्दछन् । यी कुनै पनि सङ्केतहरू सडकमा देखिनासाथ सडक प्रयोगकर्ताले निश्चित अर्थ बुझिहाल्छ । त्यस्तै खेलकुदअन्तर्गतका विभिन्न खेलमा विशेष किसिमका सङ्केत व्यवस्था हुन्छन् र ती सङ्केतका आधारमा खेलाडी र दर्शकहरू निश्चित अर्थ बुझी प्रतिक्रिया जनाउँछन् । त्यसैले बोलेर लेखेर मात्र भाषिक सम्प्रेषण नभई सन्दर्भ विशेषमा आएर निश्चित अर्थ बुझाउन यस्ता सङ्केतहरूले पनि भाषा सम्प्रेषणका क्षेत्रमा उल्लेख्य भूमिका बहन गरेको देखिन्छ । त्यसैले यस्ता सङ्केतहरू पनि सङ्कथनअन्तर्गत नै पर्दछन् । यस्ता सडकेतहरूको विषयमा पनि अध्ययन अनुसन्धान हुन आवश्यक देखिन्छ ।

### २.२.४. सङ्कथनका तत्त्वहरू

एउटा सङ्कथनलाई सिङ्गो र अर्थपूर्ण अभिव्यक्ति बनाउन भूमिका निर्वाह गर्ने विविध पक्षहरू नै सङ्कथनका तत्त्वहरू हुन् । अर्को शब्दमा भन्नु पर्दा एउटा सङ्कथन तयार हुन आवश्यक पर्ने सामग्रीलाई सङ्कथनका तत्त्वहरू भन्निछ । पौडेल (२०७१) का अनुसार सङ्कथनका तत्त्वहरू भनी प्रस्तोता/वक्ता, बोद्धा, माध्यम/मार्ग, सूचनाको स्वरूप, शीर्षक, कोड र परिवेश गरी सात प्रकारका रहेका छन् । यी सात तत्त्वगत कार्यबाट एउटा सङकथन पूर्ण हुन्छ । सङ्कथनका यी तत्त्वको यसरी चर्चा गरिएको छ :

#### २.२.४.१. प्रस्तोता

भाषिक अभिव्यक्ति प्रस्तुत गर्ने व्यक्ति नै प्रस्तोता हो । सङ्कथनमा सङ्कथन प्रस्तोताको केन्द्रीय भूमिका रहन्छ । कथ्य सङ्कथनमा वक्ता र लेख्य सङ्कथनमा लेखकले नै प्रस्तोताको भूमिका निर्वाह गर्दछन् । प्रस्तोता सम्प्रेषणीय वस्तुको उठान कर्ता तथा सञ्चालक हुन्छन् । यसरी सम्प्रेषणीय कार्य सञ्चालन गर्दा प्रस्तोताले बोद्धा वा पाठकको ध्यान आकर्षित गर्ने, विषय वस्तु वा सन्देशलाई कसिलो बनाउने, एउटा क्षेत्रबाट अर्कोतिर घुमाई दिने, सम्प्रेषणीय सन्देशका लागि सुहाउँदो कोडको चयन गर्ने आदि कार्य गर्दछ ।

#### २.२.४.२. बोद्धा

सङ्कथन तथा प्रस्तोताबाट सम्प्रेषण गर्न खोजिएको भाव वा विचार ग्रहण गर्ने ग्रहणकर्तालाई बोद्धा भनिन्छ । अर्को शब्दमा सङ्कथन श्रवण वा पठन गर्ने श्रोता वा पाठक नै बोद्धा हो । प्रस्तोताको उद्देश्य भनेको बोद्धालाई सम्प्रेषणीय विचार पुऱ्याउनु हो । लिखित सङ्कथनमा पाठक बोद्धाको स्थानमा रहन्छ तर संवादात्मक अभिव्यक्ति वा कथ्य सङ्कथनमा भने वक्ता र श्रोताले आलोपालो बोद्धाको भूमिका निर्वाह गर्दछन् । सङ्कथन सम्प्रेषणका क्रममा प्रस्तोताको कथन वा अभिव्यक्तिको विश्राम स्थल नै बोद्धा हो ।

#### २.२.४.३ .मार्ग /माध्यम

मार्ग पनि सङ्कथन निर्माणका तत्त्व हो प्रस्तोता र बोद्धाका बिचमा सङ्कथन प्रसारणका लागि सम्बन्ध स्थापित गर्ने मार्गलाई माध्यम भनिन्छ । सङ्कथन व्यक्त गर्ने उपाय नै माध्यम हो । सम्प्रेषणमा प्रयोग हुने लिखित वा मौखिक स्वरूप सामान्य माध्यम हुन् भने सङ्कथन प्रस्तुतिका क्रममा प्रयोग हुने विद्युतीय मार्ग रेडियो, टि.भी., फोन,

फ्याक्स, टेप रेकर्ड इमेल, इन्टरनेटलगायत अन्य सङ्केत र सूचनाका चिह्नहरू विशेष मार्ग वा माध्यम हुन् ।

### २.२.४.४. सूचनाको स्वरूप

सङ्कथनले सङ्केत गरेको विधागत स्वरूप नै सूचनाको स्वरूप हो । सङ्कथनलाई कस्तो आकार, स्वरूप र शैलीमा प्रस्तुत गर्ने भन्ने कुरा सूचनाको स्वरूपभित्र पर्दछ । एउटै सूचनालाई पनि प्रथम, द्वितीय र तृतीय पुरुषमा प्रस्तुत गर्दा प्रस्तुतिगत ढङ्गढाँचाले सङ्कथनमा भिन्नता ल्याउँछ । सङ्कथनलाई सरल वा जटिल सम्प्रेष्य वा असम्प्रेष्य कस्तो खालको बनाउने भन्ने कुरा सूचनाको स्वरूपमा निर्भर हुन्छ । एउटै सूचना वा विषयवस्तुलाई पनि भिन्न शैली र प्रक्रिया अँगाली प्रस्तुत गर्न सकिन्छ ।

### २.२.४.५. विषय/शीर्षक

सङ्कथनको अर्को महत्त्वपूर्ण तत्त्व विषय हो । सङ्कथनमा आत्मपरक, तथ्यपरक, वर्णनात्मक, विवरणात्मक, आख्यानात्मक, भावनात्मक, लयात्मक, घटनामूलक आदि विषयहरू प्रस्तुत गरिन्छ । विषय वस्तुकै आधारमा शीर्षक निर्धारण गरिने हुँदा यसलाई शीर्षक पनि भनिन्छ । विषयगत विविधताले स्वाभाविक रूपमा सङ्कथनको स्वरूप, शैली, संरचना आदिमा पनि विभिन्नता ल्याउँछ । सङ्कथनमा अभिव्यक्त हुने लेखकीय दृष्टि भनेर विषय वा शीर्षकलाई नै भनिन्छ ।

### २.२.४.६. कोड

कोड भनेको भाषा र सङ्कथन भनेको भाषिक बिम्ब हो । कोडलाई भाषिक सङ्केतको रूपमा पनि लिइन्छ । सङ्कथनका सन्दर्भमा विषय वस्तुको प्रस्तुतिका लागि प्रयोग हुने भाषिक सङ्केत नै कोड हो । सङ्कथनको प्रस्तुतिमा विभिन्न भाषाका कोड प्रयोग हुन सक्दछन् । एउटा भाषामा स्थानीय भेद, प्रयुक्तिगत भेद, झर्रा भाषाका भाषिक एकाइहरूको प्रयोग हुन्छ । भाषाअनुसार प्रयोग हुने भाषिक कोडका प्रकारहरूले सङ्कथनमा विविधता ल्याउने गर्दछन् ।

### २.२.४.७. परिवेश

सङ्कथन निर्माणमा परिवेशको गहन भूमिका रहन्छ । परिवेशले सङ्कथनमा प्रस्तुत परिस्थिति वा वातावरणलाई जनाउँछ । देश, काल र पर्यावरणबाट सङ्कथनात्मक स्वरूपमा

प्रभाव पर्दछ । औपचारिक, अनौपचारिक सन्दर्भ, प्राचीन, मध्य कालीन र आधुनिक कालीन समय, सामाजिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक स्थिति, ग्रामीण वा सहरी वातावरण आदिलाई परिवेश भनिन्छ । यस्ता परिवेशगत प्रयोगले सङ्कथनको बाह्य स्वरूपमा विविधता देखाउँछ ।

### २.२.५. सङ्कथन विश्लेषणका पद्धतिहरू

सङ्कथन विश्लेषण कार्य कसरी अगाडि बढाइ निष्कर्ष निकाल्ने भन्ने तथ्यको खोज गर्ने तरिका नै सङ्कथन विश्लेषणको पद्धति हो । यसले विश्लेषण गरिने सङ्कथनमा भाषाको प्रयोग, भाषिक एकाइहरू बिचको सम्बन्ध र भाषिक सबलताका बारेमा वर्णन गर्दै सफल सङ्कथन विश्लेषणसम्बन्धी सूचना प्रदान गराउँदछ । सङ्कथनका विभिन्न संरचक घटकहरू हुन्छन् । यिनै घटकको आधामा सिङ्गो पाठ तयार हुन्छ । यही पाठको बाह्य संरचनाअन्तर्गत उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद र सिङ्गो पाठ संरचनाका बिचमा एउटा निश्चित आन्तरिक सुसङ्गति कायम भएको हुन्छ । यसरी सुसङ्गति कायम पाठभित्र प्रयुक्त शब्द र अर्थ व्यवस्था अथवा सम्बद्धक र सम्बद्धनले गर्दछ । यिनै पाठका घटकहरूको अध्ययन गर्ने पद्धिति विश्लेषणलाई सङ्कथनका विश्लेषण पद्धति भनिन्छ (पौडेल २०७१) । विभिन्न विद्वान्हरूले सङ्कथन विश्लेषण पद्धतिलाई तीन भागमा विभाजन गरेका छन् ।

#### २.२.५.१. ऊर्ध्वगमन पद्धति

सङ्कथनको विश्लेषण पद्धतिमा तलदेखि माथितिर जाने पद्धतिलाई ऊर्ध्व गमन पद्धति भनिन्छ । यसलाई विशिष्टबाट सामान्यतिर जाने पद्धति पद्धति पनि भनिन्छ । यस पद्धतिमा पाठका उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै अन्तमा समग्र पाठको अध्ययन विश्लेषण कार्य गरिन्छ । यस पद्धतिलाई यसरी स्पष्ट पार्न सकिन्छ :

ऊर्ध्वगमन पद्धति/ बटम अप पद्धति

पाठ ↑
परिच्छेद/सर्ग
अनुच्छेद
वाक्य
उपवाक्य

(स्रोत : पौडेल र पोखेल, २०७१ : १६)

### २.२.५.२. अधोगमन पद्धति

सङ्कथन विश्लेषणको क्रममा माथिबाट तलतिर जाने पद्धतिलाई अधो गमन पद्धति भनिन्छ । यस पद्धतिलाई टप डाउन पद्धति पनि भनिन्छ । यो सामान्यबाट विशिष्टतिर जाने पद्धति हो । यसमा पहिले सङ्कथनात्मक पाठको समग्र अध्ययन गरी त्यसपछि त्यसभित्रका साना-साना एकाइहरू परिच्छेद, अनुच्छेद, वाक्य, उपवाक्यको अध्ययन विश्लेषण गरिन्छ । यसलाई यसरी स्पष्ट पार्न सकिन्छ :

अधोगमन पद्धति /टप डाउन पद्धति

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

(स्रोत : पौडेल र पोखेल, २०७१ : १६)

### २.२.५.३. अन्तर्क्रियात्मक पद्धति

ऊर्ध्व गमन पद्धति र अधो गमन पद्धतिभन्दा भिन्न अर्थात् सङ्कथन विश्लेषण गर्ने क्रममा एकै पटक सङ्कथनका विभिन्न तहबाट सूचना प्राप्त गरी अध्ययन गर्ने पद्धति नै अन्तर्क्रियात्मक पद्धति हो । स्टानोभिच (१९८०) ले ऊर्ध्वगमन र अधोगमन पद्धतिबाट मात्रै सङ्कथनको समग्र विश्लेषण सम्भव नहुने ठानी यस पद्धतिको विकास गरेका हुन् । उनका अनुसार सङ्कथनको बोध र विश्लेषण तलबाट माथितिर र माथिबाट तलतिर भने जस्तो सजिलो कुरो होइन बरु यो त एक अन्तर्क्रियात्मक प्रक्रिया हो (पौडेल र पोखेल, २०७१ : १६) । यस पद्धतिमा तल्लो वा माथिल्लो जुनसुकै तहमा भए पनि एक तहमा भएका कमीलाई अर्को तहमा पूरा गर्न सकिन्छ ।

### २.२.६. सङ्कथनका युक्तिहरू

सङ्कथन तयार हुन आवश्यक पर्ने जोडकहरू नै सङकथनका युक्तिहरू हुन् । युक्तिहरूले मानवद्वारा प्रस्तुत अनुभवहरूलाई शृङ्खलित र अन्वितिपूर्ण बनाउँछन् । यसरी मानवीय विचारलाई भाषिक रूपमा प्रस्तुत गर्दा पूर्ववत् सम्बन्धमा जोड्न विभिन्न जुक्ति वा उपाय अपनाइन्छ, जसलाई सङ्कथनका युक्ति भनिन्छ । डी.ब्राउन ग्रान्डे र डेसलरले सङ्कथनका लागि निम्न सात प्रकारका युक्तिहरू आवश्यक हुने कुरा अगाडि सारेका छन् : सम्बद्धक, सम्बद्धन, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थितिमूलकता, पाठात्मक अर्न्तसम्बद्धता/पाठान्तरता (पौडेल, २०६९:२३) । उपर्युक्त युक्तिहरूले सङ्कथनमा आवश्यकताअनुसार भूमिका निर्वाह गरेका हुन्छन् । तीमध्ये सङ्कथनलाई संरचनात्मक र आर्थी रूपमा सुसङ्गतिपूर्ण र कसिलो बनाउन सम्बद्धक र सम्बद्धनको भूमिका अपरिहार्य हुन्छ । सम्बद्धक र सम्बद्धनबिना सङ्कथन निर्माण सम्भव नभएकाले सङ्कथन विश्लेषणमा यिनको पहिचान तथा भूमिकाको विश्लेषण आवश्यक मानिन्छ । प्रस्तुत शोधकार्य सम्बद्धकमा मात्र आधारित भएको हुनाले यहाँ सङ्कथनका युक्तिहरूमध्ये सम्बद्धकको बारेमा विश्लेषण गरिएको छ ।

#### २.२.६.१. सम्बद्धक (कोहेजन)

सम्बद्धकले सङ्कथनमा रहेका शब्द, पदावली, उपवाक्य, वाक्य लगायतका भाषिक एकाइहरूलाई सम्बद्ध बनाउने कार्य गर्दछ । सङ्कथनका घटकहरूलाई जोडेर कथनलाई पूर्णता प्रदान गर्न सम्बद्धकलाई प्रभावकारी रूपमा प्रयोग गरिएको हुन्छ । सम्बद्धकले भाषिक घटकलाई जोड्ने वा सम्बद्ध गर्ने काम गरे पनि आवश्यकअनुसार कथनलाई फैल्याउने र छोट्याउने कार्यसमेत गर्दछ । अधिकारी (२०६७ :२५४) का अनुसार “सङ्कथन विश्लेषणमा सम्बद्धकहरूले पाठभित्रका भाषिक एकाइहरूलाई निश्चित सम्बन्ध सूत्रमा आवद्ध गर्न सहयोग पुऱ्याउँछन् ।” अतः सङ्कथनमा प्रयुक्त भाषिक एकाइलाई सम्बद्धकले शृङ्खलाबद्ध वा सम्बद्ध गराउँछ भन्ने कुरा प्रस्ट पारिएको छ ।

भाषावैज्ञानिक ह्यालिडे र हड्सन (ई.१९७६) ले सम्बद्धकलाई प्रसङ्ग, स्थापन्नता लोप, संयोजक र कोशीय संसजन गरी पाँच प्रकारमा विभाजन गरिएको पाइए पनि यस सन्दर्भमा सम्बद्धकलाई व्याकरणिक र कोशीय दुई प्रकारमा विभाजन गरी यसका पनि विभिन्न उपभेदहरूको विश्लेषण गरिएको छ ।

(क) **व्याकरणिक सम्बद्धक**

व्याकरणिक सम्बद्धक भाषिक संरचनात्मक व्यवस्थामा आबद्ध हुन्छ । व्याकरणिक सम्बद्धकले वाक्यको संरचना निर्माण गर्दछ । व्याकरण कोटिका आधारमा भाषिक एकाइलाई सङ्कथनिक बनाउने युक्ति नै व्याकरणिक सम्बद्धक हो । व्याकरणिक सम्बद्धकलाई भाषावैज्ञानिक ह्यालिडे र हसन (सन.१९७६) ले सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन गरी चार प्रकारमा विभाजन गरेका छन् (भुसाल, २०७५:२१९) । यी व्याकरणिक सम्बद्धकहरूको विश्लेषण यसरी गरिएको छ :

(अ) **सन्दर्भन**

सङ्कथनमा प्रस्तुत घटना, विषय, स्थान अथवा सहभागीलाई जनाउने कार्यलाई सन्दर्भन भनिन्छ । पद, पदावली उपवाक्य र वाक्यको पुनरावृत्तिलाई रोकेर सङ्कथनिक सन्दर्भन जनाउने भाषिक तत्त्व नै सन्दर्भक हो । ह्यालिडे र हसन (सन. १९७६) का अनुसार सन्दर्भनअन्तर्गत व्यक्तिवाचक सन्दर्भन, दर्शक सन्दर्भन र तुलनात्मक सन्दर्भन गरी तीनवटा प्रारूप छन् । यिनीहरूको विश्लेषण यसरी प्रस्तुत गरिएको छ :

) **व्यक्तिवाचक सन्दर्भन**

सङ्कथनमा वक्ता, श्रोता, र विषयको सन्दर्भ जनाउन प्रयोग हने सन्दर्भकलाई व्यक्तिवाचक सन्दर्भन भनिन्छ । यस व्यक्तिवाचक सन्दर्भनमा प्रथम, द्वितीय र तृतीय पुरुषवाची सर्वनामको प्रयोग गरिन्छ । साथै यसरी प्रयोग हुने प्रथम र द्वितीय पुरुषवाचक एकाइ वक्ता वा लेखक र श्रोता वा पाठकसँग सम्बन्धित हुन्छन् । व्यक्तिवाचक सन्दर्भनमा प्रथम, द्वितीय र तृतीय पुरुषवाची सर्वनामकोसाथै सम्बन्धवाचकका रूपमा षष्ठी विभक्तियुक्त विशेषण शब्दहरूको पनि प्रयोग गरिन्छ ।

व्यक्तिवाचक सन्दर्भनको प्रयोग त्यसको भूमिकागत अर्थका आधारमा हुन्छ । यसै सन्दर्भमा ह्यालिडे र हसन (सन् १९९२) ले “व्याक्तिवाचक सन्दर्भकले अभिव्यक्ति भूमिकाका आधारमा सम्बोधक (एकल : म, बहु : हामी) र सम्बोधित (तिमी) तथा अन्य भूमिकाका आधारमा विशिष्ट (एकवचनात्मक, बहुवचनात्मक, मानवीय, मानवेत्तर : ऊ, उनीहरू, यो, त्यो) र सामान्यीकृत मानव (एक, एउटा) लाई सङ्केत गर्दछ” (भुसाल, २०७५ :२२१) । अतः ह्यालिडे र हसनले व्यक्तिवाचक सन्दर्भलाई अभिव्यक्ति भूमिकाका आधारमा सम्बोधकअन्तर्गत म र हामी र सम्बोधितअन्तर्गत तिमी, अन्य भूमिकाका आधारमा

विशिष्टअन्तर्गत ऊ, उनीहरू, यो र त्यो र सामान्यीकृत मानवअन्तर्गत एक र एउटा पर्दछन् भनेकाछन् । प्रथम र द्वितीय पुरुषवाची सन्दर्भन श्रोताको अभिव्यक्तिको भूमिकाका आधारमा परिभाषित हुन्छन् भने तृतीय पुरुषवाची सन्दर्भक सम्बद्धकका रूपमा प्रयुक्त हुन्छन् । यीनले पाठमा अघि पछि आउने पूर्व र पश्च सन्दर्भलाई जनाउछ । जस्तै : भाइ पढ्न गयो । ऊ दिउसो फर्कन्छ । यहाँ रेखाङ्कीत गरिएको 'ऊ' व्यक्तिवाचक सन्दर्भन हो ।

## ) दर्शक सन्दर्भक

सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु तथा विषयको स्थान जनाउने सन्दर्भकलाई दर्शक सन्दर्भन भनिन्छ । दर्शक सन्दर्भकहरूमा, यो, त्यो, यी, ती, यहाँ, त्यहाँ आदि पर्दछन् । "दर्शक सन्दर्भकलाई स्थानका आशयबाट निर्मित हुने र सन्निकटताका तहबाट सृजित हुने सन्दर्भकका रूपमा चर्चा गर्न सकिन्छ " (भुसाल, २०७६ : २२२) । यस सन्दर्भमा निकटवर्ती र दूरवर्ती, एकवचनात्मक, बहुवचनात्मक, स्थानिक वा कालिक सन्दर्भहरू पर्दछन् । यो यीले नजिकको चिज वा वस्तुलाई तथा त्यो, तीले टाढाको वस्तुलाई जनाउँछन् भनेर साल्केले भनेका छन् । ह्यालिडे र हसनका अनुसार (यो, त्यो) एकवचनात्मक, (यी, ती) बहुवचनात्मक, (यहाँ, त्यहाँ), स्थानिक, (अहिले, पछि) कालिक स्वरुपमा प्रस्तुत गरेका छन् ( भुसाल २०७५) । यी भनाइहरूबाट दर्शक सन्दर्भनमा निकटवर्ती, दूरवर्ती एकवचनात्मक, बहुवचनात्मक, कालिक, स्थानिक आदि सन्दर्भअनुसार विभिन्न दर्शक सन्दर्भन प्रयोगमा आउँछन् भन्ने सूचना प्राप्त हुन्छ ।

## ) तुलनावाचक सन्दर्भक

सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु, स्थान, समय अथवा विषयको तुलना दर्साउने सन्दर्भन तुलनात्मक सन्दर्भक हो । यसले दुईभन्दा बढी वस्तुका गुण वा विशेषतालाई दाँज्ने कार्य गर्दछ । ह्यालिडे र हसनका अनुसार तुलनात्मक सन्दर्भन सामान्य र विशिष्ट गरी दुई प्रकारका हुने सामान्य प्रारूपमा, पहिचानात्मक (समान, बराबर आदि ), समानार्थक (उस्तै, त्यस्तै आदि) र विपरीतार्थक (भिन्न, अरू भिन्न आदि) तुलना पर्दछन् भने विशिष्ट प्रारूपमा परिमाणात्मक (धेरै, थोरै, बराबरी) र गुणात्मक (राम्रो बराबर राम्रो आदि) तुलना गर्दछन् ( भुसाल, २०७५ : २२३) । तुलनात्मक सन्दर्भक मूलतः पूर्व सन्दर्भनका लागि र अंशतः पश्च सन्दर्भन र बहिःसन्दर्भनका लागि प्रयोग गरिन्छ । तुलनात्मक सन्दर्भकलाई अन्तः सन्दर्भक र बहिः सन्दर्भक गरी विभाजन गरिएको पाइन्छ ।

(आ) **प्रतिस्थापन**

सङ्कथनमा एक पटक प्रयोग भइसकेको शब्द, पद, पदावली, उपवाक्य र वाक्यका सट्टामा अर्को शब्द, पद, पदावली उपवाक्य र वाक्यको प्रयोग गरिन्छ । सामान्यतया पहिले प्रयोग भएको भाषिक एकाइलाई अर्को भाषिक एकाइले विस्तापित गर्नु प्रतिस्थापन हो । यसरी पहिले प्रयोग भएका भाषिक एकाइलाई प्रतिस्थापन गरी प्रस्थिापक (अर्को भाषिक एकाइ) ले सङ्कथनमा सम्बद्धता कायम गर्नु प्रतिस्थापनको कार्य हो । यस्तो प्रतिस्थापनद्वारा सङ्कथनमा आलङ्कारिकता, विविधता र विशिष्टता निर्माण भएर सङ्कथनमा मिठास थपिन्छ । प्रतिस्थापन सम्बद्धकभित्र नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनहरू पर्दछन् । यी प्रतिस्थापनहरूको विश्लेषण यसरी गरिएको छ :

) **नामिक प्रतिस्थापन**

नाम पद वा पदावलीको सट्टामा प्रयोग हुने सन्दर्भकलाई नामिक प्रतिस्थापक भनिन्छ । यसरी आउने प्रतिस्थापकले पहिलाको नामिक पदले जस्तै कार्य गर्दछ । जस्तो कि कृष्ण व्यापारी हो । ऊ फलफुल बेच्छ । प्रस्तुत उदाहरणमा 'कृष्ण' नाम पदको प्रतिस्थापन भएर रेखाङ्कित् 'ऊ' आएको छ । प्रस्तुत उदाहरणमा प्रतिस्थापित नाम कृष्ण रहेको छ भने प्रतिस्थापक शब्द ऊ रहेको छ । तसर्थ कृष्ण र ऊ मा प्रतिस्थापन सम्बन्ध रहेको छ ।

) **क्रियात्मक प्रतिस्थापन**

सङ्कथनमा प्रयोग भएको क्रियापदको सट्टामा अर्को क्रियापद प्रयोग हुनु क्रियात्मक प्रतिस्थापन हो । यसमा पहिले प्रयोग भएको क्रियापदलाई अर्को क्रियापदले स्थानापन्न गर्दछ । यसरी पूर्व प्रयुक्त क्रियापद र प्रतिस्थापित क्रियापदले समान आशय व्यक्त गर्नु पर्दछ; जस्तै :

मिरा भिडियो बनाउँछे ।

रेखा त झन् दिनकै गराउँछे ।

प्रस्तुत उदाहरणमा 'बनाउँछे' क्रियापदलाई 'गराउँछे' क्रियापदले प्रतिस्थापन गरेको छ ।

) **उपवाक्यात्मक प्रतिस्थापन**

सङ्कथनमा प्रयुक्त वाक्यांशको सट्टामा अर्को भाषिक एकाइको प्रयोग हुनु उपवाक्यात्मक प्रतिस्थापक हो । यसमा प्रतिस्थापक उपवाक्य र प्रतिस्थापित सन्दर्भक वा एकाइले समान अर्थ प्रदान गर्नु पर्दछ । यस्ता प्रतिस्थापन सम्बद्धकले सङ्कथनको भाषिक एकाइको प्रयोगमा पुनरावृत्तिलाई हटाई अभिव्यक्तिमा मिठासपन ल्याउँछ । यसका उदाहरण :

(क ) के आज नतिजा प्रकाशन हुँदैन त ?

- हुँदैन होला ।

(ख) मेवा पाकेको हो ?

- त्यस्तै देखिन्छ ।

प्रस्तुत उदाहरण 'क' मा 'हुँदैन' भन्ने भाषिक एकाइले 'आज नतिजा प्रकाशन' भन्ने उपवाक्यलाई प्रतिस्थापन गरेका छ । त्यसै गरी उदाहरण 'ख' मा 'त्यस्तै' भन्ने भाषिक एकाइले 'मेवा पाकेको' भन्ने उपवाक्यलाई प्रतिस्थापन गरेको छ ।

**(इ) लोप**

सङ्कथनमा प्रयोग हुने भाषिक एकाइ नभएको तर त्यसले अर्थ बुझाउँछ भने त्यसलाई लोप भनिन्छ । पाठमा पद, पदावली तथा उपवाक्य नआइ शून्य रूप दर्साउनु नै लोप हो । यसलाई कथनको पूर्व प्रसङ्गको आधारमा पहिचान गर्नुपर्ने हुन्छ । यस लोप सम्बद्धकको पनि नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीनप्रकार छन् ।

) **नामिक लोप**

सङ्कथनमा प्रयोग हुनुपर्ने कुनै नाम पद वा पदावली नआई यस स्थान शून्य रहनुलाई नामिक विलोपन वा लोप भनिन्छ । यसमा नाम पद वा पदावली आउनेभन्दा पछाडि नामको विशेषक शीर्ष भएर आउनाले नाम पदको लोप हुन्छ; जस्तै :

राजुले रातो जुत्ता किन्यो ।

राकेशले सेतो ( ०) किन्यो ।

प्रस्तुत उदाहरणमा पहिलो वाक्यसँग सन्दर्भित गरेर हेर्दा नाम पद जुत्ताको लोप भएको छ ।

) **क्रियात्मक लोप**

सङ्कथनमा प्रयुक्त कुनै क्रियापदको लोप हुनु क्रियात्मक लोप हो । यसमा पुर्व कथन वा घटनाका आधारमा लुप्त क्रियाको पहिचान गर्नुपर्दछ । क्रियात्मक विलोपन भएको वाक्यमा वाक्यीय संरचनागत व्यवस्था रहँदैन तापनि उक्त वाक्य वा संरचनाबाट आशय बोध गर्न सकिन्छ । भुसाल (२०७५) का अनुसार सङ्कथन वा पाठमा सकारात्मक-नकरात्मक, कतृ, कर्म, भाव, वाच्ययात्मक भूत अभूत आदि क्रियाको प्रयोग हुन्छ । यसबाट के बुझिन्छ भने वाक्यमा प्रयोग हुने क्रियामा उक्त पक्षहरू आवश्यक हुन्छन् । क्रियात्मक लोपको उदाहरण :

- तिमी दही खान्छौ कि दुद्य ?
- म दही ( ० )

प्रस्तुत उदाहरणमा 'खान्छु' क्रियाको लोप भएको छ । यसरी क्रियापद लोप हुँदा पनि 'म दही खान्छु' भन्ने अर्थ बोध भएको छ ।

) **उपवाक्यात्मक लोप**

कुनै पाठ वा अभिव्यक्तिमा वाक्यखण्डको लोप हुनु उपवाक्यात्मक लोप हो । सङ्कथनमा प्रयोग भएको वाक्यको उद्देश्य खण्डमा भएका उपवाक्य, उद्देश्य/साधन तत्त्व र विधेय/साध्य तत्त्व लोप हुनुलाई उपवाक्यात्मक लोप भनिन्छ । यसरी लोप भएका उपवाक्यलाई विषयवस्तुको पूर्व प्रसङ्गअनुसार पहिचान गरिन्छ (भुसाल २०७५) । अतः वाक्यमा भएको उद्देश्य र विधेय खण्डमा एक खण्ड लोप हुनुले उपवाक्यात्मक लोपलाई जनाउँछ । उपवाक्यात्मक लोपको उदाहरण :

(क) बिहानै ढोका कसले खोल्यो ?

- श्यामले (०) ।

(ख) तिमीले खाना खायौ त ?

- अँ (०) ।

प्रस्तुत उदाहरण 'क' मा 'बिहानै ढोका खोल्यो' उपवाक्यको लोप भएको छ भने 'ख' मा 'मैले खाना खाएँ' उपवाक्यको लोप भएको छ । यी दुबै वाक्यमा उपवाक्यको लोप हुँदा पनि उक्त श्यामले र अँ ले पुरै आशय बोध गराएका छन् ।

### (ई) संयोजन

सङ्कथनमा प्रयुक्त भाषिक एकाइहरूलाई परस्परमा जोड्न प्रयोग हुने युक्तिलाई संयोजन भनिन्छ । संयोजनले वाक्य वाक्यबिचको सार्थक समन्वय स्थापित गर्दछ । संयोजनले पाठमा भएको शब्द, उपवाक्य र वाक्यलाई एक अर्कामा सम्बन्धित तुलाउने जोड्ने कार्य गर्दछ । संयोजकको कुनै स्वतन्त्र अर्थ हुदैन तर यसले सङ्कथनात्मक घटक र शृङ्खलालाई अर्थपूर्ण सन्दर्भमा जोड्ने विशिष्ट भूमिका निर्वाह गरेको हुन्छ । संयोजक सापेक्ष र निरपेक्ष गरी दुई प्रकारका हुन्छन् । सापेक्ष संयोजनमा - र, अथवा, वा, किन्तु, परन्तु, तापनि, या त आदि पर्दछन् भने निरपेक्ष संयोजनमा -जो, जे, जुन, जसरी, भनि, भनेर, भन्ने, कि, किनभने, जस्तो, जति, जब आदि पर्दछन् । सापेक्ष संयोजकलाई समपादिक र निरपेक्ष संयोजनलाई विषमपादिक नामले पनि पहिचान गर्न सकिन्छ ।

### ) योगात्मक संयोजन

सङ्कथनमा प्रयुक्त विषय, घटना तथा विचारमा अतिरिक्त सूचना थप्नको लागि योगात्मक संयोजनको प्रयोग गरिन्छ । पाठमा व्यक्त विषयलाई व्याख्या गर्ने, थप खुलाउने, विकल्प दर्साउने, समान असमान सन्दर्भ जनाउने, निरन्तरता प्रदान गर्ने जस्ता कार्य योगात्मक संयोजकले गर्दछ । योगात्मक संयोजनअन्तर्गत, र पनि, र पनि, अर्थात, अरु, फेरि, यसमा, अर्को शब्दमा, अथवा, वा, यस अतिरिक्त आदि पर्दछन् ।

### ) विपरीतार्थक संयोजन

सङ्कथनमा प्रस्तुत विचार अथवा अभिव्यक्तिको विपरीत अर्थ बुझाउन प्रयोग गरिने संयोजनलाई विपरीतार्थक संयोजक भनिन्छ । यसले दुई वाक्य वा उपवाक्यहरूबिच विरोध अवस्था सृजना गरी विषयलाई सम्बद्ध गराउँछ; जस्तै : तापनि, तर, भए पनि, केवल, किन्तु, परन्तु अर्कोतर्फ, बरु, जे भए पनि आदि पर्दछन् ।

## ) कारणात्मक संयोजन

सङ्कथनमा प्रस्तुत भाषिक एकाइलाई कारण, हेतु जस्ता कार्यकारण सम्बन्धबाट जोड्ने संयोजन नै कारणात्मक संयोजन हो । यसले कारण र परिमाणबिचको सम्बन्ध प्रस्तुत गर्दछ । किनभने, त्यसैले, यसर्थ, अत, फलत, तसर्थ, त्यसकारण, हुनाले, भएकोले, यसरी आदि कारणात्मक संयोजनको उदाहरणहरू हुन् ।

## ) कालिक संयोजन

पाठमा प्रस्तुत घटना तथा विचारलाई समयगत सम्बन्धबाट सम्बद्ध तुल्याने संयोजनलाई कालिक संयोजन भनिन्छ । यसमा काल र समयबोधक संयोजनहरू पर्दछन् । हालै, तत्कालिन, त्यस समयमा, आजभोली आदि संयोजकहरू पर्दछन् ।

## (ख) कोशीय सम्बद्धक

सङ्कथनमा प्रयुक्त शाब्दिक एकाइद्वारा सृजित युक्ति नै कोशीय सम्बद्धक हो यस प्रकारको भाषिक एकाइको व्याकरणसँग सम्बन्ध हुँदैन अथवा कोशीय सम्बन्ध अव्याकरणिक हुन्छ । कोशीय सम्बद्धकले पनि सङ्कथनमा अन्तर्वाक्यीय सम्बन्ध कायम गर्दछ । कोशीय सम्बद्धकले सङ्ककथनमा समान/निकटस्थ आर्थी सम्बन्धमा प्रयोग भएर सम्बद्धकीय भूमिका वहन गर्दछ । कोशीय सम्बद्धकले संङ्कथनलाई सम्बद्ध मात्र नतुल्याई विषयवस्तु र विषयतग क्षेत्रको अर्थ सर्न्दभलाई पनि प्रस्ट पार्ने कार्य गर्दछ । भाषवैज्ञानिक ह्यालिडे र हसन (सन् १९९२) ले कोशीय सम्बद्धकलाई पुनरुक्ति/पुनर्कथन र सहचार्यात्मक/सन्निधान गरी दुई प्रकारमा प्रस्तुत गरेका छन् (भुसाल २०७५) । यहाँ कोशीय सम्बद्धकका पुनरुक्ति र सन्निधानको चर्चा गरिएको छ :

## (अ) पुनरुक्ति

सङ्कथनमा प्रयोग भएको कोशीय एकाइको पुनर्कथन नै पुनरुक्ति हो । पाठमा आएका भाषिक एकाइलाई जस्ताको तस्तै आवृत्ति गरेर, समानार्थी तथा विपरीतार्थी शब्दमार्फत प्रस्तुत गरेर, समावेशी-समावेश्य र अङ्गी-अङ्ग सम्बद्ध तुल्याउने कार्य पुनरुक्तिमा हुन्छ । पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता पाँच प्रकार पुनरुक्तिका भेदहरू हुन् ।

) **पुनरावृत्ति**

सङ्कथनमा प्रयुक्त कोशयि एकाइहरूको आवृत्ति हुनुलाई पुनरावृति भन्निछ । यसमा समान कोशीय एकाइ एकपटक वा पटकपटक प्रयोग हुने अवस्थालाई जनाउँछ । यसरी पुनरावृत्ति कहिलेकाहीँ आंशिक रूपमा पनि हुन्छ; जस्तै : जीवजन्तु = जन्तु, टेलिफोन = फोन आदि । भाषिक एकाइको पुनरावृत्ति पूर्व सन्दर्भको रूपमा हुन्छ । पुनरावृत्तिमा कोशीय एकाइको मात्र आवृत्ति हेर्ने गरिन्छ । यसका उदाहरण :

जैविक खेती आजको आवश्यक हो ।

जैविक खेतिले पर्यावरणीय सन्तुलन राख्दछ ।

प्रस्तुत उदाहरणमा जैविक खेती भाषिक एकाइको पुनरावृत्ति भएको छ ।

) **पर्यायवाची**

सङ्कथनमा प्रयोग भएको कोशीय एकाइ बिचको समानार्थी सम्बन्धलाई पर्यायवाची भनिन्छ । सङ्कथनमा कुनै विचार व्यक्त गर्दा एउटै अर्थ वा भावका लागि विभिन्न कोशीय एकाइको प्रयोग गर्नु पर्यायवाची हो । यस्तो भाषिक एकाइले सङ्कथनमा अधिक मात्रमा हुने पुनरावृत्तिलाई नियन्त्रण गर्दै शब्दभण्डारबाट आवश्यकअनुसार शब्द छनोट गरी विषयवस्तुलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ; जस्तै :

आमा- जननी, पिता- बुबा, आदि ।

) **विपरीतार्थी**

सङ्कथनमा प्रयोग भएको भाषिक एकाइको उल्टो अथवा विपरीत अर्थ दिने एकाइलाई विपरीतार्थी भनिन्छ । यसले भाषिक एकाइका बिच विरोधी सम्बन्ध कायम गर्दछ । यस्ता सम्बद्धकहरू पाठमा अमिल्दो वा उल्टो रूपमा प्रयोग भएर पनि विषयवस्तुलाई सम्बद्ध बनाउन सहयोग गर्दछन् । विपरीतार्थीका उदाहरणह :

आमा-बाबा, रासायनिक-जैविक, गाउँ-सहर, धनी-गरिब आदि ।

) **समावेशी -समावेश्य**

सङ्कथनमा प्रयुक्त समावेशक र समावेशित एकाइहरूबिचको सम्बन्धलाई समावेशी-समावेश्य भनिन्छ । अन्य शब्दको अर्थ आफूभित्र समेट्न सक्ने शब्दलाई

समावेशक भनिन्छ भने जुन शब्द अर्को शब्दमा समाहित हुन्छ त्यसलाई समावेशित भनिन्छ । यसलाई सामान्य -विशिष्ट र उच्च-निम्न सम्बन्धका रूपमा पनि व्याख्या गर्न सकिन्छ । केही समावेशी-समावेश्य एकाइहरू यस प्रकारका छन् :

जडीबुटी - सरिफा, निम, बेसार, तुलसी, धतुरो आदि

जनावर - गाई, भैसी, कुकुर, स्याल, हात्ती आदि

प्रस्तुत उदाहरणमा जडीबुटी शब्द समावेशी हो र सरिफा, निम, धतुरो , बेसारहरू समावेश्य शब्द हुन् त्यस्तै जनावर शब्द समावेशी हो र गाई, भैंसी, स्याल, कुकुर हात्तीहरू समावेश्य हुन् ।

**) अङ्गी -अङ्ग**

प्रस्तुत पूर्णवाची र अंशवाची शब्दका बीचको सम्बन्धलाई अङ्गी-अङ्ग भनिन्छ । पाठमा सन्दर्भ वा प्रसङ्गअनुसार अङ्गी-अङ्ग शब्दको सम्बन्ध रहन्छ । विशेषतः अङ्गीमा मूल वर्ग पर्दछ भने अङ्ग मूल वर्गको भागको रूपमा रहन्छ । अङ्गी-अङ्गका उदाहरण : रूख - पात हाँगा, पालुवा, फूल, फल, जरा आदि हुन् ।

**(आ) सन्निधान**

भाषिक एकाइहरूबिच रहेको सहचार्यात्मक सम्बन्ध सन्निधान हो । भाषामा एक थरी शब्दले राख्ने निकटताको सम्बन्ध सन्निधान हो । भाषिक अभिव्यक्तिमा शब्द वा वाक्यकाबिच शृङ्खला मिलाउन विचार र भावनाहरूलाई प्रभावकारी बनाउन सन्निधान सम्बन्धको भूमिका महत्त्वपूर्ण हुन्छ । सङ्कथनमा साथसाथै प्रयोगमा आउने शब्दहरूकाबिच सनिकटता दर्साउने कार्य सन्निधान सम्बद्धकमा हुन्छ । सन्निधान एकाइहरू विषय क्षेत्र र परिवेश सम्बद्ध हुन्छन् ा सन्निधान सम्बद्धकका उदाहण

ईश्वर -पुजा, खेती - मल, विधा - निबन्ध आदि

### २.२.७. कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धको परिचय

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक वि.सं. २०७३ मा प्रथम संस्करण भएको हो । उक्त भाषा पाठ्पुस्तकमा 'म को हुँ ?' र 'जैविक खेती' गरी दुईवटा निबन्धहरू समाविष्ट निबन्धअन्तर्गत छन् । 'म को हुँ ?' निबन्ध सुधा त्रिपाठीद्वारा लिखित एक आत्मपरक निबन्ध हो । यो निबन्ध वि.सं. २०५३ मा प्रकाशित निबन्धकारकै 'जीवन सूत्र र स्वप्नाभास' नामक

निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत छ । साहित्य विधाको सबै विधामा कृति रचना गर्ने त्रिपाठीले निबन्ध र समालोचनामा विशेष महत्त्वका साथ आफ्नो साहित्यिक यात्रा अगाडि बढाएको पाइन्छ । सरल, सहज भाषा र आत्मपरक शैलीमा लेखिएको यस निबन्धमा ज्ञान र शिक्षा मागेर नपाइने र यसलाई अरूबाट सुटुक्क चोरेर लिनुपर्ने अथवा ज्ञानी, विद्वान् र महान् व्यक्तित्त्व बन्न आफै चतुर चोर बन्नुपर्ने सन्देश प्रस्तुत गरिएको छ । 'जैविक खेती' निबन्ध सुधा त्रिपाठी, धनप्रसाद सुवेदी, ध्रुवप्रसाद ढेङ्गाना र द्रोण दाहालहरूद्वारा लिखित एक वस्तुपरक निबन्ध हो । यसमा जैविक खेती र रासायनिक खेतीको फाइदा वेफाइदा र खेती पेशाको बारेमा प्रशस्त ज्ञान प्रदान गरिएको छ । उक्त दुई निबन्धमा प्रयुक्त सम्बद्धकको विश्लेषण प्रस्तुत अध्ययनमा गरिएको छ ।

### २.२.८. निष्कर्ष

प्रायोगिक भाषाविज्ञानका नवीनतम शाखा सङ्कथन विश्लेषणको अवधारणा सन् १९५० मा आरम्भ भई सन् १९६० देखि तीब्र गतिमा अगाडि बढेको पाइन्छ । यसरी सङ्कथन विश्लेषणका उपर्युक्त पक्षहरूमध्ये प्रस्तुत शोधकार्य 'कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण' रहेको र यसभित्र पनि उक्त पुस्तकमा समाविष्ट दुई निबन्धको सङ्कथनका युक्तिहरूमध्ये सम्बद्धकका आधारमा मात्र विश्लेषण गरिएको हुनाले यस अध्ययनमा सम्बद्धकको विश्लेषणलाई प्राथमिकता दिइएको छ । सङ्कथन विश्लेषणको परिचय, प्रकार, तत्त्व, पद्धति र युक्तिहरूको विश्लेषण यस सैद्धान्तिक ढाँचामा गरिको छ । यस अध्ययन सम्बद्धक विश्लेषणमा केन्द्रित भएकाले सम्बद्धकका युक्तिमा व्याकरणिक र कोशीय सम्बद्धकको विश्लेषण गरिएको छ । व्याकरणिक सम्बद्धकभित्र पनि सन्दर्भन, पतिस्थापन, लोप र संयोजन र यी पक्षहरूको पनि उपभेदहरूको उदाहरणसहित विश्लेषण गरिएको छ । कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधान र पुनरुक्तिको पनि सबै भेदहरूको उदाहरणसहित विश्लेषण गरिएको छ । सम्बद्धनका प्रकारको विश्लेषण यसमा गरिएको छैन ।

## अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१. पृष्ठभूमि

प्रस्तुत शोधकार्य पुस्तकालयीय कार्यबाट सामाग्री सङ्कलन गरी अध्ययनकार्य सुसम्पन्न गरिएको छ । विशेष गरी अनुसन्धान गुणात्मक, परिमाणात्मक र मिश्रित गरी तीन ढाँचामा गरिन्छ । यस ढाँचामध्ये प्रस्तुत शोधकार्यमा गुणत्मक अनुसन्धानीय ढाँचाको प्रयोग गरिको छ । परिमाणात्मक अनुसन्धानभन्दा गहन अध्ययन र सूक्ष्म व्याख्याको आवश्यक पर्ने यस अध्ययनकार्यमा प्रारम्भदेखि अन्त्यसम्म अपनाइएका विधि र प्रक्रियाहरूलाई विभिन्न शीर्षक उपशीर्षकमा यसरी प्रस्तुत गरिएको छ :

## ३.२. जनसङ्ख्या र नमुना छनोट

गुणात्मक अनुसन्धानमा नमुनाको आकारलाई भन्दा तथ्याङ्कको आधिकारिकतालाई बढी प्राथामिकता दिएको पाइन्छ । गुणात्मक नमुना छनोटकै क्रममा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धलाई नमुनाको रूपमा लिएको छ । प्रस्तुत शोधकार्य वि.सं. २०७३ मा प्रकाशन भएको कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधा र विषयका १६ वटा पाठहरू जनसङ्ख्याका रूपमा रहेका छन् । उक्त पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाअन्तर्गत समाविष्ट 'म को हुँ ?' र 'जैविक खेती' निबन्धलाई प्रस्तुत अध्ययनमा नमुनाको रूपमा छनोट गरिएको छ । विशेषतः प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका निबन्धहरूको विषयगत प्रकार र निबन्धकारलाई यसप्रकार प्रस्तुत गरिएको छ :

| समाविष्ट निबन्धहरू | निबन्धकार | निबन्धको विषयगत प्रकार |
|---|---|---|
| म को हुँ ? | सुधा त्रिपाठी | आत्मपरक निबन्ध |
| जैविक खेती | सुधा त्रिपाठी<br>धनप्रसाद सुवेदी<br>ध्रुवप्रसाद ढुङ्गाना | वस्तुपरक निबन्ध |

## ३ ३. सामग्री सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यलाई आधार बनाई आवश्यक सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका रूपमा प्राथामिक र द्वितीयक सामग्रीको उपयोग गरिएको छ ।

### ३.३.१. प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको प्राथामिक स्रोतका रूपमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाअन्तर्गत पर्ने सुधा त्रिपाठीद्वारा लिखित निबन्ध 'म को हुँ ?' र सुधा त्रिपाठी, धनप्रसाद सुवेदी, ध्रुवप्रसाद ढुङ्गाना र द्रोण दाहालबाट लिखित निबन्ध 'जैविक खेती' रहेका छन् । उक्त दुई निबन्धको सबै अनुच्छेद र वाक्यहरूलाई प्राथामिक स्रोतको रूपमा लिई यो शोधकार्य सम्पन्न गरिएको छ ।

### ३.१.२. द्वितीयक स्रोत

प्रस्तुत शोधकार्य सम्पन्न गर्नको लागि सङ्कथन विश्लेषणका सम्बन्धमा प्रकाशित लेख पुस्तक तथा अप्रकाशित शोधपत्र, शोधप्रबन्ध, शोध निर्देशकको निर्देशन र विषय विशेषज्ञ तथा प्रध्यापकहरूको सल्लाहा र सुझावलाई द्वितीयक स्रोतको रूपमा उपयोग गरिएको छ ।


## ३.४. तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत शोधकार्य गुणात्मक अनुसन्धान भएकाले यसको अध्ययन प्रक्रिया विशेषतः व्याख्यात्मक र विश्लेषणात्मकतामा केन्द्रित छ । यस अध्ययनमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका दुईवटा निबन्धहरूको सङ्कथनिक सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययन सङ्कथन विश्लेषणका तीन पद्धति उर्ध्वगमन, अधोगमन र पारस्परिक पद्धतिमध्ये पारस्परिक पद्धतिमा केन्द्रित रहेर निबन्धको विश्लेषण गरिएको छ । यसै क्रममा उक्त भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको व्याकरणिक र कोशीय सम्बद्धकका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसै गरी व्याकरणिक सम्बद्धकको अध्ययन - विश्लेषणका क्रममा सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन सम्बद्धकको सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । यसभित्र पनि सन्दर्भन सम्बद्धकअन्तर्गत व्यक्तिवाचक सन्दर्भन, दर्शक सन्दर्भन र तुलनात्मक सन्दर्भन,

प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक उपवाक्यात्मक प्रतिस्थापन, विलोपन सम्बद्धकअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक, साथै संयोजन सम्बद्धकअन्तर्गत योगात्मक, विपरीतार्थी कारणात्मक र कालिक संयोजनको प्रयोगपरक स्थितिको व्याख्या गरिएको छ । कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधानको पनि प्रयोगपरक स्थितिको व्याख्या विश्लेषण गरिएको छ । पुनरुक्ति सम्बद्धकअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थक, समावेशी–समावेश्य र अङ्गी-अङ्गकम आधारमा विश्लेषण गरिएको छ । निबन्धमा प्रयुक्त सम्बद्धकहरूको प्रतिशतात्मक तालिकामा प्रस्तुत गरी तुलनात्मक अध्ययन गरिएको छ । प्रस्तुत शोधकार्यमा सैद्धान्तिक पक्षको अध्ययन विश्लेषण ढाँचा प्रस्तुत गर्ने क्रममा मूलतः निगमनात्मक विधि अपनाइएको छ भने सम्बद्धकहरू प्रस्तुत गरी तिनको भूमिका निरूपण गर्ने क्रममा अंशतः आगमनात्मक विधि पनि अपनाइएको छ । प्रस्तुत अनुसन्धानकार्यमा उल्लिखित ढाँचाबाट प्राप्त तथ्यका आधारमा अध्ययनको निष्कर्ष निकालिएको छ । यो शोधकार्यलाई व्यवस्थित रूपमा कसरी सम्पन्न गरिएको छ भन्ने तथ्यलाई धारणात्मक रूपरेखाबाट स्पष्ट पारिएको छ ।

## धारणात्मक रूपरेखा

प्रस्तुत शोधकार्य वस्तुगत र व्यवस्थित रूपमा सम्पन्न गर्नको लागि अनुप्रयुक्त धारणात्मक रूपरेखालाई यसरी प्रस्तुत गरिएको छ :




उल्लिखित धारणात्मक रूपरेखामा आधारित भई यो शोधकार्य सम्पन्न गरिएको छ ।

# अध्याय चार

# कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका व्याकरणिक सम्बद्धक

## ४.१. पृष्ठभूमि

प्रस्तुत अध्याय चारमा 'म को हुँ ?' र 'जैविक खेती' निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकअन्तर्गत पर्ने सन्दर्भन, प्रतिस्थापन, लोप/विलोपन र संयोजन जस्ता चार भेदहरूका पनि विभिन्न उपभेदका आधारमा विश्लेषण गरिएको छ । यस अध्यायमा उक्त दुई निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूलाई अलग अलग रूपमा विश्लेषण गरी प्रतिशतमा निकाल्नुका साथै उक्त निबन्ध निर्माणमा सम्बद्धकको भूमिकालाई प्रस्तुत गरिएको छ ।

## ४.२. 'म को हुँ ?' निबन्धमा व्याकरणिक सम्बद्धक

प्रस्तुत 'म को हुँ ?' निबन्धको संरचनामा छवटा पृष्ठ, १६ वटा अनुच्छेद र १९१ वटा वाक्यमा संरचित छ । यस सन्दर्भमा सङ्कथनको युक्तिमा उनिएर तयार भएका यी १६ वटा अनुच्छेदका १९१ वटा वाक्यमा प्रयुक्त व्याकरणिक सम्बद्धकको विश्लेषण गरिएको छ । यसरी निबन्धमा प्रयुक्त सम्बद्धकको विश्लेषण गर्ने क्रममा व्याकरणिक सम्बद्धकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन जस्ता भेद र सन्दर्भनअन्तर्गत व्यक्तिवाचक, दर्शक र तुलनात्मक सन्दर्भन, प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन, विलोपनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक विलोपन, संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक संयोजन जस्ता उपभेदहरूको विश्लेषण गरिएको छ :

### ४.२.१. सन्दर्भन

प्रस्तुत निबन्धमा सन्दर्भन सम्बद्धकको व्यक्तिवाचक, दशक र तुलनात्मक गरी तीन प्रकार छन् । प्रस्तुत निबन्धमा यी तीनै प्रकारका सन्दर्भनहरूका प्रयोग भएका छन् । जसलाई निम्नअनुसार विश्लेषण गरिएको छ ।

#### ४.२.१.१. व्यक्तिवाचक सन्दर्भन

प्रस्तुत 'म को हुँ ?' निबन्धको १६ वटा अनुच्छेदभित्र रहेका १९१ वटा वाक्यहरूमा प्रयुक्त व्यक्तिवाचक सन्दर्भनहरूलाई वाक्यको आधारमा साथै प्रत्येक व्यक्तिवाचक सन्दर्भनसँग आएका सन्दर्भित एकाइ/सूचनासहित यसरी प्रस्तुत गरिएको छ :

| **वाक्य** | **दर्शक सन्दर्भन** | **सन्दर्भित एकाइ /सूचना** |
|---|---|---|
| १ | म | लेखक |
| २ | तपाईंलाई | पाठकलाई |
| ३ | आफ्ना | पाठकका |
| ४ | तपाईंले | पाठकले |
| | मलाई | लेखकलाई |
| ६ | आफूलाई | पाठकले |
| | तपाईंल | पाठकले |
| | मलाई | लेखकलाई |
| ७ | तपाईंका | पाठकका |
| | मेरो | लेखकको |
| | म | लेखक |
| ८ | मलाई | लेखकलाई |
| | तपाईंले | पाठकले |
| | म | लेखक |
| ९ | म | लेखक |
| | मैले | लेखकले |
| १० | तपाईंले | पाठकले |
| | मलाई | लेखकलाई |
| | तपाईंले | पाठकले |
| ११ | मैले | लेखकले |
| | तपाईं | पाठक |
| | मेरो | लेखकको |

| | | |
|---|---|---|
| १२ | तपाईंले | पाठकले |
| | मलाई | लेखकलाई |
| १३ | म | लेखक |
| | तपाईंले | पाठकले |
| | म | लेखक |
| १९ | म | लेखक |
| २० | मैले | लेखकले |
| २२ | म | लेखक |
| | मसँग | लेखकसँग |
| २५ | मलाई | लेखकलाई |
| २६ | तपाईंले | पाठकले |
| | मलाई | लेखकलाई |
| | तँ | लेखक |
| २८ | म | लेखक |
| | तपाईंलाई | पाठकलाई |
| ३१ | म | लेखक |
| ३३ | हामी | लेखक र पाठक |
| ३४ | आफूसँग | लेखकसँग |
| ३७ | मलाई | लेखकलाई |
| | तपाईंले | पाठकले |
| | तपाईंको | पाठकको |
| ३९ | तपाईंलाई | पाठकलाई |
| | म | लेखक |
| ४० | तपाईंको | पाठकको |
| | मैले | लेखकले |
| ४१ | म | लेखक |
| | तपाईंलाई | पाठकलाई |
| | तपाईं | पाठक |

| | | |
|---|---|---|
| ४२ | तपाईंको | पाठकको |
| ४५ | म | लेखक |
| | तपाईंलाई | पाठकलाई |
| ४७ | तपाईंलाई | पाठकलाई |
| | मैले | लेखकले |
| ४८ | मैले | लेखकले |
| | मैले | लेखकले |
| ४९ | मैले | लेखकले |
| ५२ | उसको | फुलको |
| ५३ | म | फुल |
| ५४ | उसको | बादलको |
| ५६ | उसको | बादलको |
| ५७ | म | लेखक |
| ५९ | म | लेखक |
| | उसको | बादलको |
| ६० | तिनीहरूको | पहाडहरूको |
| ६१ | तिनीहरूबाट | रूखहरूबाट |
| ६६ | उनीहरूका | चरा चुरुङ्गीबाट |
| ६८ | उसलाई | प्रकृतिलाई |
| ७० | म | लेखक |
| | उसैसँग | प्रकृतिसँग |
| ७१ | हामी | लेखक र पाठक |
| ७३ | म | लेखक |
| ७४ | म | लेखक |
| ७६ | मैले | लेखकले |
| ७७ | मेरो | लेखकको |
| | मेरी | लेखककी |
| ७८ | मेरी | लेखककी |

| | | |
|---|---|---|
| | मेरी | लेखककी |
| ७९ | मैले | लेखकले |
| | उनीबाट | आमाबाट |
| ८० | मेरी | लेखककी |
| | आफ्नै | लेखककै |
| ८१ | मेरी | लेखककी |
| | उनैबाट | आमाबाट |
| ८२ | उनी | आमा |
| ८४ | मैले | लेखकले |
| | उनीबाट | आमाबाट |
| ८५ | उनका | आमाका |
| ८६ | उनीबाट | आमाबाट |
| ८८ | मैले | लेखकले |
| ९० | उनीबाट | बाबाबाट |
| ९१ | मैले | लेखकले |
| | आफ्नै | लेखककै |
| ९२ | मेरो | लेखकको |
| ९३ | मेरो | लेखकको |
| | उनीहरूलाई | आमाबाबाहरूलाई |
| ९४ | म | लेखक |
| | आफ्ना | लेखकका |
| ९५ | तपाइँ | पाठक |
| | आफ्ना | लेखकका |
| ९७ | उनीहरूलाई | मनिसहरूलाई |
| ९८ | उनीहरूले | मानिसहरूले |
| १०० | तिनका | पतिपत्नीका |
| १०२ | आफैबाट | लेखकैबाट |
| २०४ | मैले | लेखकले |

| | | |
|---|---|---|
| १०५ | उनीहरू | दुः खीहरू |
| | म | लेखक |
| | आफू | लेखक |
| | उनीहरूसँगै | दुःखीहरूसँगै |
| | उनीहरूका | दुःखीहरूका |
| | आफ्नो | लेखकको |
| १०६ | उनीहरूबाट | दुःखी गरिबहरूबाट |
| १०७ | आफू | लेखक |
| १०८ | मेरो | लेखकको |
| ११० | तपाइँ | पाठक |
| ११३ | मेरो | लेखकको |
| ११४ | यसलाई | लेखकलाई |
| ११७ | मलाइ | लेखकलाई |
| | तपाइँका | पाठकका |
| ११८ | आफ्नो | लेखकको |
| | तपाइँका | पाठकका |
| ११९ | आफ्ना | लेखकका |
| १२० | उनीहरूले | बालकहरूले |
| | मलाई | लेखकलाई |
| १२१ | उनीहरूलाई | बालकहरूलाई |
| १२२ | मेरो | लेखकको |
| १२३ | आफ्ना | लेखकका |
| | तिनको | बालकहरूको |
| | तिनका | बालकहरूका |
| १२४ | मलाई | लेखकलाई |
| | तिनीहरू | बालकहरू |
| | आफू | लेखक |
| | उनीहरूसित | बालकहरूसित |

| | | |
|---|---|---|
| | उनीहरूले | बालकहरूले |
| | उनीहरूबाट | बालकहरूबाट |
| १२५ | उनीहरू | बालकहरू |
| | आफू | लेखक |
| | उनीहरूबाट | बालकहरूबाट |
| १२६ | मैले | लेखकले |
| १३३ | मलाई | लेखकलाई |
| १३४ | मेरो | लेखकको |
| १३५ | म | लेखक |
| १३७ | मलाई | लेखकलाई |
| १४२ | मैले | लेखकले |
| | तपाईंले | पाठकले |
| | मलाई | लेखकलाई |
| १४३ | म | लेखक |
| १४४ | मबाट | लेखकबाट |
| १४६ | आफूबाट | लेखकबाट |
| १४७ | मेरो | लेखकको |
| १४९ | उसलाई | चोर्नेलाई |
| १५० | आफू | लेखक |
| १५१ | स्वयमलाई | लेखकलाई |
| १५२ | आफू | लेखक |
| १५५ | तपाईंले | पाठकले |
| | मैले | लेखकले |
| | आफूलाई | लेखकलाई |
| १५६ | मैले | लेखकले |
| | तपाईं | पाठक |
| १५७ | आफ्ना | लेखकका |
| १५८ | आफ्ना | लेखकका |

| | | |
|---|---|---|
| १६९ | आफ्ना | लेखकका |
| १७० | आफ्ना | लेखकका |
| १६१ | म | लेखक |
| १६४ | मैले | लेखकले |
| १६५ | तपाईंले | पाठकले |
| १६६ | मैले | लेखकले |
| | तपाईंलाई | पाठकलाई |
| १६९ | तपाईं | पाठक |
| | आफ्नो | पाठकको |
| १७१ | तपाईंले | पाठकले |
| १७३ | मैले | लेखकले |
| १७५ | मैले | लेखकले |
| | आफ्ना | लेखकका |
| १७९ | मैले | लेखकले |
| १८१ | म | लेखक |
| १८२ | म | लेखक |
| १८५ | मेरा | लेखकका |
| | आफ्ना | लेखकका |
| १८९ | म | लेखक |
| १९१ | तपाईं | पाठक |
| | मैले | लेखकले |
| | तपाईंले | पाठकले |
| | मेरो | लेखकको |

यसप्रकार 'म को हुँ ?' निबन्धमा उल्लेख गरिएअनुसार जम्मा १८६ वटा व्यक्तिवाचक सन्दर्भनहरू रहेका छन् । प्रस्तुत १८६ वटा व्यक्तिवाचक सन्दर्भहरूमा ८४ वटा प्रथम पुरुष, ३० वटा द्वितीय पुरुष, २३ वटा तृतीय पुरुष र ४९ वटा षष्ठी विभक्तियुक्त सम्बन्धवाचक विशेषण शब्द रहेका छन् भने यस निबन्धमा प्रथम पुरुष सर्वनाम सबैभन्दा बढी प्रयोग भएको पाइन्छ । यी सन्दर्भनहरूले निबन्धमा व्यक्ति र वस्तु अथवा विषयलाई

एक अर्कामा सन्दर्भित गर्ने कार्य गरेका छन् । यसैकारण प्रस्तुत निबन्ध व्यक्तिवाचक युक्तिहरूले सम्बद्ध बनेको छ ।

### ४.२.१.२. दर्शक सन्दर्भन

प्रस्तुत 'म को हुँ ?' निबन्धको विभिन्न वाक्यहरूमा प्रयुक्त दर्शक सन्दर्भनहरूलाई यसरी प्रस्तुत गरिएको छ :

| **वाक्य** | **दर्शक सन्दर्भन** | **सन्दर्भित एकाइ /सूचना** |
|---|---|---|
| ७ | त्यो (शब्द) | मानसिक रोगी भन्ने शब्द |
| १० | यो (कुरा) | चोर्ने गरेको कुरा |
| २२ | ती (कुराहरू) | ज्ञानका कुराहरू |
| २६ | ती (कुरा) | ज्ञानका कुरा |
| ३१ | त्यही (पशु) | सास मात्रै जोगाएर बाच्ने पशु |
| ३८ | त्यस (भावलाई) | लेखकको कुरा पत्याउने भावलाई |
| ४२ | त्यति (मात्रै) | पाठकको फुर्सदले भ्याय जति मात्रै |
| ४३ | त्यति (विधि) | कुरा सुन्न धेरै चञ्चल भएको |
| ४४ | त्यति (छिटो) | सास फेर्ने गति छिटो छिटो |
| ४९ | त्यही (चोर्ने) | चोर्ने सामान |
| ५० | त्यसभित्रको (गाँठी कुरा) | चोर्ने सामन मध्य पनि मुख्य चिज |
| ५७ | त्यसो (सकरात्मक गाली) | आकाश गर्जेको आवाज |
| ५९ | त्यस (आँसुको) | बादल रोएर निस्केका आँसुको |
| ६९ | यी (कुराहरू) | प्राकृतिको सौन्दर्य र ज्ञान |
| ७४ | यही (थप भागका) | सबैले पाउने भन्दा बढी भाग |
| ९३ | ती (मेरा) | आमाबाबा |
| ९६ | तिनीहरू (तिर) | मानिसहरू तिर |

| | | |
|---|---|---|
| ९७ | त्यसमा (विश्वस्त) | मित्रतामा विश्वस्त बनाउने |
| १०३ | त्यति (मात्रै) | आफू, र आफू भन्दा |
| १०६ | ती (सबै) | दुः ख,पीडा र दासताको |
| ११९ | यही (चोरीकै ध्ययले) | चोर्ने उद्देश्यले |
| १२१ | त्यही (बाँकी जुठो) | बालकलाई खुवाएर रहेको जुठो |
| १३० | त्यसबाट | दुःखान्तक साहित्यबाट |
| १३९ | ती (सबै कुरा) | चोरेको सबै कुरा |
| १५१ | यति (सबै) | चोर्ने चोराउने भइसकेर पनि |
| १५५ | यो (कुरापनि) | कङ्गाल भएको कुरा |
| १५८ | त्यसैमाथि | आफ्ना भावमाथि |
| १५९ | ती (चोरिएका भावले) | चोरेका ज्ञानका कुराहरूले |
| १८० | अर्कातिर | साहित्यतिर |
| १८७ | त्यति (यत्नले) | ढुकुटीमा मस्किलले जम्मा गरेको |

यसरी ' म को हुँ ?' निबन्धमा ३० वटा दर्शक सन्दर्भनको प्रयोग भएको पाइन्छ । उल्लिखित सन्दर्भनलाई हेर्दा त्यति, त्यही र त्यस जस्ता दूरवर्ती दर्शक सन्दर्भन बढीमात्रामा प्रयोग भएको देखिन्छ । यी सन्दर्भनले निबन्धमा प्रस्तुत व्यक्ति र विषयलाई निकटवर्ती र दूरवर्ती रूपमा सन्दर्भित गराएको पाइन्छ । यसरी निबन्धमा प्रस्तुत दर्शक सन्दर्भकहरूले पूववर्ती र पश्चवर्ती रूपमा प्रयोग गरिएको विषय सन्दर्भलाई संयोजन गरी निबन्धलाई अझ सङ्कथनिक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### ४.२.१.३. तुलनात्मक सन्दर्भन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयोग भएका तुलनात्मक सन्दर्भनहरू यस प्रकारका छन् :

| **वाक्य** | **तुलनात्मक सन्दर्भक** | **सन्दर्भित एकाइ/सूचना** |
|---|---|---|
| ३४ | अलिकता बढी | पशुले भन्दा स्तरीय जीवन जिउने इच्छा |
| ७२ | अलि | अरूको भन्दा अलि ठूलो भाग पाउने |

| | | |
|---|---|---|
| | | लालसा भएको |
| ८१ | अझै बढी | छोरालाई भन्दा बढी मायाको अवस्था |
| १२८ | बढी गहन आनन्द | सुखान्तक साहित्यबाट भन्दा दुःखान्तक साहित्यबाट गहन आनन्द पाइने |
| १६१ | पत्थर सरह | आर्द्रता बिचको सुष्कता |
| १८५ | तीमध्ये | चोरिएका सामन मध्ये केही |

'म को हुँ ?' निबन्धमा अलिकता बढी, अलि लोभि, अझै बढी, बढी गहन आनन्द, पत्थर सरह र तीमध्ये गरी जम्मा छवटा तुलनात्मक सन्दर्भकहरू प्रयोग भएको पाइन्छ । उल्लिखित तुलनात्मक सन्दर्भकहरू निबन्धको १६ वटा अनुच्छेदभित्रको चौतिसौं, बहत्तरौं, एकासीऔं, एकसय अठ्ठाइसौं, एकसय एकसठीऔं र एकसय पचासीऔं वाक्यमा रहेका छन् । यस निबन्धमा प्रयुक्त तुलनात्मक सन्दर्भकले दुई विषय, गुण र प्रवृत्तिबिच तुलना गरी पूर्ववर्ती सन्दर्भसँग पश्चवर्ती सन्दर्भलाई निर्देशित गरेको देखिन्छ । यी तुलनात्मक सन्दर्भकहरूले गुणबोधक र मात्राबोधक विशेषण शब्दको रूपमा आई निबन्धलाई सम्बद्ध तुलाएको पाइन्छ ।

अन्ततः 'म को हुँ ?' निबन्धमा प्रयोग भएको सन्दर्भन सम्बद्धकहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**'म को हुँ ?' निबन्धमा प्रयुक्त सन्दर्भन सम्बद्धकको समग्र अवस्था**

| **सन्दर्भन सम्बद्धक** | **प्रयुक्त सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| व्यक्तिवाचक सन्दर्भन | १८६ | ८३.८% |
| दर्शक सन्दर्भन | ३० | १३.५% |
| तुलनात्मक सन्दर्भन | ६ | २.७% |
| जम्मा | २२२ | १००% |

'म को हुँ ?' निबन्धमा जम्मा २२३ वटा सन्दर्भन सम्बद्धकहरूको प्रयोग गरिएको देखिन्छ । यीमध्ये व्यक्तिवाचक सन्दर्भनको प्रयोग अधिक अथवा ८३.८ प्रतिशत रहेको

पाइन्छ भने दर्शक र तुलनात्मक सन्दर्भन कम अथवा क्रमशः १३.५ प्रतिशत र २.७ प्रतिशत रहेको पाइन्छ ।

### ४.२.२. प्रतिस्थापन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा नामिक प्रतिस्थापन, क्रियात्मक प्रतिस्थापन र उपवाक्यात्मक प्रतिस्थापन गरी तीनै प्रकारका प्रतिस्थापनहरूको प्रयोग भएका छन् । तर सन्दर्भन सम्बद्धकका तुलनामा यो प्रतिस्थापन सम्बद्धकको प्रयोग अत्यन्त कम देखिन्छ । यस निबन्धमा प्रयुक्त प्रतिस्थापनहरूको विश्लेषण यसरी गरिएको छ :

#### ४.२.२.१. नामिक प्रतिस्थापन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा विभिन्न नाम पदहरूको प्रतिस्थापन भएको छ । १६ वटा अनुच्छेदभित्रका केही वाक्यमा रहेका नामिक प्रतिस्थापनहरूलाई नामिक प्रतिस्थापकसहित यसरी प्रस्तुत गरिएको छ :

| **वाक्य** | **नामिक प्रतिस्थापक** | **प्रतिस्थापित नाम/एकाइ** |
|---|---|---|
| १३ | इमानदार | सज्जन |
| ५१ | उसको | फुलहरू |
| ५५ | उसको | बादलको |
| ५९ | तिनीहरू | पहाडहरू |
| ६० | तिनीहरू | रुखहरू |
| ६५ | उनीहरू | चराचुरुङ्गीहरू |
| ६८ | उसलाई | प्रकृतिलाई |
| ७८ | सङ्गीनी | आमा |
| ७९ | उनीबाट | आमाबाट |
| ९० | पुत्री | छोरी |
| ९० | उनीबाट | बाबाबाट |
| ९१ | ईश्वर | आमाबाबा |
| ११९ | उनीहरू | बालकहरू |

यसरी 'म को हुँ ?' निबन्धमा जम्मा १३ वटा नामिक प्रतिस्थापनहरू प्रयोग भएको छ । यसरी नामिक प्रतिस्थापन सबैभन्दा बढी पाँचवटा पाँचौं अनुच्छेदमा भएको देखिन्छ ।

यसै गरी आमा नाम पद दुईपटक प्रतिस्थापित भएको छ । निबन्धमा प्रयुक्त नामिक प्रतिस्थापकले  पूर्ववर्ती नामिक पदलाई स्थानापन्न गरी सोहीअनुसार कार्य पूरा गरेका छन् । यसरी प्रयोग भएको प्रतिस्थापकले निबन्धलाई सम्बद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### ४.२.२.२. क्रियात्मक  प्रतिस्थापन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयुक्त क्रियात्मक प्रतिस्थानलाई यसरी प्रस्तुत गरिएको छ :

| वाक्य | क्रियात्मक प्रतिस्थापक | प्रतिस्थापित क्रिया |
|---|---|---|
| ९८ | उछिटिन्छु | खुसुक्क भाग्छु |
| १०६ | चोरेकी छु | गरेकी छु |

यस 'म को हुँ ?' निबन्धमा उछिटिन्छु र चोरेकी छु गरी जम्मा दुईवटा क्रियात्मक प्रतिस्थापक प्रयोग भएको छ । यी क्रिया निबन्धको अन्ठानब्बेऔं र एक सय छऔं वाक्यमा प्रयोय गरिएका छन् । यी क्रियात्मक प्रतिस्थापनले निबन्धलाई सङ्कथनिक बनाएको पाइन्छ ।

### ४.२.२.३. उपवाक्यात्मक प्रतिस्थापन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयुक्त उपवाक्यात्मक प्रतिस्थानहरू यसप्रकार रहेका छन् :

| वाक्य | उपवाक्यात्मक प्रतिस्थापक | प्रतिस्थापितउपवाक्य/एकाइ |
|---|---|---|
| १० | यो कुरा | तपाईंको अगाडि यसरी चोरी स्वीकार गर्दा मलाई ठ्याम्मै लाज पनि लागेको छैन |
| ६९ | यी कुराहरू चोर्दैमा | शुष्क प्रकृतिको निरसता र हराभरा प्रकृतिको उत्साह चोर्दैमा |
| ७४ | यही थप भागका लागि | अरुको भन्दा ठूलो भाग पाउने लालसा छ । |

यसप्रकार 'म को हुँ ?' निबन्धमा जम्मा तीनवटा उपवाक्यात्मक प्रतिस्थापनहरूको प्रयोग भएको पाइन्छ । यी उपवाक्यात्मक प्रतिस्थापन निबन्धको दशौं, उनान्सतरीऔं र चौहत्तरौं वाक्यहरूमा प्रयुक्त छन् । यी उपवाक्यहरूले निबन्धलाई सङ्कथनयुक्त बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

अन्ततः 'म को हुँ ?' निबन्धमा प्रयोग भएको प्रतिस्थापन सम्बद्धकहरूलाई तालिकामा यसरी देखाउन सकिन्छ :

**तालिका नं. २**

**'म को हुँ ?' निबन्धमा प्रयुक्त प्रतिस्थापन सम्बद्धकको समग्र अवस्था**

| **प्रतिस्थापन सम्बद्धक** | **प्रयुक्त सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| नामिक प्रतिस्थापन | १३ | ७२.२% |
| क्रियात्मक प्रतिस्थापन | २ | ११.१% |
| उपवाक्यात्मक प्रतिस्थापन | ३ | १६.७% |
| जम्मा | १८ | १००% |

'म को हुँ ?' निबन्धमा जम्मा १८ वटा प्रतिस्थापन सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ । यीमध्ये नामिक प्रतिस्थापन प्रयोग सबैभन्दा बढी अथवा ७२.२ प्रतिशत रहेको देखिन्छ भने क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनमा क्रमशः ११.१ प्रतिशत र १६.७ प्रतिशत रहेको पाइन्छ ।

### ४.२.३. लोप/ विलोपन

यस लोप अथवा विलोपन सम्बद्धकमा पनि नामिक लोप, क्रियात्मक लोप र उपवाक्यातमक लोप गरी तीन भेदहरू पर्दछन् । प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयुक्त यी तीनै प्रकारका विलोपनहरूको विश्लेषण क्रमशः गरिएको छ :

#### ४.२.३.१. नामिक लोप

प्रस्तुत 'म को हुँ ?' निबन्धमा पर्याप्त मात्रामा नामिक पदहरूको विलोपन वा लोप भएका छन् । यस निबन्धमा लोप भएका नामिक पदहरूलाई कोष्ठकभित्र राखी निबन्धमा प्रस्तुत सन्दर्भको आधारसहित यसरी प्रस्तुत गरिएको छ । :

- (तपाईंले) किन आफ्ना आँखा ठुला ठुला पारेर तन्काउनुभएको नि ? ( वा.३)
- (मलाई) चोर्न बाध्य पार्ने अर्को मुख्य कुरो के भने नि ! (वा.२१)
- भइहाल्यो (म) ढाँट्दिन । (वा.२९)
- (मैले) एउटा कुरो ढाँट्दा फेरि सबै कुरा ढाँटेकै ठहर्ला । (वा.३०)
- बिन्ती, (तपाईं) त्यस भावलाई बलेको दियो झैँ अझ उकास्नुहोस् । (वा.३८)
- लौ हेर, (तपाईं) किन त्यति विधि चञ्चल हुनुभएको ? (वा.४३)
- (तपाईंले) साससलाई किन त्यति छिटो तान्दै छाड्दै गर्नुभएको ? (वा.४४)
- ए, (मलाई) लघार्ने पो । (वा.४६)
- भइहाल्यो, अब तपाईंलाई दुःख दिन्नँ तर मैले बोल्दाबोल्दै बिचमा (तपाईं) (मलाई) कुनै प्रश्न नगर्नुहोला । (वा.४७)
- उसको मुस्कान चोर्छु, (उसको) आँसु चोर्छु । (वा.५२)
- प्रकृति आमा हुन्, (उनी) सन्तानसँग सधैँ रुष्ट भइरहन पनि सक्तिनन् नि । (वा.७५)
- खै, (मैले) उनीबाट त के के चोरेँ के के । (वा.८६)
- (म) मनमनै विभिन्न पतिपत्नीका ढाँचा तयार पार्छु र प्रत्येक ढाँचाका पतिपत्नीसँग नजिकिन्छु । (वा.९९)
- (म) कसैलाई दाजु भाउजू बनाएर दाजु  हुनुको भाव र भाउजू हुनुको भाव चोर्छु । ( वा.१०१)
- रुवाइ र कुण्ठाका नित्य नवीन भावहरू (मेरो) मनभरि, मस्तिष्कभरि उथलपुथल भइरहेछन् । (वा.१०९)
- (मैले) कुनै दिन केही चोरिनँ भने त के बिर्सिए बिर्सिए जस्तो लाग्छ । (वा.११६)
- (मैले) एउटै चक्लेट टोकेर आधा बाँडेर खाएकी छु, एक गाँस खानेकुरो पहिले उनीहरूलाई खुवाएर त्यही बाँकी जुठो पनि प्रसाद झैँ गरेर खाएकी छु । (वा.१२१)
- (तपाईं) अब छातीमा हात राखेर भन्नुहोस् त म चोर हुँ कि होइन ? (वा.१३५)

- (तपाईंले) फेरि के सोध्न आँट्नुभएको ? (वा.१३८)
- ल, त्यसरी (तपाईं) किन हाँस्नुभएको ? (वा.१५३)
- अँ त, सुन्नुहोस्, आफ्ना भावहरूलाई (मैले) अक्षय कोषका रूपमा मनभित्रै पाँजेर राखेकी थिएँ । (वा.१५७)
- (मैले) पुछारमा आफ्ना भाव र त्यसैमाथि अन्यत्रबाट चोरिएका भावहरू थुपार्ने गरेकी थिएँ । (वा.१५९)

उल्लिखित सूचीअनुसार प्रस्तुत 'म को हुँ ?' निबन्धमा जम्मा २३ वटा नामिक पदको लोप भएको पाइन्छ । यी नामिक पदहरूमा पनि विशेषतः सर्वनाम शब्दकै लोप भएको छ भने यसमा पनि प्रथम पुरुषको 'म' र द्वितीय पुरुषको 'तपाइँ' शब्दको बढी लोप भएको देखिन्छ । यसरी निबन्धमा प्रयुक्त नामिक पदलाई पूर्व सन्दर्भअनुसार पहिचान गरिएको छ । प्रयुक्त नामिक पदहरूबाट निबन्धलाई सङ्क्षिप्त, व्यावहारिक र मिठासपूर्ण बनाउन सहयोग पुगेको देखिन्छ । साथै अन्य लोप सम्बद्धकका तुलनामा अत्यधिक प्रयोग भएको नामिक पदले निबन्धलाई सङ्कथनिक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ४.२.३.२. क्रियात्मक लोप

'म को हुँ ?' निबन्धका वाक्यहरूको संरचना तयार हुनेक्रममा अव्यवस्थित् वाक्य अथवा क्रियापदविहीन वाक्य संरचित भएका छन् । यसरी वाक्यमा क्रियापदको लोप हुनु नै क्रियात्मक लोप हो । यस निबन्धमा प्रयुक्त क्रियात्मक लोपलाई निबन्धमा प्रस्तुत सन्दर्भसहित कोष्ठकमा यसरी प्रस्तुत गरिएको छ :

- किन आफ्नो आँखा ठुलो ठुलो पारेर तन्काउनुभएको (हो) नि ? (वा.३)
- गुह्य कुरो त के (छ) भने मैले चोर्ने गरेका कुराहरू त मागेर कुनै हालतमा पनि पाउन सकिन्न, बाध्य भएर चोर्नै पर्छ । (वा.२०)
- चोर्न बाध्य पार्ने अर्को मुख्य कुरो के (छ) भने नि । (वा.२१)
- आफैबाट र भाइ बहिनीबाट पुत्रपुत्री (हुनुको) भाव चोर्छु (वा.१०२)
- जति नै चोरी गरे पनि आफू त कङ्गालको कङ्गाल नै (छु) । (वा.१५२)
- अर्को स्मृति नसँगालिन्जेल चाहिँ बस उही मनको रिक्तता मात्रै (रहन्छ) । (वा.१९०)

प्रस्तुत 'म को हुँ ?' निबन्धमा हो, छ, छ, हुनुको, छ र रहन्छ गरी जम्मा छवटा क्रियाहरू लोप भएको देखिन्छ । यसमा पनि 'छ' भन्ने क्रियापद तीनपटक लोप भएको पाइन्छ । निबन्धमा उल्लिखित रूपमा क्रियापदहरू लुप्त रहँदा पनि व्यक्त भाव वा आशय बोध गर्न सकिएको छ । यसरी लुप्त रहेका क्रियापदले निबन्धलाई सङ्क्षिप्त र सुगठित बनाउन सहयोग गरेको छ भने निबन्धका विषयवस्तुलाई सम्बद्ध बनाएको पनि देखिन्छ ।

**४.२.३.३. उपवाक्यात्मक लोप**

प्रस्तुत निबन्धमा विभिन्न प्रकारका उपवाक्यहरूको लोप भएको छ । लोप भएका यस्ता उपवाक्यहरूलाई पूर्व प्रसङ्गअनुसार पहिचान गरिन्छ । यस निबन्धमा प्रयुक्त उपवाक्यात्मक लोपहरूलाई कोष्ठकमा यसरी प्रस्तुत गरिएको छ :

- (म असाध्यै गरिब भएकीले) चोर्न चाहिँ बाध्य भएरै चोर्नुपरेको हो । (वा.३६)
- पख्नुहोस्, (यो भावलाई बलेको दियो झै अझ उकास्न) तपाईंलाई म पनि सघाउँछु । (वा.३९)
- (फुर्सदमा हुनुहुन्न भने पनि) भैगो, तपाईंको फुर्सदले जति थेग्न सक्छ, त्यति मात्रै सुनाउँछु । (वा.४२)
- (चोर्दा चोर्दा धनी भएर यस्तो गरेकी भन्नु भएको ) कहाँ हुनु ? (वा.१६३)
- ( मैले भन्न खोजेकी) कुरा के भने नि ! (वा.१७४)
- मैले भनेकी थिएँ नि (पत्याउँनु हुन्छ भनेर) ! (वा.१७९)

यसप्रकार 'म को हुँ ?' निबन्धमा जम्माजम्मी छवटा उपवाक्यहरूको लोप भएको देखन्छ । निबन्धमा रहेका उल्लिखित उपवाक्यहरूलाई निबन्धको पूर्व प्रसङ्ग, घटना र विषयअनुसार पहिचान गरिइएको छ । यी उपवाक्यहरूको लोपबाट निबन्धमा व्यक्त विषयलाई सङ्क्षिप्त र मिठासपूर्ण बनाउन मद्दत पुगेको छ भने विषयवस्तुलाई बोध गर्न पनि कठिन भएको छैन । यसैले यी उपवाक्यहरूले पनि निबन्धलाई सङ्कथनिक बानउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

समग्रतामा 'म को हुँ ?' निबन्धमा प्रयोग भएको लोप सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ३

### 'म को हुँ ?' निबन्धमा प्रयुक्त लोप स

| लोप सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक लोप | २३ | ६५.७१४% |
| क्रियात्मक लोप | ६ | १७.१४३% |
| उपवाक्यात्मक लोप | ६ | १७.१४३% |
| जम्मा | ३५ | १००% |

**म्बद्धकको समग्र अवस्था**

'म को हुँ ?' निबन्धमा जम्मा ३५ वटा लोप सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ । यीमध्ये नामिक लोपको सङ्ख्या सबैभन्दा बढी अथवा ६५.७१४ प्रतिशत रहेको देखिन्छ भने क्रियात्मक र उपवाक्यात्मक लोपमा क्रमशः १७.१४३ प्रतिशत र १७.१४३ प्रतिशत रहेको पाइन्छ ।

### ४.२.४. संयोजन

संयोजनले सङ्कथनमा प्रयुक्त वाक्य तथा वाक्यांशहरूलाई परस्परमा सम्बन्धित गराउँछ । संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक गरी चार भेदहरू रहेका छन् । यस 'म को हुँ ?' निबन्धमा संयोजनका यी चारै भेदहरूको प्रयोग गरिएको छ । यिनलाई क्रमश यसरी विश्लेषण गरिन्छ :

### ४.२.४.१. योगात्मक संयोजन

प्रस्तुत 'म को हुँ ?' निबन्धमा योगात्मक संयोजनको पर्याप्त मात्रामा प्रयोग भएको छ । निबन्धको १६ वटा अनुच्छेदका विभिन्न वाक्यहरूमा प्रयोग भएको संयोजकलाई रेखाङ्कित गरी यसरी प्रस्तुत गरिएको छ :

- तपाईंका अगाडि यसरी चोरी स्वीकार गर्दा मलाई ठ्याम्मै लाज पनि लागेको छैन र तपाइलैं यो कुरा अरूलाई भनिदिनु होला भन्ने डर पनि लागेको छैन । (वा.१०)
- मैले यति भन्दा पनि तपाईं किन मेरो कुरा पत्याउन सक्नुहुन्न ? (वा.११)

- म इमानदार हुँ कि होइन भन्ने कुरा त तपाईंले थाहा पाइसक्नुभएको छैन तर म आफूलाई इमानदार चोर बनाउन प्रयत्नरत छु । (वा.१३)
- चोर पनि कहीँ इमानदार हुन्छ र ! भन्ने तर्क झिक्नुहोला । (वा.१४,१५)
- गुह्य कुरो त के भने मैलै चोर्ने गरेका कुराहरू त मागेर कुनै हालतमा पनि पाउन सकिन्न, बाध्य भएर चोर्नै पर्छ । (वा.२०)
- गरिब भनेर माया गरेर कसैले यहाँ उसको चाहना पनि त परिपूर्ति गरिदिँदैन नि ! (वा.२३)
- म तपाईंलाई ढाँटिदिऊँ कि साँचो कुरा बताऊँ त ?(वा.२८)
- हेर्नोस्, एक मुठी सास जोगाउन त पशुले पनि जानेकै हुन्छ । (वा.३२)
- मैले बोल्दाबोल्दै बिचमा कुनै प्रश्न नगर्नुहोला सोधे पनि मैले सबै कुरा बताइसकेपछि मात्र सोध्नुहोला । (वा.४८)
- चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? त्यसभित्रको गाँठी कुरो चाहिँ चोर्छु । (वा.४९, ५०)
- उसको गाली र रिसमा सम्पूर्ण सृष्टि लहलहाउने सिर्जनात्मकता लुकेको हुन्छ । (वा.५६)
- जीवनका लागि त्यस्तो सकारात्मक गाली र रिस आवश्यक हुने भएकाले म तिनको भाव चार्छु । (वा.५७)
- म तिनको भाव चार्छु । अनि केही सिप नलागेर बादल कहिले सुँक्क सुँक्क त कहिले डाँको छाडेर रुन थाल्छ । (वा.५७, ५८)
- कहिल्यै नगल्ने र नथाक्ने पहाडहरूलाई हेरेर तिनहरूबाट नव जीवनको भाव चोर्छु । (वा.६०)
- सल्लाघारीका सुसाइहरूबाट छटपटी र निःश्वासका भाव चोर्छु । (वा.६२)
- प्रकृति आमा हुन् सन्तासँग सधैँ रुष्ट भइरहन पनि सक्तिनन् नि । (वा.७५)
- मेरी आमा आमा मात्र होइनन्, मेरी निकटतम सँगिनी पनि हन् । (वा.७८)
- सन्तान वियोगको पीडा पनि मेरी आफ्नै आमाबाट चोरेँ । (वा.८०)
- मेरी दृष्टि हुन् आमा संसारलाई हेर्ने भाव पनि उनैबाट चोरेँ । (वा.८१)
- उनी छोरालाई पनि कम माया गर्दिनन् । (वा.८२)

- छोरीले कुँजिएका पखेटालाई क्रियाशील नबनाई नहुने भन्ने पवित्र भाव पनि मैले उनैबाट चोरेँ । (वा.८४)
- आमालाई मात्र हो र ! मैले त बाबालाई समेत चोरिनबाट जोगाउन सकिनँ । (वा.८७, ८८)
- सामाजिक प्रपञ्चको बोध हुन थालेपछि सरलता, निर्भीकता र स्वाभिमान चोरेँ । (वा.८९)
- कहिले बाबासँग बाझेर, जुधेर र कहिले चाहिँ बाबाको आज्ञाकारी पुत्री बनेर उनीबाट पितृभाव चोरेँ । (वा.९०)
- कसैलाई दाजु भाउजू बनाएर दाजु हुनुको भाव र भाउजू हुनुको भाव चोर्छु । (वा.१०१)
- आफैबाट र भाइ बहिनीहरूबाट पुत्रपुत्री भाव चोर्छु । (वा.१०२)
- तन, मन र धनले दुः खी हुनेहरूमाथि पनि मैले यस्ता कर्म गरेकी छु । (वा.१०४)
- उनीहरू दुःखले रुँदा र छटपटाउँदा म आफू पनि उनीहरूसँगै रुँदै र छटपटाउँदै उनीहरूका भाव सुटुक्क चोरेर आफूनो मनमा थन्क्याएकी छु । (वा.१०५)
- दुःखी गरिबको दुःख पीडा, दासता आदिको क्रन्दनको इमानदार श्रोता र सहृदयी शुभ चिन्तक बनेर उनीहरूबाट ती सबै कुराको पीडाको भाव चोरेकी छु । (वा.१०६)
- आफू जस्तै अन्य नेपाली महिलाहरूका जीवनबाट निस्सारलाग्दो रुवाइ र कुण्ठाको भाव पनि चोरेकी छु । (वा.१०७)
- यो भाव त मेरो हृदयबाट जति खन्याए पनि रित्तिन सकेको छैन । (वा.१०८)
- रुवाइ र कुण्ठाका नित्य नवीन भावहरू मनभरि मसितष्कभरि उथलपुथल भइरहेछन् । (वा.१०९)
- मलाई तपाइँका अगाडि केही पनि ढाँट्न मन लागेको छैन । (वा.११७)
- एक गाँस खानेकुरो पहिले उनीहरूलाई खुवाएर त्यही बाँकी जुठो पनि प्रसाद झैँ गरेर खाएकी छु । (वा.१२१)

- साना छुकछुके हातले मलाई अँगालेर तिनीहरू हाँस्दा आफू पनि उनीहरूसित हाँस्दाहाँस्दै उनीहरूले पत्तै नपाई उनीहरूबाट हाँसो र उल्लासका न्याना भावहरू चोरेकी छु । (वा.१२४)
- उनीहरू रुँदा आफू पनि सँगसँगै रोएर उनीहरूबाट आँसुका बाल भावहरू चोरेकी छु । (वा.१२५)
- मैले मानिस र प्रकृतिबाट त यावत् भाव चोरेकी छु नै । (वा.१२६)
- दुःखान्तक हुन् वा सुखान्तक, साहित्यबाट पनि आनन्दको भाव चोरेकी छु । ( वा.१२७)
- सुखान्तक साहित्यबाट भन्दा पनि दुःखान्तक साहित्यबाट बढी गहन आनन्द प्राप्त हुन्छ । (वा.१२८)
- अब छातीमा हात राखेर भन्नुहेस् त म चोर हुँ कि होइन ?(वा.१३५)
- आजसम्म कसैले पनि मबाट केही पनि चोरेकै छैन । (वा.१४४)
- सायद चोर्न लायक केही नदेखेर पो हो कि । (वा.१४५)
- कहिलेकाहीँ त आफूबाट पनि चोराउन रहर लाग्छ । (वा.१४६)
- तर कुरा अर्को पनि छ । (वा.१४८)
- यस्ता कुरा चोर्दा एक त चोरिनेलाई नोक्सान पनि हुँदैन, अर्को उसलाई पत्तो पनि हुँदैन । (वा.१४९)
- यसैले आफू चोरिएको कुरा मैले पत्तै नपाएको पनि हुन सक्छ । (वा.१५०)
- यति सबै भइसकेर पनि स्वयम्लाई यसो छामी हेर्छु तर रिक्तता सिवाय केही पाउँदिनँ । (वा.१५१)
- जति नै चोरी गरे पनि आफू त कङ्गालको कङ्गाल नै । (वा.१५२)
- अघि पनि त तपाइँले मैले आफूलाई चोर भनेर घोषणा गर्दा पत्याउनुभएको थिएन नि ! (वा.१५५)
- मैले सबै कुरा भनेपछि यो कुरा पनि तपाइँ अवश्य पत्याउनुहुन्छ । (वा.१५६)
- प्रत्यक्ष चोर्ने मात्र चोर हुन्छ र ? चोरीका सामान उपयोग गर्ने पनि त चोर नै हुन्छ नि ! (वा.१६७, १६८)

- तपाइँ आफ्नो अनुहारको कुनै रेखा पनि नखजमज्याई होइन भन्न सक्नुहुन्छ ? (वा.१६९)
- यसैले त म साहित्यकार बन्न पनि अरूका हृदयको भाव चोर्न परेन र ? (वा.१८९)
- अब तपाइँ पनि मैले झैँ खुला हृदयले भन्नुहोस् त तपाइँले मेरो कस्तो मूल्याङ्कन गर्नुभयो ? (वा.१९१)

प्रस्तुत 'म को हुँ ?' निबन्धमा जम्माजम्मी ६८ वटा योगात्मक संयोजन प्रयोग भएको पाइन्छ । यसमा सबैभन्दा बढी 'पनि' ३८ वटा र दोस्रोमा 'र' १९ वटा तथा अन्य गरी कूल ६८ वटा योगात्मक संयोजकका रूपमा आएको देखिन्छ । यी योगात्मक संयोजकहरूले पूर्ववर्ती वाक्यको सन्दर्भहरूमा अतिरिक्त सूचना थप्ने कार्य सम्पन्न गरेका छन् । यसरी निबन्धमा प्रयोग भएका योगात्मक संयोजनले निबन्धको उपवाक्य र वाक्यहरूलाई संयोजन गरी सङ्कथनलाई सम्बद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ४.२.४.२. विपरीतार्थक संयोजन

यस 'म को हुँ ?' निबन्धमा विभिन्न प्रकारका विपरीतार्थक संयोजनको प्रयोग भएको छ । अन्य संयोजनको तुलनामा यो विपरीतार्थक संयोजन कम प्रयोग भएको देखिन्छ । निबन्धमा प्रयोग भएको विपरीतार्थक संयोजनहरूलाई रेखाङ्कित् गरी सन्दर्भित वाक्यसहित यसरी प्रस्तुत गरिएको छ :

- तपाइँले मलाई मानसिक रोगी त सम्झनुभएन ? तर हेर्नोस्, मलाई मानसिक रोगी चाहीँ नभन्नुहोस् है, तपाइँका मुखबाट मेरा निम्ति त्यो शब्द निस्क्यो भने सत्य म नरिसाए त के । (वा.७)
- म साच्चैको चोर चाहिँ हुँ, तर पक्का चोर बन्न चाहिँ मैले अर्झ निकै वर्ष चोर्ने अभ्यास जारी राख्नुपर्छ । (वा.९)
- म इमानदार हुँ कि होइन भन्ने कुरा त तपाइँले थाहा पाइसक्नुभएको छैन तर म आफूलाई इमानदार चोर बनाउन प्रयत्नरत छु । (वा.१३)
- हो, त्यही पशुले भन्दा अलिकता बढी बाँच्न मन लाग्यो तर आफूसँग थप जिन्दगीका लागि पर्याप्त सामल थिएन । (वा.३४)

- धैर्य गर्नुहोस्, म भ्याएजति कुराहरू तपाईंलाई सुनाउँछु तर तपाईं फुर्सदी पो हुनुहन्छ के ? (वा.४१)
- भइहाल्यो, अब तपाईंलाई दु:ख दिन्नँ तर मैले बोल्दाबोल्दै बिचमा कुनै प्रश्न नगर्नुहोला । (वा.४७)
- ती मेरा सर्वस्व हुन्, म तिनको पुजा गर्छु तर उनीहरूलाई यो कुरा पटक्कै थाहा छैन । (वा.९३)
- अहिले तपाईं बालकमाथी त दया राखेकै रहिछ भनेर ढुक्क हुनुभएको होला । तर मित्र ! त्यसरी ढुक्क नहुनोस् । (वा.११०, १११ र ११२)
- चोर्नेले नचोरिदिएपछि मेरो के लाग्छ र ? तर कुरा अर्को पनि छ । (वा.१४७, १४८)
- यति सबै भइसकेर पनि स्वयम्लाई यसो छामि हेर्छु तर रिक्तता सिवाय केही पाउँदिनँ । (वा.१५१)
- नचोर्नु चोरिसकेपछि अर्कैतिर नै भए पनि चोरीका सबै कुरा थुपार्न सके त बेसै थियो । (वा.१८४)

'म को हुँ ?' निबन्धमा जम्मा ११ वटा विपरीतार्थक संयोजन प्रयोग भएको पाइन्छ । यसरी प्रयोग भएका संयोजनहरूमा १० वटा 'तर' र एउटा मात्र 'भए पनि' भन्ने संयोजन रहेका छन् । यी विपरीतार्थक संयोजनहरूले विपरित अर्थ द्योतक गरी निबन्धका उपवाक्य तथा वाक्यहरूलाई जोड्ने कार्य गरेको छ । यसरी निबन्धमा प्रयुक्त विपरीतार्थक संयोजनले विषयगत सन्दर्भहरूलाई सम्बद्धकीय बनाएको पाइन्छ ।

### ४.२.४.३. कारणात्मक संयोजन

प्रस्तुत 'म को हुँ ?' निबन्धको विभिन्न वाक्यहरूमा प्रयोग भएका कारणात्मक संयोजनहरूलाई रेखाङ्कित गरी यसरी प्रस्तुत गरिएको छ :

- सद्दे मानिसले आफूलाई विना काममा चोर भन्दैन भनेर तपाईंले मलाई मानसिक रोगी त सम्झनुभएन ? । (वा.६)
- तर हेर्नोस्, मलाई मानसिक रोगी चाहिँ नभन्नुहोस् है, तपाईंका मुखबाट मेरा निम्ति त्यो शब्द निस्क्यो भने सत्य म नरिसाए त के । (वा.७)
- मलाई तपाईंले चोर भन्नुभयो भने चाहिँ म पक्कै रमाउँछु । (वा.८)

- तपाईँका अगाडि यसरी चोरी स्वीकार गर्दा मलाई ठ्याम्मै लाज पनि लागेको छैन र तपाइलैं यो कुरा अरूलाई भनिदिनु होला भन्ने डर पनि लागेको छैन । (वा.१०)
- म इमानदार हुँ कि होइन भन्ने कुरा त तपाईंले थाहा पाइसक्नुभएको छैन तर म आफूलाई इमानदार चोर बनाउन प्रयत्नरत छु । (वा.१३)
- चोर पनि कहीँ इमानदार हुन्छ र ! भन्ने तर्क भिक्नुहोला । (वा.१४, १५)
- गरिब भनेर माया गरेर कसैले यहाँ उसको चाहना पनि त परिपूर्ति गरिदिँदैन नि ! ( वा.२३)
- फेरि तपाईंले मलाई तँ ती कुरा नचोरी बाँच्न सक्दै सक्दिनस् त ? भनेर सोधिहाल्नुभो ! (वा.२६, २७)
- बल्ल अब चाहिँ अलिकति खुसी लाग्यो मलाई, किनभने अब तपाईंले मेरा कुरा अलिकति पत्याउन थालेको भाव तपाईंको अनुहारमा देखा पर्न थालेको छ । (वा.३७)
- तपाईंको मनमा मैले के के चारेँ भन्ने खुल्दुली जागे जस्तो छ । (वा.४०)
- सासलाई किन त्यति छिटो तान्दै छाड्दै गर्नुभएको ? म अहिले तपाईंलाई केही सुनाउँदै नसुनाई भागेँ भने नि ?(वा.४४, ४५)
- चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? (वा.४९)
- छोरीले कुँजिएका पखेटालाई क्रियाशील नबनाई नहुने भन्ने पवित्र भाव पनि मैले उनैबााट चोरेँ । (वा.८४)
- मनिसहरूले आपसमा विनिमय गरेका यावत् प्रकारका प्रेम देखेँ भने यसै तिनीहरूतिर तानिन थाल्छु, मित्रता गर्छु । (वा.९६)
- अहिले तपाईं बालकमाथि त दया राखेकै रहिछ भनेर ढुक्क हुनुभएको होला । ( वा.११०)
- कुनै दिन केही चोरिन भने त के बिर्सिए बिर्सिए जस्तो लाग्छ । (वा.११६)
- अझ दिल खोलेर भन्ने हो भने दन्त्यकथाबाट चोरेको उपमा आजसम्म मलाई सबभन्दा बढी प्रिय लागेका छन् । (वा.१३३)
- मलाई पहिला नै तपाईंले यसै भन्नुहोला भन्ने त लागेको थियो । (वा.१३७)
- मैले दुःख गरेर सम्हालेका कुराहरू अरूले चोरिदेलान् भनेर तपाईंले मलाई सावधान गराउनुभएको ? (वा.१४२)

- अघि पनि त तपाईंले मैले आफूलाई  चोर भनेर घोषणा गर्दा पत्याउनुभएको थिएन नि ! (वा.१५५)
- कुनै दिन चोरी गर्ने इच्छा मऱ्यो  भने त म ठुलो नदीका बिचको विशााल पत्थर सरह शुष्क हुन के बेर । (वा.१६१)
- किन भने नि । नचोर्नु चोरिसकेपछि अर्कैतिर नै भए पनि चोरीका सबै कुरा थुपार्न सके त बेसै थियो ।  (वा.१८३, १८४)

यस निबन्धमा कूल २२ वटा कारणात्मक संयोजनको प्रयोग भएको पाइन्छ । यसरी १६ वटा अनुच्छेदको विभिन्न वाक्यमा प्रयुक्त संयोजनमा सबैभन्दा बढी 'भने' संयोजन आठपटक प्रयुक्त देखिन्छ भने अरू बाँकी भनेर, भन्ने र किनभने रहेको छ । यी संयोजनहरूले कार्यकारण सम्बन्ध स्थापित गरी सङ्कथनलाई सम्बद्ध बनाउन सहयोग पुऱ्याएको छ ।

### ४.२.४.४. कालिक संयोजन

कालिक संयोजन संयोजन सम्बद्धकका अन्तिम संयोजन हो । प्रस्तुत 'म को हुँ ?' निबन्धमा पनि यो कालिक संयोजन प्रयुक्त छन् । यिनलाई यसरी उल्लेख गरिएको छ :

- एउटा कुरो ढाँट्दा फेरि सबै कुरा ढाँट्कै ठहर्ला । (वा.३०)
- बल्ल अब चाहिँ अलिकति खुसी लाग्यो मलाई, अब तपाईंले मेरा कुरा अलिकति पत्याउन थालेको भाव तपाईंको अनुहारमा देखा पर्न थालेको छ । (वा.३७)
- भइहाल्यो, अब तपाईंलाई दुःख दिन्नँ तर मैले बोल्दाबोल्दै बिचमा कुनै प्रश्न नगर्नुहोला । (वा. ४७)
- बादललाई हेरेर उसको गम्भीरता चोर्छु । कहिलेकाहीँ त बादल रिसाउँछ, बेसरी गर्जेर गाली गर्छ, झिलिल्ल पार्दै अगुल्टो फ्याँक्छ ।   (वा.५३, ५४)
- अनि केही सिप नलागेर बादल कहिले सुँक्क सुँक्क त कहिले डाँको छाडेर रुन थाल्छ । (वा.५८)
- कहिले बाबासँग बाझेर, जुधेर र कहिले चाहिँ बाबाको आज्ञाकारी पुत्री बनेर उनीबाट पितृभाव चोरेँ । (वा.९०)
- अब तपाईं नै विचार गर्नुहोस्, आफ्ना आमाबाबालाई त चोर्नेले अरूलाई के बाँकी राखेकी हुला ? (वा.९५)

- यसैले त आफ्नो मन तपाईंका सामु उदाङ्गो पारेर कहिले कहिलेदेखिको उकुसमुकुसबाट उम्किन खोज्दै छ । (वा.११८)
- अझ दिल खालेर भन्ने हो भने दन्तयकथाबाट चोरेको उपमा आजसम्म मलाई सबभन्दा बढी प्रिय लागेका छन् । (वा.१३३)
- अब त पत्याउनुभयो होला नि मेरो कुरा ? (वा.१३४)
- अब छातिमा हात राखेर भन्नुहेस् त म चोर हुँ कि होइन ?(वा.१३५)
- चोर्दाचार्दा अब तँ धनी भइसकिस् रे । (वा.१३६)
- आजसम्म कसैले पनि मबाट केही पनि चोरेकै छैन । (वा.१४४)
- कहिलेकाहीँ त आफूबाट पनि चोराउन रहर लाग्छ । (वा.१४६)
- अब तपाइँ पनि मैले झैँ खुला हृदयले भन्नुहोस् त तपाइँले मेरो कस्तो मूल्याङ्कन गर्नुभयो ? (वा.१९१)

प्रस्तुत निबन्धमा जम्मा १९ वटा कालिक संयोजन प्रयोग भएको पाइन्छ । उल्लिखित रूपमा प्रयोग भएको वाक्य ९५ को ‘अब’, वाक्य १३४ को ‘अब त’, वाक्य १३५ को ‘अब’ र वाक्य १९१ को ‘अब’ ले पूर्ववर्ती विषय सन्दर्भलाई जोड्ने कार्य गरेको हुनाले यहाँ यिनीहरू संयोजक भएका छन् । यसमा पनि सबैभन्दा धेरै ‘अब’ संयोजन आठपटक प्रयोग भएको र तेरौं अनुच्छेदमा पाँचवटा सम्म कालिक संयोजन प्रयोग भएको देखिन्छ । यसरी निबन्धमा प्रयुक्त कालिक संयोजनले विषय र घटना बीच समयगत सम्बन्ध कायम गर्दै घटना सन्दर्भलाई संयोजनपूर्ण तुल्याएको देखिन्छ । यसैकारण उल्लिखित कालिक संयोजनहरूको सङ्कथन निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

समग्रतामा ‘म को हुँ ?’ निबन्धमा प्रयुक्त संयोजन सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ४

### 'म को हुँ ?' निबन्धमा प्रयुक्त संयोजन  सम्बद्धकको समग्र अवस्था

| संयोजन  सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योगात्मक संयोजन | ६८ | ५६.७% |
| विपरीतार्थक संयोजन | ११ | ९.२% |
| कारणात्मक संयोजन | २२ | १८.३% |
| कालिक संयोजन | १९ | १५.८% |
| जम्मा | १२० | १००% |

'म को हुँ ?' निबन्धमा जम्मा १२० वटा संयोजन सम्बद्धकहरूको प्रयोग भएको देखिन्छ । जसमध्ये योगात्मक संयोजनको प्रयोग सबैभन्दा धेरै अथवा ५६.७ प्रतिशत रहेको पाइन्छ भने विपरीतार्थक, कारणात्मक र कालिक संयोजनअन्तर्गत क्रमशः ९.२ प्रतिशत, १८.३ प्रतिशत र १५.८ प्रतिशत रहेको पाइन्छ ।

समग्रमा 'म को हुँ ?' निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. ५

### 'म को हुँ ?' निबन्धमा प्रयुक्त व्याकरणिक  सम्बद्धकको समग्र अवस्था

| व्याकरणिक  सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्दर्भन | २२२ | ५६.२% |
| प्रतिस्थापन | १८ | ४.५% |
| लोप/विलोपन | ३५ | ८.९% |
| संयोजन | १२० | ३०.४% |
| जम्मा | ३९५ | १००% |

प्रस्तुत 'म को हुँ ?'निबन्धमा जम्मा ३९५ वटा व्याकरणिक सम्बद्धकको प्रयोग भएको देखिन्छ । यसमा पनि सन्दर्भन सम्बद्धक सबैभन्दा धेरै अथवा ५६.२ प्रतिशत, प्रतिस्थापन सम्बद्धक ४.५ प्रतिशत, लोप सम्बद्धक ८.९ प्रतिशत र संयोजन सम्बद्धक ३०.४ प्रतिशत प्रयोग भएको पाइन्छ । यसरी हेर्दा सबैभन्दा कम प्रतिस्थापन सम्बद्धकको प्रयोग भएको देखिन्छ ।

## ४.३. 'जैविक खेती ' निबन्धमा व्याकरणिक सम्बद्धक

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको 'जैविक खेती' सुधा त्रिपाठी, धनप्रसाद सुवेदी, ध्रुवप्रसाद ढुङ्गाना र द्रोण दाहालद्वारा लिखित एक विषयवस्तुपरक निबन्ध हो । यो निबन्ध कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक प्रथम संस्करण वि.सं. २०७३ मा प्रकाशित छ । अत्यन्त सरल भाषामा लेखिएको यस निबन्धमा कृषि व्यवसाय सम्बन्धी महत्त्वपूर्ण विषयवस्तु प्रस्तुत भएको पाइन्छ । चारवटा पृष्ठ, ११ वटा अनुच्छेद र ९९ वटा वाक्यमा संरचित यस निबन्धमा सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ । सङ्कथनका युक्तिहरूमा सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक पर्दछन् । व्याकरणिक सम्बद्धकअन्तर्गत पनि सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन पर्दछन् । प्रस्तुत 'जैविक खेति' निबन्धलाई व्याकरणिक सम्बद्धकका सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन जस्ता चार भेदका पनि विविध उपभेदहरूमा आधारित भएर यसरी विश्लेषण गरिएको छ :

### ४.३.१. सनदर्भन

यस सनदर्भन सम्बद्धकअन्तर्गत पनि व्यक्तिवाचक, दर्शक, तुलनात्मक सन्दर्भनहरू पर्दछन् । प्रस्तुत 'जैविक खेती' निबन्धमा व्यक्तिवाचक, दर्शक र तुलनात्मक सन्दर्भनहरू प्रयोग भएका छन् । यिनलाई यसरी क्रमशः प्रस्तुत गरी विश्लेषण गरिएको छ :

#### ४.३.१.१. व्यक्तिवाचक सनदर्भन

यस 'जैविक खेती' निबन्धमा विभिन्न प्रकारका व्यक्तिवाचक सन्दर्भनहरूको प्रयोग भएका छन् । यस 'जैविक खेती' निबन्धका ११ वटा अनुच्छेदभित्रको ९९ वटा वाक्यहरूमा प्रयुक्त व्यक्तिवाचक सन्दर्भनहरूलाई सन्दर्भित एकाइसहित यसरी प्रस्तुत गरिएको छ :

| वाक्य | व्यक्तिवाचक सन्दर्भन | सन्दर्भित एकाइ /सूचना |
|---|---|---|
| ८ | आफ्नै | मानिसकै |
| १९ | यसका | रासायनिक खेतीका |
| २० | यसले | रासायनिक खेतीले |
| २१ | यसका | रासायनिक खेतीका |
| ३० | यसले | विषादीले |
| ५२ | यसले | प्राङ्गारिक मलले |
| ५५ | यसबाट | कृषिबाट |
| ६४ | यसका | जैविक खेतीका |
| ७३ | यसबाट | कृषिबाट |
| ७५ | त्यसलाई | जैविक खेतीलाई |
| ९७ | यो | पेसा |
| ९७ | आफू | किसानी |
| ९७ | दुनियालाई | सबै मानिसलाई |

प्रस्तुत 'जैविक खेती' निबन्धमा कूल १३ वटा व्यक्तिवाचक सन्दर्भन प्रयोग भएको छ । उल्लिखित व्यक्तिवाचक सन्दर्भनअन्तर्गत प्रथम, द्वितीय र तृतीय पुरुष सर्वनाम शब्दहरू साथै षष्ठी विभक्तियुक्त विशेषण शब्दहरूको पनि प्रयोग गरिन्छ । प्रस्तुत १३ वटा व्यक्तिवाचक सन्दर्भहरूमा दुईवटा प्रथम पुरुष, छवटा द्वितीय पुरुष, दुईवटा तृतीय पुरुष र तीनवटा षष्ठी विभक्तियुक्त सम्बन्धवाचक विशेषण शब्द रहेका छन् भने यस निबन्धमा द्वितीय पुरुष सबै भन्दा बढी प्रयोग भएको पाइन्छ । यी सन्दर्भनहरूले निबन्धमा व्यक्ति र वस्तु अथवा विषयलाई परस्परमा सन्दर्भित गर्ने कार्य गरेका छन् । यसकारण प्रस्तुत निबन्धमा व्यक्तिवाचक युक्तिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.३.१.२. दर्शक सनदर्भन

'जैविक खेती' निबन्धमा विभिन्न प्रकारका दर्शक सन्दर्भनको प्रयोग भएको पाइन्छ । सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु र विषयको स्थान जनाउन दर्शक सन्दर्भनको प्रयोग गरिन्छ । दर्शक सनदर्भनअन्तर्गत एक वचनात्मक र बहुवचनात्मक, निकटवर्ती र दुरवर्ती, स्थानिक अथवा कालिक दर्शक सन्दर्भन पर्दछन् । प्रस्तुत निबन्धको विभिन्न वाक्यहरूमा प्रयुक्त दर्शक सन्दर्भनहरूलाई यसरी प्रस्तुत गरिएको छ :

| वाक्य | दर्शक सन्दर्भन | सन्दर्भित एकाइ /सूचना |
|---|---|---|
| ५ | त्यही (नै जीव) | जन्मने, बड्ने र मर्ने जीव |
| ९ | यी (सामग्री ) | जीवका लागि लाभदायक सामग्री |
| १० | यो (पूर्णतः) | यो पूर्णतः मलमा आधारित हुने जैविक खेती |
| १९ | यी (फाइदा) | थोरै मिहेनतबाट धेरै उब्जनी दिने फाइदा |
| ४१ | यही (लिने दिने) | प्राणी र वनस्पतिका बिच लिने दिने प्रक्रिया |
| ४२ | यी (सबैको) | पृथ्वीमा रहेको प्राणी र वनस्पति सबैको |
| ४४ | यस्ता (जीव) | पर्यावरणीय सन्तुलन गर्ने जीव |
| ४९ | यस्तो (खेतीले) | वातावरण प्रदूषण घटाउने खेती |
| ५९ | यस्ता (वनस्पतिमा) | जडीबुटीजन्य वनस्पतिमा |
| ५० | यस्ता | जडीबुटीजन्य वनस्पतिमा |
| ५१ | त्यो | जडीबुटीजन्य वनस्पतिबाट आएको |
| ५२ | यस्ता | जडीबुटीजन्य विषादी जस्ता |

यसप्रकार 'जैविक खेती' निबन्धमा जम्मा १२ वटा दर्शक सन्दर्भनको प्रयोग गरेको देखिन्छ । उल्लिखित सन्दर्भनलाई हेर्दा 'यस्ता' र 'यी' जस्ता निकटवर्ती दर्शक सन्दर्भन बढी मात्रामा प्रयोग भएको भने दूरवर्ती सन्दर्भन 'त्यही' र 'त्यो' दुईवटा मात्र प्रयोग भएको छ । यी सन्दर्भनले निबन्धमा प्रस्तुत व्यक्ति र विषयलाई निकटवर्ती र दूरवर्ती रूपमा सन्दर्भित गराएको पाइन्छ । यसरी निबन्धमा प्रस्तुत दर्शक सन्दर्भकहरूले पूववर्ती र पश्चवर्ती रूपमा प्रयोग गरिएको विषयसन्दर्भलाई परस्परमा सम्बद्ध गरी निबन्धलाई अझ सङ्कथनिक तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

**४.३.१.३. तुलनात्मक सन्दर्भन**

'जैविक खेती' निबन्धमा तुलनात्मक सन्दर्भन अन्य सन्दर्भनका तुलनामा अत्यन्त कम प्रयोग भएको पाइन्छ । तुलनात्मक सन्दर्भनले सङ्कथनमा प्रस्तुत व्यक्ति, स्थान वा विषयको तुलना दर्साउने कार्य गर्दछ । यसमा सामान्य र विशिष्ट भेदअन्तर्गत पहिचानात्मक, समानार्थक, विपरितार्थी, परिमाणात्मक र गुणात्मक तुलनावाची शब्दहरूको प्रयोग गरिन्छ । प्रस्तुत 'जैविक खेती' निबन्धमा प्रयोग भएका तुलनात्मक सन्दर्भनहरू यस प्रकारका छन् :

| **वाक्य** | **तुलनात्मक सन्दर्भक** | **सन्दर्भित एकाइ/सूचना** |
|---|---|---|
| ३२ | खेतीको विकल्प | रासायनिक खेतीको विकल्पमा जैविक खेती राम्रो |

प्रस्तुत 'जैविक खेती' निबन्धमा खेतीको विकल्प भन्ने एउटा मात्र तुलनात्मक सन्दर्भन प्रयोग भएको पाइन्छ । यो सन्दर्भन निबन्धको बत्तिसौं वाक्यमा प्रयुक्त छ । यस सन्दर्भनले दुई प्रकारका खेतीको तुलना गरि एउटालाई राम्रो भनेको छ ।

अतः 'जैविक खेती' निबन्धमा प्रयोग भएका सन्दर्भन सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ६

## 'जैविक खेती' निबन्धमा प्रयुक्त सन्दर्भन सम्बद्धकको समग्र अवस्था

| सन्दर्भन सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यक्तिवाचक सन्दर्भन | १३ | ५०% |
| दर्शक सन्दर्भन | १२ | ४६.२% |
| तुलनात्मक सन्दर्भन | १ | ३.८% |
| जम्मा | २६ | १००% |

प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्मा २६ वटा सन्दर्भन सम्बद्धकहरूको प्रयोग गरिएको देखिन्छ । यीमध्ये व्यक्तिवाचक सन्दर्भको प्रयोग धेरै अथवा ५० प्रतिशत रहेको पाइन्छ भने दर्शक र तुलनात्मक सन्दर्भनमा क्रमशः ४६.२ प्रतिशत र ३.८ प्रतिशत रहेको देखिन्छ ।

### ४.३.२. प्रतिस्थापन

व्याकरणिक सम्बद्धकका दोस्रो भेद प्रतिस्थापन सन्दर्भन हो । सङ्कथनमा प्रयोग भएको पद, पदावली तथा वाक्यांशलाई जनाउन त्यस पदका स्थानमा आउने अर्को भाषिक एकाइलाई सङ्कथनमा प्रतिस्थापन भनिन्छ । प्रतिस्थापक एकाइले पनि प्रतिस्थापित भाषिक एकाइसरह कार्य गर्दछ । प्रतिस्थापन नामिक, क्रियात्मक र उपवाक्यात्मक गरि तीन प्रकारका हुन्छन् । प्रस्तुत 'जैविक खेती' निबन्धमा यी तीन प्रकारका प्रतिस्थापनहरूको प्रयोग भएको पाइन्छ । यस निबन्धमा प्रयुक्त प्रतिस्थापन सन्दर्भनहरूको विश्लेषण यसरी गरिएको छ :

### ४.३.२.१. नामिक प्रतिस्थापन

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न नाम पदहरूको प्रतिस्थापन भएका छन् । यस निबन्धमा भएको ११ वटा अनुच्छेदभित्रका केही वाक्यहरूमा नामिक प्रतिस्थापन भएको देखिन्छ । तिनलाई नामिक प्रतिस्थापकसहित यसरी प्रस्तुत गरी विश्लेषण गरिएको छ :

| वाक्य | नामिक प्रतिस्थापक | प्रतिस्थापित नाम/एकाइ |
|---|---|---|
| ५ | जो | जीव |
| ७ | यसमा | जैविक खेती |
| १० | यो | जैविक खेती |
| १० | प्राङ्गारिक खेती | जैविक खेती |
| १५ | खाद्य तत्त्व | नाइट्रोजन |
| १५ | खाद्य तत्त्व | फोस्फोरस |
| १५ | खाद्य तत्त्व | पोटास |
| २३ | किरा | कीट पतङ्ग |
| २४ | जमिन | पृथ्वी |
| २५ | बाली | खेती |
| २५ | बाली बिरुवा | खेती |
| २५ | बाली बिरुवा | बालीनाली |
| ३४ | बोट बिरुवा | वनस्पति |
| ३४ | मानिस | मानव |
| ३६ | जीवजन्तु | प्राणी |
| ४७ | वातावण | पर्यावरण |
| ४९ | वायु | हावा |
| ६२ | मुलुक | देश |

| | | |
|---|---|---|
| ६२ | मुलुक | राष्ट्र |
| ८५ | स्वदेश | देश |
| ९४ | पेसा | व्यवसाय |

प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्मा २१ वटा नामिकपदहरूको प्रतिस्थापन भएको पाइन्छ । यस निबन्धमा जैविक खेती नामपद सबैभन्दा बढी पटक प्रतिस्थापित भएको छ भने तेस्रो अनुच्छेदमा सबैभन्दा बढी पाँचवटा नामिक पद प्रतिस्थापन भएको देखिन्छ । निबन्धमा प्रयुक्त नामिक प्रतिस्थपकले पूर्ववर्ती नामिक पदलाई स्थानपन्न गरी सोहीअनुसार कार्य पूरा गरेका छन् । यसरी प्रयोग भएको प्रतिस्थापकले निबन्धलाई सम्बद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

### ४.३.२.२. क्रियात्मक प्रतिस्थापन

प्रस्तुत 'जैविक खेती' निबन्धमा प्रयोग भएका क्रियात्मक प्रतिस्थानहरू यसप्रकार छन् :

| वाक्य | क्रियात्मक प्रतिस्थापक | प्रतिस्थापित क्रिया |
|---|---|---|
| २२ | भयो | गऱ्यो |
| २९ | गर्छ | गर्दछ |
| ४३ | छन् | छ |
| ५२ | गर्छ | मिल्दछ |
| ९८ | बन्नुपर्छ | हो |

यसरी 'जैविक खेती' निबन्धमा जम्मा पाँचवटा क्रियात्मक प्रतिस्थापक प्रयोग भएको छ । उल्लिखित क्रियापदहरूले पूर्वसन्दर्भमा प्रयुक्त क्रियापदलाई स्थानपन्न गरेका छन् । यी क्रियात्मक प्रतिस्थापनले निबन्धलाई सम्बद्धकीय बनाएको देखिन्छ ।

### ४.३.२.३. उपवाक्यात्मक प्रतिस्थापन

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न उपवाक्यहरू प्रतिस्थापित भएका छन् । यी प्रतिस्थापित उपवाक्यहरूलाई प्रतिस्थापक उपवाक्य तथा सन्दर्भसहित यसरी प्रस्तुत गरिएको छ :

| वाक्य | उपवाक्यात्मक प्रतिस्थापक | प्रतिस्थापित उपवाक्य/एकाइ |
|---|---|---|
| ३० | यसले | विषादीको बढ्दो प्रयोगले |
| ४९ | यसबाट | प्राङ्गारिक मलले वातावरणलाई कुनै असर गर्दैन |
| ६१ | त्यो | जडीबुटीजन्य वनस्पतिमा पनि विषादीको मात्रा हुन्छ |
| ८९ | यसबाट | जैविक खेतीबाट वातावरण संरक्षण हुन्छ र मानव स्वास्थ्यमा पनि अनुकुल प्रभाव पर्छ |

यसरी 'जैविक खेती' निबन्धमा जम्मा चारवटा उपवाक्यात्मक प्रतिस्थापनहरूको प्रयोग भएको पाइन्छ । यी प्रतिस्थापन सन्दर्भ निबन्धको तिसौं, उनन्पचासौं, एकसाठीऔं र उनान्नबेऔं वाक्यहरूमा प्रयुक्त छन् । यी प्रतिस्थापक सन्दर्भहरूले पूर्वप्रसङ्गमा रहेका उपवाक्यहरूको प्रतिस्थापित गरेका छन् । यसरी उपवाक्यात्मक प्रतिस्थापनले निबन्धलाई सङ्कथनयुक्त बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

अन्ततः 'जैविक खेती' निबन्धमा प्रयोग भएको प्रतिस्थापन सम्बद्धकहरूलाई यसप्रकार तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ७**

**'जैविक खेती' निबन्धमा प्रयुक्त प्रतिस्थापन सम्बद्धकको समग्र अवस्था**

| प्रतिस्थापन सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक प्रतिस्थापन | २१ | ७०% |
| क्रियात्मक प्रतिस्थापन | ५ | १६.७% |
| उपवाक्यात्मक प्रतिस्थापन | ४ | १३.३% |
| जम्मा | ३० | १००% |

'जैविक खेती' निबन्धमा जम्मा ३० वटा प्रतिस्थापन सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ । यीमध्ये नामिक प्रतिस्थापन प्रयोग सबैभन्दा धेरै अथवा ७० प्रतिशत रहेको देखिन्छ भने क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन क्रमशः १६.७ प्रतिशत र १३.३ प्रतिशत रहेको पाइन्छ ।

### ४.३.३. लोप/ विलोपन

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न भाषिक एकाइहरूको लोप भएको छ । यसरी लोप भएका भाषिक एकाइहरूलाई लोप/विलोपन सम्बद्धकअनुसार पहिचान गर्न सकिन्छ । लोप अथवा विलोपन सम्बद्धकअन्तर्गत नामिक लोप, क्रियात्मक लोप र उपवाक्यातमक लोप गरी तीन भेदहरू पर्दछन् । प्रस्तुत 'जैविक खेती' निबन्धमा प्रयुक्त यी तीनै प्रकारका विलोपनहरूको विश्लेषण क्रमशः गरिएको छ :

#### ४.३.३.१. नामिक लोप

प्रस्तुत 'जैविक खेती' निबन्धमा केही नामिक पद लोप भएका छन् । यसरी लोप भएका नामिक पदहरूलाई कोष्ठकत्रिभ राखी उक्त लोप नामिक पदसँग आएको सन्दर्भलाई वाक्यसहित यसरी प्रस्तुत गरिएको छ :

- खेतीका दुई तरिका छन्, (ती) रासायनिक र जैविक । (वा.१)
- (जमिनमा) जैविक तत्त्वको कमी हुँदा जमिन मरुभूमिमा परिणत हुन बेर लादैन । (वा.२४)
- (विदेशबाट) बर्सेनि अरबौं रुपियाँको खाद्य पदार्थ आयात गर्नु अहिलेको नेपालको बाध्यता बनेको छ । (वा.८०)
- (नेपालमा) निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । (वा.८१)
- (स्वदेशका) युवाहरू स्वदेशमै रहँदा राष्ट्र विकासमा सकारात्मक प्रभाव पर्छ । (वा.८५)

उल्लिखित सूचीअनुसार प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्मा पाँचवटा नामिक पदको लोप भएको पाइन्छ । यी नामिक पदहरूमा पनि विशेषतः नाम शब्दकै लोप बढी भएको देखिन्छ । यसरी निबन्धमा प्रयुक्त नामिक पदलाई पूर्व सन्दर्भअनुसार पहिचान गरिएको छ । प्रयुक्त नामिक पदहरूबाट निबन्धलाई सङ्क्षिप्त, व्यावहारिक र मिठासपूर्ण बनाउन सहयोग पुगेको देखिन्छ । यसरी प्रयोग भएको नामिक पदले निबन्धलाई सङ्कथनिक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

#### ४.३.३.२. क्रियात्मक लोप

'जैविक खेती' निबन्धका वाक्यहरूको संरचना तयार हुनेक्रममा अव्यवस्थित् वाक्य अथवा क्रियापद विहीन वाक्य संरचित छ । यसता अव्यवस्थित वाक्यबाट पनि कतिपय अवस्थामा आशय बोध हुन्छ । यसरी वाक्यमा क्रियापद विहीन हुनु वा लोप हुनु नै क्रियात्मक लोप हो । यस निबन्धमा प्रयुक्त क्रियात्मक लोपलाई निबन्धमा प्रस्तुत सन्दर्भसहित कोष्ठकमा यसरी प्रस्तुत गरिएको छ :

- यसका लागि सर्वप्रथम माटाको परीक्षण (गर्नु) आवश्यक हुन्छ । (वा.६४)

यस निबन्धमा गर्नु एउटा मात्र क्रियापदको लोप भएको देखिन्छ । यो क्रिया चौसाठीऔँ वाक्यमा प्रयुक्त छ । निबन्धमा यो क्रिया लुप्त रहँदा पनि वाक्यबाट आशय बोध भएको छ । यसरी लुप्त भएको 'गर्नु' क्रियाले निबन्धका विषयवस्तुलाई सम्बद्ध बनाएको देखिन्छ ।

#### ४.३.३.३. उपवाक्यात्मक लोप

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न प्रकारका उपवाक्यहरूका लोप भएका छन् । यस्ता लोप उपवाक्यहरूलाई पूर्व प्रसङ्गअनुसार पहिचान गरिन्छ । यस निबन्धमा प्रयुक्त उपवाक्यात्मक लोपहरूलाई कोष्ठकमा यसरी प्रस्तुत गरिएको छ :

- (रासायनिक खेतीमा गरिएको) विषादीको बढ्दो प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर गर्छ । (वा.२९)
- (पृथ्वीमा रहेका यी) प्राणीहरूले खाद्य तत्त्व र अक्सिजन बोट बिरुवाबाट पाउँछन् । (वा.३५)
- (प्राणी र वनस्पतिका बिचमा भएको) यस्तै अन्योन्याश्रित सम्बन्धले पृथ्वीमा जीवको अस्तित्त्व सम्भव भएको हो । (वा.४०)
- यस्तो (प्राङ्गारिक मल प्रयोग गरिएको) खेतीले माटाको उर्वरा शक्ति कायम राख्छ । (वा.५०)
- (जैविक खेतीका लागि माटोमा) के कस्ता तत्त्वको अभाव छ ? (वा.६६)

प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्मा पाँचवटा उपवाक्यहरूको लोप भएको देखिन्छ । निबन्धमा रहेका उल्लिखित उपवाक्यहरूलाई निबन्धको पूर्व प्रसङ्गण, घटना विषयअनुसार पहिचान गरिएको छ । यी उपवाक्यहरूको लोपबाट निबन्धमा व्यक्त विषयलाई सङ्क्षिप्त र मिठासपूर्ण बनाउन मद्दत पुगेको छ भने विषयवस्तुलाई बोध गर्न पनि कठिन

भएको छैन । यसैले यी उपवाक्यहरूले पनि निबन्धलाई सम्बद्धकपूर्ण तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

अन्तमा 'जैविक खेती' निबन्धमा प्रयोग भएको लोप सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

**'जैविक खेती' निबन्धमा प्रयुक्त लोप सम्बद्धकको समग्र अवस्था**

| **लोप सम्बद्धक** | **प्रयुक्त सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| नामिक लोप | ५ | ४५.४५% |
| क्रियात्मक लोप | १ | ९.1% |
| उपवाक्यात्मक लोप | ५ | ४५.४५% |
| जम्मा | ११ | १००% |

'जैविक खेती' निबन्धमा जम्मा ११ वटा लोप सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ । जसमध्ये नामिक लोप ४५.४५ प्रतिशत रहेको देखिन्छ भने क्रियात्मक लोपमा सबैभन्दा कम ९.१ प्रतिशत र उपवाक्यात्मक लोप ४५.४५ प्रतिशत रहेको छ । यसरी समग्र लोप सम्बद्धकलाई यस निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूमा सबैभन्दा कम सम्बद्धकको प्रयोग यही लोप सम्बद्धक भएको पाइन्छ ।

### ४.३.४. संयोजन

संयोजनले सङ्कथनमा प्रयुक्त वाक्य तथा वाक्यांशहरूलाई परस्परमा सम्बन्धित गर्ने कार्य गर्दछ । संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक गरी चार भेदहरू रहेका छन् । प्रस्तुत 'जैविक खेती' निबन्धमा प्रयुक्त संयोजनका यी चार भेदहरूको विश्लेषण यसप्रकार छन् :

### ४.३.४.१. योगात्मक संयोजन

'जैविक खेती' निबन्धमा योगात्मक संयोजनको पर्याप्त मात्रामा प्रयोग भएको छ । निबन्धको ११ वटा अनुच्छेदका ९९ वटा वाक्यहरूमा प्रयोग भएको योगात्मक संयोजन शब्दलाई रेखाङ्कित गरी सन्दर्भित वाक्यसहित यसरी प्रस्तुत गरिएको छ :

- खेतीका दुई तरिका छन्, रासायनिक र जैविक । (वा.१)
- जो जन्मिन्छ, बढ्छ र मर्छ अनि जसलाई बाँच्नका लागि खाना, पानी र हावा चाहिन्छ त्यही नै जीव हो । (वा.५)
- यो पूर्णतः प्राङ्गारिक मलमा आधारित हुने हुनाले यसलाई खेती पनि भनिन्छ । (वा.१०)
- यसै गरी २० औं शताब्दीदेखि बालीनालीमा लाग्ने कीट पतङ्गहरूलाई नियन्त्रण गर्न विषादीको पनि प्रयोग हुन थाल्यो । (वा.१६)
- रासायनिक मलबाट उत्पादन बढ्ने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएपछि थोरै जमिनमा धेरै उत्पादन हुनु स्वाभाविक हो । (वा.१७)
- रासायनिक खेतीमा यी फाइदा भएर पनि यसका बेफाइदा पनि देखा पर्न थाले । (वा.१९)
- यसले गर्दा रासायनिक खेतीका विषयमा अनुसन्धान र अध्ययन गर्नुपर्ने अवस्था आयो । (वा.२०)
- पृथ्वीको पर्यावरण, मानव स्वास्थ्य र वनस्पतिक चक्रमा आएका सङ्कटले पनि रासायनिक खेतीप्रतिकूल हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भयो । (वा.२२)
- रासायनिक खेतीले बाली बिरुवाका मित्रलाई पनि असर गर्दछ । अर्कातिर शत्रु किराहरूको प्रतिरोधात्मक क्षमता बढ्छ र कडाभन्दा कडा खालका रोगलाई निम्त्याउँछ । (वा.२७, २८)
- पृथ्वीमा रहका बोट बिरुवा, कीट पतङ्ग, चरा चुरुङ्गी, जनावर र मानिहरू परस्परमा निर्भर छन् । (वा.३४)
- प्रणीहरूले खाद्य तत्त्व र अक्सिजन बोट बिरुवाबाट पाउँछन् । (वा.३५)
- बोट बिरुवाहरूले पनि आफूलाई चाहिने हावा र खाने कुरा जीवजन्तुबाट लिन्छन् । (वा.३६)

- यसरी पृथ्वीमा प्राणी र वनस्पतिका बिचमा लेनदेन प्रक्रिया चक्र झैँ घुमिरहन्छ । (वा.३९)
- पृथ्वीमा रहेका बोट बिरुवा, कीट पतङ्ग र वनस्पतिहरू आपसमा निर्भर भएकाले पर्यावरणीय सन्तुलनका लागि यी सबैको आवश्यकता छ । (वा.४२)
- यसबाट माटो, पानी र वायु प्रदूषणलाई घटाउन सहयोग मिल्दछ । (वा.४९)
- यस्तो खेतीले माटाको उर्वरा शक्ति कायम राख्छ र मानिस तथा पशुपन्छीबाट निस्कने फोहोर मैलाको व्यवस्थापनमा सहयोग गर्छ । (वा.५०)
- यसैले ठुलो धनराशि खर्चेर रासायनिक मल उत्पादन गर्नुभन्दा गाउँ सहरमा खेर आज वस्तु र वनस्पतिबाट सामान्य तरिकाले प्राङ्गारिक मल बनाउनु धेरै श्रेयस्कर छ । (वा.५१)
- यसले सहर सफा राख्न, मल उत्पादनको खर्च घटाउन र अन्ततः वातावरण जोगाउन सहयोग गर्छ । (वा.५२)
- राम्ररी खनजोत गरी समयमा बाली लगाउँदा र उचित मलजलको प्रयोग गर्दा बाली बिरुवाको प्रतिरोधक क्षमता बढ्छ । (वा.५४)
- यसबाट बाली बिरुवामा रोग र किराहरूको आक्रमणमा कमी आउँछ । (वा.५५)
- कतिपय किराहरूलाई हातले टिपेर, जालीको प्रयोग गरेर, बत्ती बालिदिएर र टाँसिने पदार्थ राखेर पनि नियन्त्रण गर्न सकिन्छ । (वा.५६)
- मित्र किराको उत्पादन उत्पादन गरेर पनि हानिकारक किरा नियन्त्रण गर्न सकिन्छ । (वा.५७)
- तितो, पिरो, अमिलो, टर्रो आदि वनस्पतिको झोल र धुलो प्रयोग गर्नाले अधिकांश किरा र कीटाणुलाई भगाउन र नियन्त्रण गर्न सकिन्छ । (वा.५८)
- त्यसो त जडीबुटीजन्य वनस्पतिमा पनि विषादीको मात्रा हुन्छ । (वा.६०)
- त्यो वातावरणमा चाँडै नष्ट पनि हुन्छ । (वा.६१)
- जैविक खेती केवल निर्वाहमुखी मात्र नभई यसको व्यावसायीकरण र आधुनिकीकरण हुनुपर्छ । (वा.६३)
- यसो गर्दा जैविक विधिबाट पनि पर्याप्त उत्पादन गर्न सकिन्छ । (वा.७१)

- प्रशस्त मात्रामा जङ्गल, चरन सुविधा र पानीको स्रोत भएकाले नेपालमा व्यावसायिक रूपमा गाई, भैँसी, बाख्रा, भेडा, कुखुरा, सुँगुर, माछा जस्ता पशुपन्छी पाल्न सकिन्छ । (वा.७३)
- बहु सङ्ख्यक नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै भएकाले त्यसलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ । (वा.७६)
- जैविक खाद्य वस्तु देशभित्र र विदेशमा पनि महँगो मूल्यमा सजिलै विक्री हुन्छ । ( वा.७९)
- निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । (वा.८१)
- परनिर्भरता घट्न जाँदा स्वावलम्बी संस्कृतिको विकास हुन्छ र राष्ट्रियता पनि बलियो बन्छ । (वा.८६)
- जैविक खेतीबाट वातावरण संरक्षण हुन्छ र मानव स्वास्थ्यमा पनि अनुकूल प्रभाव पर्छ । (वा.८८)
- नेपालमा खेतीलाई व्यवसायका रूपमा बुझ्न र ग्रहण गर्न सकिएको छैन । (वा.९२)
- संसार जतिसुकै अगाडि बढे पनि मानिसको प्राण बचाउने खानेकुरा अन्ततः खेतीबाटै आउँछ भन्ने कुरा हामीले मनन गर्न सकेका छैनौँ । (वा.९३)
- खेतीलाई व्यवसाय नै नमान्नु, हेला र उपेक्षाको पेसा मान्नु हाम्रो ठुलो कमजोरी हो । (वा.९४)

प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्माजम्मी ४८ वटा योगात्मक संयोजन प्रयोग भएको पाइन्छ । यसमा सबैभन्दा बढी 'र' संयोजन ३१ वटा र दोस्रोमा 'पनि' १५ वटा तथा एक पटक अनि र एक पटक अर्कोतिर गरी कूल ४८ वटा योगात्मक संयोजक आएको देखिन्छ । यसरी निबन्धमा प्रयोग भएका योगात्मक संयोजनले निबन्धको उपवाक्य र वाक्यहरूलाई संयोजन गरी सङ्कथनलाई सम्बद्धकपूर्ण तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**४.३.४.२. विपरीतार्थक संयोजन**

यस 'जैविक खेती' निबन्धमा केही मात्रामा विपरीतार्थक संयोजनको प्रयोग भएका छन् । अन्य संयोजनको तुलनामा यो विपरीतार्थक संयोजन कम प्रयोग भएको देखिन्छ ।

निबन्धमा प्रयोग भएको विपरीतार्थक संयोजनहरूलाई रेखाङ्कित गरी सन्दर्भित वाक्यसहित यसरी प्रस्तुत गरिएको छ :

- रासायनिक खेतीमा यी फाइदा भएर पनि यसका बेफाइदा पनि देखा पर्न थाले । (वा.१९)
- जैविक खेती केवल निर्वाहमुखी मात्र नभई यसको व्यावसायीकरण र आधुनिकीकरण हुनुपर्छ । (वा.६३)

'जैविक खेती' निबन्धमा जम्मा दुईवटा विपरीतार्थक संयोजन प्रयोग भएको पाइन्छ । यस निबनधमा प्रयुक्त अन्य संयोजनका तुलनामा यो अत्यन्त न्यून हो । यी संयोजनहरू क्रमशः उन्नाइसौं र त्रिसाठीऔं वाक्यमा प्रयुक्त छ । यी विपरीतार्थक संयोजनहरूले विपरीत अर्थ द्योतक गरी निबन्धका उपवाक्य तथा वाक्यहरूलाई जोड्ने कार्य गरेको छ । यसरी निबन्धमा प्रयुक्त विपरीतार्थक संयोजनले विषयगत सन्दर्भहरूलाई सम्बद्धककीय तुल्याएको देखिन्छ ।

### ४.३.४.३. कारणात्मक संयोजन

प्रस्तुत 'जैविक खेती' निबन्धको विभिन्न वाक्यहरूमा प्रयोग भएका कारणात्मक संयोजनहरूलाई रेखाङ्कित गरी सन्दर्भित वाक्यसहित यसरी प्रस्तुत गरिएको छ :

- पृथ्वीको पर्यावरण, मानव स्वास्थ्य र वनस्पतिक चक्रमा आएका सङ्कटले पनि रासायनिक खेतीप्रतिकूल हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भयो । (वा.२२)
- बहु सङ्ख्यक नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै भएकाले त्यसलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ । (वा.७६)
- निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । (वा.८१)
- संसार जतिसुकै अगाडि बढे पनि मानिसको प्राण बचाउने खानेकुरा अन्ततः खेतीबाटै आउँछ भन्ने कुरा हामीले मनन गर्न सकेका छैनौँ । (वा.९३)
- यसैले खेती हेय नभएर सबैको प्रिय पेसा बन्नुपर्छ । (वा.९८)

प्रस्तुत निबन्धमा जम्मा पाँचवटा कारणात्मक संयोजनको प्रयोग भएको देखिन्छ । यी कारणात्मक संयोजनहरू निबन्धको बाइसौं, सत्तहत्तरौं, एकासीऔं त्रियानब्बेऔं र

अन्ठानब्बेऔँ वाक्यहरूमा प्रयुक्त छन् । निबन्धमा यी संयोजनहरूले कार्यकारण सम्बन्ध स्थापित गरि सङ्कथनलाई सम्बद्धकीय बनाउँन सहयोग पुऱ्याएको छ ।

### ४.३.४.४. कालिक संयोजन

प्रस्तुत 'जैविक खेती' निबन्धमा पनि विभिन्न कालिक संयोजनहरू प्रयोग भएका छन् । कालिक संयोजन सम्बद्धकका अन्तिम संयोजन हो । यस निबनधमा प्रयुक्त संयोजनलाई यसरी प्रस्तुत गरिएको छ :

- यसैले थोरै जमिनमै धेरै उत्पादन गर्ने उपायका रूपमा १९ औं शताब्दीमा रासायनिक मलको आविष्कार भयो । वा.१४)
- यसै गरी २० औं शताब्दीदेखि बालीनालीमा लाग्ने कीट पतङ्गहरूलाई नियन्त्रण गर्न विषादीको पनि प्रयोग हुन थाल्यो । (वा.१६)
- रासायनिक मलबाट उत्पादन बढ्ने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएपछि  थोरै जमिनमा धेरै उत्पादन हुनु स्वाभाविक हो । (वा.१७)
- जैविक तत्त्वको कमी हुदाँ जमिन मरुभूमिमा परिणत हुन बेर लाग्दैन । (वा.२४)
- यसैले पछिल्लो समयमा रासायनिक खेतीको विकल्प सोच्न थालिएको छ । (वा.३२)
- यसका लागि सर्वप्रथम माटाको परिक्षण आवश्यक हुन्छ । (वा.६४)
- अब नेपालमा गाउँ गाउँसम्म सडक यातायात पुग्न थालेको छ । वा.७७)
- बर्सेनी अरबौं रुपियाँको खाद्य पदार्थ आयात गर्नु अहिलेको नेपालको बाध्यता बनेको छ । (वा.८०)

यस 'जैविक खेती' निबन्धमा जम्मा नौवटा कालिक संयोजन प्रयोग भएको पाइन्छ । यी संयोजकहरू निबन्धको चौधौं, सोह्रौ, सत्रौं, चौविसौं, बतिसौं, चौसाठीसौं, सतहत्तरौं र असिऔं गरी जम्मा आठवटा वाक्यमा प्रयुक्त छन् । यसरी निबन्धमा प्रयुक्त कालिक संयोजनले विषय र घटना बीच समयगत सम्बन्ध कायम गर्दै घटना सन्दर्भलाई संयोजनपूर्ण बनाएको देखिन्छ । यसैकारण उल्लिखित कालिक संयोजनहरूको सङ्कथन निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

समग्रतामा 'जैविक खेती' निबन्धमा प्रयुक्त संयोजन सम्बद्धकहरूलाई यसरी तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ९**

**'जैविक खेती' निबन्धमा प्रयुक्त संयोजन सम्बद्धकको समग्र अवस्था**

| संयोजन सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योगात्मक संयोजन | ४८ | ७५% |
| विपरीतार्थक संयोजन | २ | ३.१% |
| कारणात्मक संयोजन | ५ | ७.८% |
| कालिक संयोजन | ९ | १४.१% |
| जम्मा | ६४ | १००% |

'जैविक खेती' निबन्धमा जम्माजम्मी ६४ वटा संयोजन सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ । यीमध्ये योगात्मक संयोजनको प्रयोग सबैभन्दा धेरै अथवा ७५ प्रतिशत रहेको पाइन्छ भने विपरीतार्थक संयोजनको सबैभन्दा कम ३.१ प्रतिशत, कारणात्मकको ७.८ प्रतिशत र कालिक संयोजनको १४.१ प्रतिशत रहेको छ ।

समग्रतः 'जैविक खेती' निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकलाई यसरी तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नं. १०**

**'जैविक खेती' निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकको समग्र अवस्था**

| व्याकरणिक सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्दर्भन | २६ | १९.८% |
| प्रतिस्थापन | ३० | २२.९% |
| लोप/विलोपन | ११ | ८.४% |
| संयोजन | ६४ | ४८.९% |
| जम्मा | १३१ | १००% |

प्रस्तुत 'जैविक खेती' निबन्धमा जम्मा १३१ वटा व्याकरणिक सम्बद्धकको प्रयोग भएको पाइन्छ । यस निबन्धमा सन्दर्भन सम्बद्धकभन्दा धेरै अथवा ४८.९ प्रतिशत, संयोजन सम्बद्धक रहेको छ भने सन्दर्भन, प्रतिस्थापन र लोप सम्बद्धक क्रमशः १९.४ प्रतिशत, २३.९ प्रतिशत र ८.१ प्रतिशत व्याकरणिक सम्बद्धकहरू प्रयोग भएको पाइन्छ । यस निबन्धमा सबैभन्दा कम लोप संयोजनको प्रयोग भएको देखिन्छ । 'म को हुँ ?' निबन्धको तुलनामा यस 'जैविक खेती' निबन्धमा अत्यन्त कम सम्बद्धकको प्रयोग भएको छ ।

## ४.४. कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध निर्माणमा व्याकरणिक सम्बद्धकको भूमिका

भाषिक अभिव्यक्तिलाई जोडेर सङ्कथनलाई संरचित रूपमा सफल बनाउने कार्य व्याकरणिक सम्बद्धकले गर्दछ । एउटा भाषिक अभिव्यक्ति अथवा पाठमा व्याकरणिक सम्बद्धकको प्रयोग उपयुक्त नभए, उक्त भाषिक अभिव्यक्ति वा पाठ संप्रेषणीय हुन सक्दैन । यसैले पाठमा सुसंरचित हुनकालागि व्याकरणिक सम्बद्धक युक्त हुनुपर्दछ । प्रस्तुत 'म को हुँ ?' र 'जेविक खेती' निबन्धमा व्याकरणिक सम्बद्धकको प्रयोग पाइन्छ । यस व्याकरणिक सम्बद्धकको सन्दर्भनअर्न्तत सार्वनामिक, दर्शक र तुलनात्मक सन्दर्भनले दुबै निबन्धको संरचनात्मक पक्ष तथा वाक्यगत पक्षलाई स्तरीय र सुगठित बनाएको पाइन्छ । यस्तै प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन र लोपअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप आवश्यकताअनुसार लोप तथा प्रतिस्थापन गरी निबन्धको विषयवस्तुलाई संक्षिप्त र मिठासपूर्ण बनाउने कार्य गरेको छ । यसै गरी दुबै निबन्धमा प्रयुक्त उपवाक्य, वाक्य तथा भाषिक एकाइलाई योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक संयोजकहरूद्वारा संयोजन गरी विषयवस्तुलाई अझ सम्बद्ध बनाउन सहयोग पुगेको देखिन्छ ।

प्रस्तुत दुई निबन्धमध्ये 'म को हुँ ?' निबन्धमा सार्वनामिक सन्दर्भनको पर्याप्त मात्रामा प्रयोग  भएको पाइन्छ । यसमा पनि प्रथम र द्वितीय पुरुष सर्वनामको प्रयोग बढी पाइन्छ । आत्मपरक विषयमा लेखिएको यस निबन्धको विषयवस्तुअनुसार यो व्यक्तिवाचक सन्दर्भनको प्रयोग अत्यधिक र अन्य सन्दर्भनको प्रयोग सामान्य रहनु सान्दर्भिक देखिन्छ । यसै गरी यस निबन्धमा प्रतिस्थापनको प्रयोग अन्य सम्बद्धकको भन्दा कम पाइएको छ भने

लोप र संयोजन सम्बद्धकको प्रयोग उपयुक्त नै भएकोले प्रस्तुत निबन्ध व्याकरणिक सम्बद्धकको प्रयोगले पूर्ण रहेको देखिन्छ ।

'जैविक खेती' निबन्धमा 'म को हुँ ?' निबन्धको तुलनामा सम्बद्धकहरूको कम प्रयोग भएको देखिन्छ । प्रस्तुत 'जैविक खेती' निबन्ध 'म को हुँ ?' निबन्धभन्दा आयतनको हिसावमा पनि संक्षिप्त हुनाले प्रयुक्त सम्बद्धकको सङ्ख्या कम रहन गएको देखिन्छ । यस 'जैविक खेती' निबन्धमा लोप सन्दर्भन सम्बद्धक अन्यभन्दा कम प्रयोग भएको छ । वस्तुपरक तथा तथ्यपरक विषयमा लेखिएको यस निबन्धमा नामिक पदको बढी प्रयोग भएको पाइन्छ । यसैले नामिक प्रतिस्थापनको प्रयोग पनि पर्याप्त भएको देखिन्छ । आत्मपरक शैली र साहित्यिक भाषाको प्रयोग सङ्कथनमा भन्दा वस्तुपरक शैली र सामान्य तथा सरल भाषा प्रयोग गरेको सङ्कथनमा सम्बद्धकको प्रयोग कम हुने यस अध्ययनले देखाएको छ ।

समग्रमा भन्नुपर्दा निबन्धको विषयगत प्रकार, संरचनागत आयतन र विधागत भाषा प्रयोगको आधारमा यी दुबै निबन्धमा सम्बद्धकको प्रयोग उपयुक्त देखिन्छ । यसरी निबन्धमा प्रयोग भएको व्याकरणिक सम्बद्धकहरूले वाक्य तथा वाक्यभन्दा माथिल्लो भाषिक एकाइबिच विषय र सन्दर्भअनुसार जोडकको कार्य गरेको पाइन्छ । उक्त जोडकको कार्यले निबन्धलाई सम्प्रेषणीय, बोधगम्य र संरचनात्मक रूपमा सम्बद्ध बनाउन व्याकरणिक सम्बद्धकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

**अध्याय पाँच**

# कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका कोशीय सम्बद्धक

## ५.१ पृष्ठभूमि

प्रस्तुत अध्ययनमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण गर्ने क्रममा 'म को हुँ ?' र 'जैविक खेती' निबन्धलाई कोशीय सम्बद्धकको आधारमा विश्लेषण गरिएको छ । यस कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधान गरी दुई भेद रहेका छन् । पुनरुक्तिअन्तर्गत पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता उपभेदहरू पर्दछन् । सम्बद्धकका यी भेद उपभेदहरूको क्रमशः विश्लेषण गरिएको छ ।

## ५.२ .'म को हुँ ?' निबन्धमा कोशीय सम्बद्धक

सङ्कथनमा प्रयुक्त शाब्दिक युक्ति नै कोशीय सम्बद्धक हो । खुला र स्वतन्त्र भाषिक व्यवस्था भएको, अव्याकरणिक तर सङ्कथनमा अन्तर्वाक्यीय सम्बन्ध कायम गर्ने युक्तिलाई कोशीय सम्बद्धक भनिन्छ । कुनै पनि व्यक्ति, घटना र विषयसँग सम्बन्धित भएर सूचना प्रदान गर्ने कार्यमा यस सम्बद्धकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधान पदछन् । प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयुक्त पुनरुक्ति र सन्निधान पुनरुक्तिअन्तर्गत पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता उपभेदहरूको विश्लेषण यसरी गरिएको छ :

### ५.२.१. पुनरुक्ति

प्रस्तुत 'म को हुँ ?' निबन्धमा प्रयुक्त पुनरुक्तिहरूलाई क्रमशः विश्लेषण गरिएको छ

#### ५.२.१.१.पुनरावृत्ति

प्रस्तुत 'म को हुँ ?' निबन्धमा पुनरावृत्ति सम्बद्धकको पर्याप्त मात्रमा प्रयोग भएको छ । निबन्धको प्रत्येक वाक्यमा प्रयुक्त पुनरावृत्ति सम्बद्धकहरूलाई यसरी प्रस्तुत गरिएको छ :

- चोर (वा.१) = १

- थाहा (वा.२) = १
- आँखा, ठुला, ठुला (वा.३) = ३
- सज्जन (वा.४) = १
- मानिस, चोर, मानसिक रोगी (वा.६) = ३
- मानसिक रोगी (वा.७) = १
- चोर (वा.८) = १
- चोर, चोर (वा.९) = २
- अगाडि, कुरा, डर (वा.१०) = ३
- कुरा (वा.११) = १
- सज्जन (वा.१२) = १
- इमानदार, कुरा, इमानदार, चोर (वा.१३) = ४
- इमानदार, चोर (वा.१४) = २
- बाध्य (वा.१९) = १
- बाध्य, हातल, कुरा (वा.२०) = ३
- बाध्य, कुरा (वा.२१) = २
- गरिब, कुरा, पर्याप्त (वा.२२) = ३
- गरिब, माया, चाहना (वा.२घ) = ३
- धेरै, दया (वा.२४) = ३
- दया (वा.२५) = १
- फेरी, कुरा (वा.२६) = २
- साँचो, कुरा (वा.२८) = २
- एउटा, फेरि, कुरा,कुरा सबै (वा.३०) = ५
- साँचो, कुरा (वा.३१) = २
- सास, पशु (वा.३२) = १
- पशु, मानिस, जात (वा.३३) = ३
- पशु, मन, पर्याप्त (वा.३४) = ३
- रहर (वा.३५) = १

- बाध्य (वा.३६) = १
- खुसी, कुरा, भाव, अनुहार, (वा.३७) = ४
- भाव (वा.३८) = १
- मन (वा.४०) = १
- धैर्य, कुरा (वा.४१) = २
- सास (वा.४४) = १
- कुरा, सबै (वा.४८) = २
- फुल, आँखा, मन (वा.५१) = ३
- आँसु (वा.५२) = १
- जीवन, सन्तुष्ट, फुल, फुल, भाव (वा.५३) = ५
- बादल, गम्भीरता (वा.५४) = २
- बादल, गाली (वा.५५) = २
- गाली, रिस (वा.५६) = २
- जीवन, गाली, रिस, भाव (वा.५७) = ४
- बादल (वा.५८) = १
- आँसु, (वा.५९) = १
- पहाड, धैर्य, भाव (वा.६०) = ३
- जीवन, भाव (वा.६१) = २
- भाव (वा.६२) = १
- पहाड, भाव (वा.६३) = २
- जीवन, हिंस्रकता (वा.६४) = २
- हिंस्रक, पशु, जीवन, हिस्रकता (वा.६५) = ४
- जीवन, कथा (वा.६६) = २
- शुष्क, प्रकृति, प्रकृति (वा.६७) = ३
- प्रकृति, प्रकृति (वा.६८) = २
- कुरा, प्रकृति (वा.६९) = २
- भाव, प्रकृति, भाषा (वा.७०) = ३

- प्रकृति, जीव, सर्वस्व (वा.७१) = २
- सबै (वा.७२) = १
- लोभी, ठुलो, भाग सबै (वा.७३) = ३
- भाग सबै (वा.७४) = १
- प्रकृति आमा, सन्तानसँग (वा.७५) = ३
- आमा (वा.७६) = १
- आमाहरू, आमा (वा.७७) = २
- आमा, आमा (वा.७८) = २
- आमा, मित्र, आमा, भाव (वा.७९) = ४
- सन्तान, पीडा, आमा (वा.८०) = ३
- संसार, आमा, भाव (वा.८१) = ३
- छोरा, माया (वा.८२) = २
- छोरी, माया (वा.८३) = २
- छोरी, भाव (वा.८४) = २
- छोरी, जात, भाव (वा.८५) = ३
- आमा (वा.८७) = १
- बाबा (वा.८८) = १
- बाबा, बाबा पुत्री (वा.९०) = ३
- थाहा, आमाबाबा (वा.९१) = २
- आमाबाबा (वा.९२) = १
- सर्वस्व, कुरा, थाहा (वा.९३) = ३
- मन (वा.९४) = ३
- आमाबाबा (वा.९५) = १
- मानिसहरू, प्रेम (वा.९६) = २
- थाहा, प्रेम, भाव (वा.९८) = ३
- मन, पतिपत्नी, पतिपत्नी (वा.९९) = ३
- भावहरू (वा.१००) = १

- दाजु, भाउजू, दाजु, भाव, भाउजू, भाव (वा.१०१) = ६
- भाइ, बहिनी, पुत्रपुत्री, भाव (वा.१०२) = ४
- मन, धन, दुःखी  (वा.१०४) = ३
- दुःख, भाव, मन (वा.१०५) = ३
- दुःखी, गरिब, दुःख, पीडा, इमानदार, कुरा, भाव (वा.१०६) = ७
- नेपाली, महिलाहरू, जीवन, कुण्ठा, रुवाइ, भाव (वा.१०७) = ६
- भाव, हृदय, (वा.१०८) = २
- रुवाइ, कुण्ठा, भावहरू, मन (वा.१०९) = ४
- बालक, दया (वा.११०) = २
- मित्र (वा.१११) = १
- मन (वा.११३) = १
- दिन (वा.११६) = १
- अगाडि, मन (वा.११७) = २
- मन (वा.११८) = १
- बालकहरू, मित्रता, हात (वा.११९) = ३
- पवित्र, निश्चल, माया, (वा.१२०) = ३
- आँखा (वा.१२२) = १
- आँखा, भाव (वा.१२३) = २
- हात, भावहरू (वा.१२४) = २
- आँसु, भावहरू (वा.१२५) = २
- मानिस, प्रकृति, भाव (वा.१२६) = ३
- दुःखान्तक, सुखान्तक, सात्यि, भाव (वा.१२७) = ४
- सुखान्तक, साहित्य, दुःखान्तक, सहित्य (वा.१२८) = ४
- संसार, दुःखान्तक साहित्य (वा.१२९) = ३
- भाव (वा.१३०) = १
- चरा, फुल, सौन्दर्य, (वा.१३१) = ३
- प्रकृति, उपमा, मानव (वा.१३२) = ३

- उपमा (वा.१३३) = १
- कुरा (वा.१३४) = १
- चोर (वा.१३५) = १
- धनी (वा.१३६) = १
- फेरी (वा.१३८) = १
- कुरा (वा.१४०) = १
- कुराहरू (वा.१४१) = १
- दुःख, कुराहरू (वा.१४२) = २
- रहर (वा.१४६) = १
- कुरा (वा.१४८) = १
- कुरा (वा.१४९) = १
- कुरा (वा.१५०) = १
- कङ्गाल, कङ्गाल (वा.१५२) = २
- चोर (वा.१५५) = १
- सबै, कुरा, कुरा (वा.१५६) = ३
- भवहरू, मन (वा.१५७) = २
- भावहरू, भाव (वा.१५८) = २
- भाव, भावहरू (वा.१५९) = २
- भाव, भाव (वा.१६०) = २
- दिन, ठुलो, शुष्क (वा.१६१) = २
- धनी, कुरा (वा.१६४) = २
- चोर (वा.१६६) = १
- चोर (वा.१६७) = १
- सामान चोर (वा.१६८) = २
- अनुहार (वा.१६९) = १
- सामान (वा.१७१) = १
- कुरा (वा.१७४) = १

- साहित्य, सवै (वा.१७५) = २
- दुःख (वा.१८२) = १
- कुरा, सबै (वा.१८४) = २
- मन, भाव, भावहरू, ढुकुटी,  साहित्य (वा.१८५) = ५
- भाव, ढुकुटी (वा.१८६) = २
- मन (वा.१८८) = १
- भाव (वा.१८९) = १
- मित्र (वा.१९०) = १
- हृदय (वा.१९१) = १

प्रस्तुत 'म को हुँ ?' निबन्धमा जम्मा २९९ वटा भाषिक एकाइहरूको पुनरावृत्ति भएको पाइन्छ । यसरी कोशीय सम्बद्धक बारम्बार आवृत्ति हुने क्रममा 'भाव' शब्द सबैभन्दा बढी ३१ पटक आवृत्ति भएको देखिन्छ । शब्दहरूको बारम्बार आवृत्ति क्रममा सबैभन्दा बढी सातवटा शब्दहरू दशौं अनुच्छेदको, एकसय छऔं वाक्यमा भएको पाइन्छ । निबन्धमा आवृत्ति भएका पुनरावृत्ति सम्बद्धकहरूले विषयवस्तुलाई पूर्वसन्दर्भसँग सन्दर्भित गराउँदै सङ्कथनलाई शाब्दिक रूपमा स्पष्ट बनाउन सहयोग गरेको देखिन्छ ।

### ५.२.१.२. पर्यायवाची

यस 'म को हुँ ?' निबन्धमा पर्यायवाची सम्बद्धकको प्रयोग केही मात्रामा भएको छ । निबन्धमा प्रयुक्त पर्यायवाची शब्दको समान अर्थ प्रदान गर्ने अर्को शब्दलाई यहाँ सँगसँगै प्रस्तुत गरी कोष्ठकमा दुबै समानार्थी भाषिक एकाइ प्रयोग भएको वाक्यको सङ्ख्या प्रस्तुत गरिएको छ । यसरी प्रयोग भएको समानार्थी अथवा पर्यायवाची शब्दहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

- सज्जन – इमानदार (वा.४ -१३)
- मानिस – मानव (वा.६ -१३२)
- सत्य – साँचो (वा.७ -२८)
- अभ्यास – प्रयत्नरत (वा.९ -१३)
- निकै – असाध्यै – धेरै (वा.९ -२२-२४)

- ठ्याम्मै – पटक्कै (वा.१० -९३)
- मन – चित्त (वा.१२ -१६५)
- गरिब – कङ्गाल (वा.२२ -१६४)
- माया – प्रेम (वा.२३-९६)
- सबै – जम्मै (वा.३० -१६०)
- जिन्दगी – जीवन (वा.३४ -५३)
- फुल–पुष्प (वा.५१ -९४)
- सन्तान – पुत्रपुत्री (वा.७५ -१०२)
- संगिनी – मित्र (वा.७८ -९६)
- छोरा – पुत्र (वा.८१ -१०२)
- छोरी – पुत्री (वा.८२ -९०)

प्रस्तुत निबन्धमा सज्जन, सबै, मानिस सत्य, अभ्यास, निकै, ठ्याम्मै, मन, गरिब, माया, जिन्दगी, फुल, सन्तान, संगिनी, छोरा, छोरी गरी जम्मा १६ वटा पर्यायवाची सम्बद्धकको प्रयोग भएको छ । यसरी प्रयोग भएको शब्दहरू मुख्यतया वाक्येतर नै छन् । निबन्धमा प्रयुक्त उल्लिखित शब्दहरू प्रायः दूरवर्ती नै रहेका छन् । उक्त पर्यायवाची शब्दहरूले व्यक्ति, विषय तथा भावलाई सोही रूपमै प्रस्तुत गरी विषयगत विचारलाई सन्दर्भसँग उन्दै निबन्धलाई सम्बद्धकपूर्ण बनाउन सहयोग गरेको देखिन्छ ।

### ५.२.१.३. विपरीतार्थी

प्रस्तुत म को हुँ ?' निबन्धमा प्रयुक्त विपरीतार्थी पुनरुक्ति यसप्रकार छन् :

- चोर – सज्जन (वा.१-४)
- गरिब – धनि (वा.२२-१६)
- धेरै – कम (वा.२४-८१)
- आमा – बाबा (वा.७६-९८)
- छोरा - छोरी (वा.८१-८२)
- पति – पत्नी (वा.९९)
- दाजु – भाउजू (वा. १०१)

- दुःखान्त – सुखान्त (वा.१२६)
- परोक्ष – प्रत्यक्ष (वा.१६६-१६७)

यस निबन्धमा चोर, गरिब, धेरै, आमा, छोरा, पति, दाजु, दुःखान्त, परोक्ष, गरी जम्मा नौवटा विपरीतार्थी सम्बद्धक प्रयुत्त रहेका छन् । प्रस्तुत निबन्धमा प्रयुक्त विपरीतार्थी शब्दहरू मूलतः वाक्य बाहिर छन् भने अंशतः वाक्यभित्र रहेका छन् । यसरी निबन्धमा प्रयुक्त विपरीतार्थी शब्दहरू निकटवर्ती र दूरवर्ती दुवै प्रगोग गरिएको पइन्छ । यसमा पनि दूरवर्ती रूपमा कम प्रयोग भएको छ । दूरवर्ती वाक्यमा (उदा. धेरै – कम, वा.२४-८१, आमा – बाबा, वा.७६-९८ आदि) रहेका छन् । उल्लिखित विपरीतार्थी शब्दहरूले निबन्धको पूर्ववर्ती भाव तथा विचारलाई पश्चवर्ती विचारसँग संयोजन गर्ने कार्य गरेको छ । उल्लिखित विपरीतार्थी सम्बद्धकहरूले निबन्धको विषय सन्दर्भलाई सम्बद्ध बनाएको देखिन्छ ।

### ५.२.१.४. समावेशी–समावेश्य

यस 'म को हुँ ?' निबन्धमा विभिन्न प्रकारका समावेशी र समावेश्य शब्दहरूको प्रयोग भएको पाइन्छ । यी समावेशी-समावेश्य शब्दहरूलाई यसरी प्रस्तुत गरिएको छ :

- रुख = पालुवा, पात, फुल
- प्रकृति = बगैंचा, फुल, बादल, नदीनाला, पहाड, पत्थर
- मानिस = चोर, आमा, बाबा, छोरा, छोरी, पुत्रपुत्री, दाजु, भाउजू, पतिपत्नी, भाइ, बहिनी बालक
- सन्तान = छोरा, छोरी, पुत्रपुत्री
- भाव = दया, माया, प्रेम, रिस, दुःख, पीडा
- अनुहार = मुख, आँखा
- जीव = पशु, चरा चुरुङ्गी, मानिस, गड्यौला

'म को हुँ ?' निबन्धमा रुख, प्रकृति, मानिस, सन्तान, भाव, अनुहार, जीव गरी जम्मा सातवटा समावेशी शब्दहरू रहेका छन् र यी समावेशी शब्दहरूमा विभिन्न समावेश्य शब्दहरू समावेशित भएका छन् । यस्ता शब्दहरू निबन्धका वाक्येतर र वाक्यान्तरिक रूपमा रहेका छन् । उल्लिखित समावेशी र समावेश्य सम्बन्धबाट निबन्धमा प्रयुक्त व्यक्ति, वस्तु, विषय प्राणी अथवा भावका बिच सम्बद्धकीय संयोजन रहेको पाइन्छ ।

### ५.२.१.५. अङ्गी–अङग

प्रस्तुत निबन्धमा पनि पूर्णवाची र अंशवाची शब्दहरूको प्रयोग भएको छ । यही पूर्णवाची र अंशवाची शब्दको सम्बन्धलाई अङ्गी-अङ्ग सम्बद्धक भनिन्छ । यस निबन्धमा अङ्गी-अङ्ग शब्दहरू केही मात्रै प्रयुक्त छन् जसलाई  यसरी प्रस्तुत गरिएको छ :

- रुख = पात,
- चरा = पखेटा

यस 'म को हुँ ?' निबन्धमा रुख, चरा जम्मा दुईवटा मात्र अङ्गी-अङ्ग  शब्दहरूको प्रयोग भएको छ । यो अङ्गी-अङ्ग शब्द वाक्य बाहिर नै प्रयोग भएको छ । निबन्धमा प्रयुक्त यी अङ्गी-अङ्ग शब्दहरूले व्यक्ति, वस्तु प्राणी र विषयका बिच पूर्ण-अंशको सम्बन्ध कायम रहेका छन् । उक्त अङ्गी-अङ्ग शब्दहरूले निबन्धमा सम्बद्धकीय भूमिका निर्वाह गरेको छ ।

अन्ततः 'म को हुँ ?' निबन्धमा प्रयोग भएको पनरुक्ति सम्बद्धकहरूलाई यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**

**'म को हुँ ?' निबन्धमा प्रयुक्त पुनरुक्ति सम्बद्धकको समग्र अवस्था**

| पुनरुक्ति सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरावृत्ति | २९९ | ८९.८% |
| पर्यायवाची | १६ | ४.८% |
| विपरीतार्थी | ९ | २.७% |
| समावेशी-समावेश्य | ७ | २.१% |
| अङ्गी-अङ्ग | २ | ०.६% |
| जम्मा | ३३३ | १००% |

'म को हुँ ?' निबन्धमा जम्मा ३३३ वटा पुनरुक्ति सम्बद्धकहरू प्रयुक्त भएका छन् । यसमा पुनरावृत्ति पुनरुक्तिको प्रयोग सबैभन्दा बढी अथवा ८९.८ प्रतिशत रहेको देखिन्छ

भने पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग पुनरुक्तिहरूमा क्रमशः ४.८ प्रतिशत, २.७ प्रतिशत, २.१ प्रतिशत, ०.६ प्रतिशत रहेको पाइन्छ । यसरी पुनरुक्तिहरूको प्रतिशतहरूलाई हेर्दा अङ्गी-अङ्गको प्रतिशत अत्यन्त न्यून रहेको पाइन्छ ।

### ५.२.२. सन्निधान

प्रस्तुत 'म को हुँ ?' निबन्धमा केही सन्निकट भाषिक एकाइको प्रयोग भएको छ । यस्ता सन्निकट शब्दहरूलाई सन्निधान भनिन्छ । यस निबन्धमा प्रयुक्त सन्निधान सम्बद्धकहरू यसप्रकार छन् :

- बगैँचा – फुल (वा.५१)
- रुख – पालुवा (वा.६१)
- रुख – फुल (वा.६१)
- पशु – हिंस्रक (वा.६५)
- चरा – चिरीबिरी (वा.६५)
- चरा – पखेटा (वा.६५)
- आमा – सन्तान (वा.७५)
- बाबा – पितृभाव (वा.९०)
- तन – मन (वा.१०४)
- आँखा – आँसु (वा.१२३)

यसरी 'म को हुँ ?' निबन्धमा जम्मा १० वटा शब्दको निकटस्थ शब्दसँग सान्निध्य सम्बन्ध कायम रहेको देखिन्छ । यी सन्निकट शब्दहरू निबन्धको वाक्य भित्रै र वाक्य बाहिर प्रयोग भएको छ । प्रस्तुत निबन्धमा प्रयुक्त सन्निकट सम्बन्धयुक्त शब्दहरूबाट निबन्धको विषय सन्दर्भबिच परस्पर सम्बन्ध कायम भई निबन्धलाई सम्बद्ध तुल्याउन मद्दत पुगेको देखिन्छ ।

अन्तमा 'म को हुँ ?' निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### तालिका नं. १२

### 'म को हुँ ?' निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकको समग्र अवस्था

| कोशीय सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरुक्ति सम्बद्धक | ३३३ | ९७.१% |
| सन्निधान सम्बद्धक | १० | २.९% |
| जम्मा | ३४३ | १००% |

'म को हुँ ?' निबन्धमा समग्र कोशीय सम्बद्धकलाई हेर्दा जम्मा ३४३ वटा कोशीय सम्बद्धकहरू प्रयोग भएको पाइन्छ । यसमा पुनरुक्तिको प्रयोग अत्यधिक अथवा ९७.१ प्रतिशत रहेको छ भने सन्निधान सम्बद्धकको प्रयोग २.२९ प्रतिशत रहेको देखिन्छ ।

## ५.३ .'जैविक खेती ' निबन्धमा कोशीय सम्बद्धक

सङ्कथनमा प्रयुक्त शाब्दिक युक्ति नै कोशीय सम्बद्धक हो । कोशीय सम्बद्धक खुला र स्वतन्त्र भाषिक व्यवस्था भएको, अव्याकरणिक तर सङ्कथनमा अन्तर्वाक्यीय सम्बन्ध कायम गर्ने युक्ति हो । कोशीय सम्बद्धकले कुनै पनि व्यक्ति, घटना र विषयसँग सम्बन्धित भएर सूचना प्रदान गर्ने कार्य गर्दछ । कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधान सम्बद्धक गरी दुई भेद रहेका छन् । यहाँ प्रस्तुत 'जैविक खेती' निबन्धमा प्रयुक्त पुनरुक्ति र सन्निधान सम्बद्धककासाथै पुनरुक्तिको पनि विभिन्न उपभेदहरूको विश्लेषण क्रमशः गरिएको छ :

### ५.३.१. पुनरुक्ति

प्रस्तुत 'जैविक खेती' निबन्धमा भाषिक एकाइ अथवा अभिव्यक्तिगत ढाँचाको बारम्बार आवृत्ति भएको पाइन्छ । यसरी पटक पटक भाषिक एकाइहरूको प्रयोग हुनुलाई पुनरुक्ति भनिन्छ । यस पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता सम्बद्धकहरू पर्दछन् । यस निबन्धमा प्रयुक्त उल्लिखित पुनरुक्ति सम्बद्धकका भेदहरूलाई यसप्रकार विश्लेषण गरिएको छ :

### ५.३.१.१. पुनरावृत्ति

'जैविक खेती' निबन्धमा पुनरावृत्ति सम्बद्धकको प्रशस्त मात्रमा प्रयोग भएको पाइन्छ । यस निबन्धको ११ अनुच्छेदभित्र रहेका प्रत्येक वाक्यमा प्रयुक्त पुनरावृत्ति सम्बद्धकहरूलाई कोष्ठकमा वाक्य सङ्ख्या दिएर यसरी प्रस्तुत गरिएको छ :

- खेती, तरिका, रासायनिक, जैविक, (वा.१) = ४
- रासायनिक, मल, कीटनाशक, विषादी, खेती रासायनिक, खेती (वा.२) = ७
- परम्परागत, जैविक, वस्तु, निर्भर, खेती, जैविक (वा.३) = ७
- जीव, कुरा, जैविक (वा.४) = ७
- खाना, पानी, हावा, जीव (वा.५) = ४
- हानिकारक, तत्त्व, विषदी, खेती जैविक (वा.६) = ५
- मानिस, जीव, तत्त्व (वा.७) = ३
- परिवेश, वनस्पति, जडीबुटी, वस्तु, जैविक, खेति, सामग्री (वा.८) = ७
- सामग्री, जीवन, हानिकारक, लाभदायक, (वा.९) = ७
- प्राङ्गारिक, मल, प्राङ्गारिक, खेती, (वा.१०) = ४
- कृषि, जैविक, खेती (वा.११) = ३
- विकास, जनसङ्ख्या, ठूलो, कुषि, (वा.१२) = ४
- काम, थोरै, धेरै (वा.१३) = ३
- थोरै, जमिन, धेरै, उत्पादन, उपाय, रासायनि, मल (वा.१४) = ७
- रासायनिक, मल, बाली, विरुवा, खाद्य तत्त्वहरू, उत्पादन (वा.१५) = ८
- बालीनाली, कीट पतङ्गहरू, नियन्त्रण, विषादी (वा.१६) = ४
- रासायनिक, मल, उत्पादन, विषादी, रोग, किरा, नियन्त्रण, प्रयोग, थोरै, जमिन, धेरै, उत्पादन (वा.१७) = १२
- थोरै, मिहेनत, धेरै, उब्जनी, रासायनिक, खेती (वा.१८) = ६
- रासायनिक, खेति (वा.१९) = २
- रासायनिक, खेती (वा.२०) = २
- नकरात्मक असरहरू, विकल्प (वा.२१) = ३

- पृथवी, पर्यावरण, मानव, स्वाथ्य, वनस्पति, सङ्कट, रासायनिक, खेति, प्रतिकूल (वा.२२) = ९
- रासायनिक, मल, माटा, प्रकृति, बनावट (वा.२३) = ५
- जैविक, तत्त्व, जमिन (वा.२४) = ३
- बाली, बिरुवा, कीट पतङ्ग, किरा फट्याङ्ग्रा, चराचुरुङ्गी, सहयोग (वा.२५) = ६
- कीट पतङ्ग, बाली, सहयोग, उत्पादन (वा.२६) = ४
- रासायनिक, खेती, बाली, बिरुवा, मित्र असर (वा.२७) = ६
- शत्रु किरा, प्रतिरोधात्मक, क्षमता, कडा, कडा, विषादी, प्रयोग (वा.२८) = ७
- विषादी, प्रयोय, मानव, स्वास्थ्य, गम्भीर, असर (वा.२९) = ७
- रोग (वा.३०) = १
- रासायनिक, खेती, मानव, स्वास्थ्य, पर्यावरणीय, सन्तुलन, जैविक, गम्भीर, सङ्कट, सिर्जना (वा.३१) = १०
- समय, रासायनिक, खेती, विकल्प, (वा.३२) = ४
- रासायनिक, खेती, विकल्प, जैविक, खेती, (वा.३३) = ५
- पृथ्वी, बोट, बिरुवाहरू, कीट पतङ्ग, चराचुरुङ्गी, जनावर, मानिसहरू, निर्भर (वा.३४) = ८
- प्राणी, खाद्य, तत्त्व, अक्सिजन, बोट, बिरुवा (वा.३५) = ६
- बोट, बिरुवाहरू, हावा, जीवजन्तु (वा.३६) = ४
- मानिस, जनावरहरू, विरुवा, (वा.३७) = ३
- पात, पतिङ्गार, बोट, बिरुवा, मल, कीट पतङ्गहरू (वा.३८) = ६
- पृथ्वी, प्राणी, वनस्पति, प्रक्रिया (वा.३९) = ४
- पृथ्वी, जीव, अस्तित्त्व (वा.४०) = ३
- प्रक्रिया, वातारणीय, प्रदूषण (वा.४१) = ६
- पृथ्वी, सबै, पशुपन्छी, कीट पतङ्ग, वनस्पतिहरू, निर्भर, पर्यावरणीय, सन्तुलन, सबै (वा.४२) = १०
- शत्रु किरा, फट्याङ्ग्रा, पर्यावरणीय, सन्तुलन आवश्यक (वा.४३) = ५
- जीव, उपाय (वा.४४) = २

- जैविक, खेति (वा.४५) = २
- जैविक, खेती, वातावरणीय, सन्तुलन, पृथ्वी, सबै, जीवन, काम (वा.४६) = ८
- जैविक, खेती, प्राङ्गारिक, मल, प्रयोग (वा.४७) = ५
- प्राङ्गारिक, मल, वातावरण, असर (वा.४८) = ४
- माटा, पानी, वायु, प्रदूषण, (वा.४९) = ४
- खेती, माटा, उर्वरा, मानिस, पशुपन्छी, फोहोर, सहयोग (वा.५०) = ७
- ठुलो, रासायनिक, मल, उत्पादन, गाँउ, सहर, वस्तु, वनस्पति, प्राङ्गारिक, मल, धेरै (वा.५१) = ११
- सहर, मल, उत्पादन, वातावरण, सहयोग (वा.५२) = ५
- जैविक, रोग, किरा, नियन्त्र, उपायहरू (वा.५३) = ११
- समय, बाली, मलजल, प्रयोग, बाली, बिरुवा, प्रतिरोधक, क्षमता (वा.५४) = ८
- बाली, बिरुवा रोग, किराहरू (वा.५५) = ४
- किराहरू, हात, प्रयोग, पदार्थ नियन्त्र, (वा.५६) = ५
- मित्र, किरा, उत्पादन, हानिकारक, किरा, नियन्त्रण (वा.५७) = ६
- वनस्पति, प्रयोग, किरा, कीटाणु, नियन्त्रण (वा.५८) = ५
- वनस्पति (वा.५९) = १
- जडीबुटीजन्य, वनस्पति, विषादी (वा.६०) = ३
- वातावरण (वा.६१) = १
- जडीबुटीजन्य, विषादी, प्रयोग, खाद्य, पदार्थ (वा.६२) = ३
- जैविक, खेती, निर्वाहमुखी (वा.६३) = ३
- माटा, परीक्षण, आवश्यक (वा.६४) = ३
- माटा, तत्त्व (वा.६५) = २
- तत्त्व, अभाव (वा.६६) = २
- माटो, बाली, उपयुक्त (वा.६७) = ३
- कुरा, जानकारी, माटा, प्रकृति, जैविक, खेती (वा.६८) = ६
- माटा, तत्त्व, जैविक (वा.६९) = ३

- उपयुक्त, हावापानी, उपयुक्त, मौसम, आवश्यक, मल, प्रयोग, व्यवस्था, उपयुक्त, खेती आवश्यक (वा.७०) = ११
- जैविक, विधि, उत्पादन (वा.७१) = ३
- नेपाल, प्रकृति, पर्यावरण, जैविक, खेती, अनुकूल (वा.७२) = ६
- पानी, नेपाल, व्यावसायिक, पशुपन्छी (वा.७३) = ४
- उत्पादन, प्राङ्गारिक, मल, उत्पादन (वा.७४) = ४
- पानी, व्यवसाय (वा.७५) = २
- नेपाली, व्यवसाय, जैविक, खेती, थौरै (वा.७६) = ५
- नेपाल, गाउँ, गाउँ (वा.७७) = ३
- वस्तु (वा.७८) = १
- जैविक, खाद्य, वस्तु, देशभित्र, विदेश, (वा.७९) = ५
- खाद्य, पदार्थ, नेपाल (वा.८०) = ३
- निर्वाहमुखी, परम्परागत, खेति (वा.८१) = ३
- जैविक, खेति, नेपाल, आत्मनिर्भर (वा.८२) = ४
- नेपाल, जैविक, खेती, रोजगारी (वा.८३) = ४
- रोजगारी, युवाहरू, विकास, (वा.८४) = ३
- युवाहरू, स्वदेश, सकरात्मक, प्रभाव (वा.८५) = ४
- विकास (वा.८६) = १
- जैविक, खेती, वातावरण, संरक्षण, मानव, स्वास्थ्य, अनुकुल, प्रभाव (वा.८८) = ८
- वातावरण, स्वास्थ्य, क्षेत्र, बचत, (वा.८९) = ४
- बचत, क्षेत्र (वा.९०) = २
- कृषि, आत्मनिर्भर, नेपाल, संसार, मुलुक (वा.९१) = ५
- नेपाल, खेती, व्यवसाय (वा.९२) = ३
- संसार, अगाडि, मानिस, खेती (वा.९३) = ४
- खेती, व्यवसाय, पेसा, ठुलो, कमजोरी (वा.९४) = ५
- खेती, वनस्पति, उत्पादन, उपयोग, पेसा (वा.९५) = ५
- वनस्पति, मानिस, पानि (वा.९६) = ३

- पेसा (वा.९७) = १
- खेती, पेसा (वा.९८) = २
- नेपाल, कृषि, देश, जैविक, खेती, पेसा (वा.९९) = ६

प्रस्तुत 'जैविक खेति' निबन्धमा जम्मा ४५१ वटा भाषिक एकाइहरूको आवृत्ति भएको छ । यसरी निबन्धमा उही शब्दको बारम्बार आवृत्ति हुने क्रममा 'खेती' शब्द सबैभन्दा धेरै ३१ पटक आवृत्ति भएको देखिन्छ । बारम्बार आवृत्ति भएको शब्दहरूमध्ये सबैभन्दा बढी १२ वटा शब्दहरू दोस्रो अनुच्छेदको, सत्रऔँ वाक्यमा प्रयुक्त छन् । शब्दहरूको आवृत्ति अनुच्छेदका केही वाक्यहरूमा बढी सङख्यामा रहेको भए पनि प्रायः वाक्यहरूमा समान रूपले आवृत्ति भएको पाइन्छ । यसरी निबन्धमा आवृत्ति भएका पुनरावृत्ति सम्बद्धकहरूले विषयवस्तुलाई पूर्वसन्दर्भसँग जोडेर सङ्कथनलाई शाब्दिक रूपमा स्पष्ट बनाउने कार्य गरेको देखिन्छ । निबन्धमा प्रयुक्त यी शब्दहरूले निबन्धलाई सम्बद्ध तुल्याउने कार्य गरेको देखिन्छ ।

**५.३.१.२. पर्यायवाची**

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न प्रकारका पर्यायवाची सम्बद्धकहरू प्रयोग भएका छन् । निबन्धमा प्रयुक्त पर्यायवाची शब्दको समान अर्थ प्रदान गर्ने अर्को शब्दलाई यहाँ सँगसँगै प्रस्तुत गरी दुबै समानार्थी भाषिक एकाइ प्रयोग भएको वाक्यको वाक्य सङ्ख्या कोष्ठकमा प्रस्तुत गरिएको छ । यसरी प्रयोग भएको समानार्थी अथवा पर्यायवाची शब्दहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

- मानिस – मानब (वा.७ -२२)
- बालीनाली – खेतीपाती (वा.१६ -४३)
- उब्जनी – उत्पादन (वा.१९ -५७)
- पर्यावरण - वातावरण (वा.२२ -५२)
- पर्यावरणीय – वातावरणीय (वा.३१- ४१)
- प्राणी – जीवजन्तु (वा.३५ -३६)
- पर्याप्त – प्रशस्त (वा.७१ - ७३)
- हेला – उपेक्षा – हेय (वा.९४-९४-९८)

प्रस्तुत 'जैविक खेती' निबन्धमा मानिस, बालीनाली, उब्जनी, पर्यावरण, पर्यावरणीय, प्राणी, पर्याप्त, हेला गरी जम्मा आठवटा पर्यायवाची सम्बद्धकको प्रयोग भएको छ । यसरी प्रयोग भएको पर्यायवाची शब्दहरू मुख्यतया वाक्य तथा अनुच्छेदबाहिरै रहेका छन् । निबन्धमा प्रयुक्त उल्लिखित शब्दहरू प्रायः दूरवर्ती नै रहेको पाइन्छ । उक्त पर्यायवाची शब्दहरूले व्यक्ति, विषय तथा भावलाई सोही रूपमै प्रस्तुत गरी विषयगत विचारलाई सन्दर्भसँग उन्दै निबन्धलाई सम्बद्धकपूर्ण बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ५.३.१.३. विपरीतार्थी

यस 'जैविक खेती' निबन्धमा विभिन्न प्रकारको विपरीतार्थी पुनरुक्तिहरूको प्रयोग भएक छ । यी विपरितार्थी शब्दहरूलाई यसरी प्रस्तुत गरएको छ :

- रासायनिक – जैविक (वा.१)
- हानिकारक – लाभदायक (वा.१०)
- प्रतिकूल – अनुकूल (वा.२२-७२)
- शत्रु किरा – मित्र किरा (वा.४३-५७)
- गाउँ – सहर (वा.५१-५२)
- खर्च – बचत (वा.५१-८९)
- विदेश – स्वदेश (वा.७८- ८४)
- हेय – प्रिय (वा.९८)

यस 'जैविक खेती' निबन्धमा जम्मा आठवटा विपरीतार्थी सम्बद्धक प्रयुक्त रहेका छन् । प्रस्तुत निबन्धमा प्रयुक्त विपरीतार्थी शब्दहरू प्रायः वाक्य बाहिर छन् भने केही वाक्यभित्र रहेका छन् । यसरी निबन्धमा प्रयुक्त विपरीतार्थीको शब्दहरू निकटवर्ती र दूरवर्ती दुवै प्रगोग गरिएको छ । यसमा पनि दूरवर्ती रूपमा कम प्रयोग भएको छ । दूरवर्ती वाक्यमा (उदा. खर्च – बचत, वा.५१-८९) पाइन्छ । उल्लिखित विपरीतार्थी शब्दहरूले निबन्धको पूर्ववर्ती भाव तथा विचारलाई पश्चवर्ती विचारसँग सम्बद्ध गर्ने कार्य गरेको पाइन्छ । यसबाट निबन्धलाई सम्बद्धकपूर्ण बनाउन सहयोग पुगेको देखिन्छ ।

**५.३.१४. समावेशी–समावेश्य**

प्रस्तुत 'जैविक खेती' निबन्धमा केही समावेशी र समावेश्य शब्दहरूको प्रयोग भएको छ । यस निबन्धमा प्रयुक्त समावेशी शब्दमा समावेशित शब्दहरूलाई यसरी प्रस्तुत गरिएको छ :

- खेती = रासायनिक खेती, जैविक खेती, बाली, बिरुवा
- मानव/मानिस = युवाहरू
- तत्त्व = नाइट्रोजन, फोसफरस, पोटास,अक्सिजन, माटो, वायु, इन्धन
- रोग = क्यान्सर, उच्च रक्तचाप, हृदयघात
- वतावरण = हावा, पानी, माटो, जिवजन्तु,वनस्पति, पशुपन्छी, जडीबुटी जमिन, मरुभूमि, जङ्गल, चरण सुविधा
- कीट पतङ्ग = किरा, फट्याङ्ग्रा, मौरी, बारुला, पुतली झिँगा, सुलसुले
- पशुपन्छी = चरा चुरुङ्गी, खरायो, दुम्सी, बाँदर, गाई, भैसी, बाखा, भेडा, कुखुरा, सुँगुर, माछा
- वनस्पति = बोट बिरुवा, तितेपाती, निम, बकाइनु, सुर्ती, असुरो, बोझो, मौवा, धतुरो,

सिमली, अदुव, बेसार, टिम्मुर, तुलसी

- प्राणी = मानिस, कीट पतङ्ग, चरा चुरुङ्गी, जनावर, पशुपन्छी, किरा फट्याङ्ग्रा,
- मल = रासायनिक मल, प्राङ्गारिक मल
- खाद्य = दुध, दही, घिउ, मह, चिज
- देश = नेपाल
- सहर = सडक, यातायात, बजार
- मौरी = मह

यस 'जैविक खेती' निबन्धमा जम्मा १४ वटा समावेशी शब्दहरू रहेका छन् र यी समावेशी शब्दहरूमा विभिन्न समावेश्य शब्दहरू समावेशित भएका छन् । यस्ता शब्दहरू निबन्धका अनुच्छेद तथा वाक्यबाहिर र वाक्यभित्र प्रयुक्त छन् । उल्लिखित समावेशी र

समावेश्य सम्बन्धबाट निबन्धमा प्रस्तुत व्यक्ति, वस्तु, विषय प्राणी अथवा भावका बिच सम्बद्धकपूर्ण संयोजन रहेको पाइन्छ ।

**५.३.१.५. अङ्गी-अङ्ग**

प्रस्तुत 'जैविक खेती' निबन्धमा पनि पूर्णवाची र अंशवाची शब्दहरूको प्रयोग भएको छ । यही पूर्णवाची र अंशवाची शब्दको सम्बन्धलाई अङ्गी-अङ्ग सम्बद्धक भनिन्छ । यस निबन्धमा प्रयुक्त अङ्गी-अङ्ग शब्दहरूलाई यसरी प्रस्तुत गरिएको छ :

- देश = गाँउ, सहर
- मानिस/ मानव = मुटु, कलेजो, फोक्सो
- बोट बिरुवा = पात, पतिङ्गार

'जैविक खेती' निबन्धमा देश, मानिस, बोट बिरुवा गरी जम्मा तीनवटा अङ्गी-अङ्ग शब्दहरू प्रयोग भएका छन् । यी अङ्गी-अङ्ग शब्दहरू वाक्येतर र वाक्यान्तरिक रूपमा रहेका छन् । निबन्धमा प्रयुक्त यी अङ्गी-अङ्ग शब्दहरूले व्यक्ति, वस्तु, प्राणी र विषयका बिच पूर्ण-अंशको सम्बन्ध कायम गरेका छन् । उक्त अङ्गी-अङ्ग शब्दहरूले निबन्धमा सम्बद्धकीय भूमिका निर्वाह गरेको पाइन्छ ।

अन्तमा 'जैविक खेती' निबन्धमा प्रयोग भएको पुनरुक्ति सम्बद्धकहरूलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका नं. १३**

**'जैविक खेती' निबन्धमा प्रयुक्त पुनरुक्ति सम्बद्धकको समग्र अवस्था**

| पुनरुक्ति सम्बद्धक | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरावृत्ति | ४५१ | ९३.२% |
| पर्यायवाची | ८ | १.६% |
| विपरीतार्थी | ८ | १.६% |
| समावेशी-समावेश्य | १४ | २.९% |
| अङ्गी-अङ्ग | ३ | ०.७% |
| जम्मा | ४८४ | १००% |

यस 'जैविक खेती' निबन्धमा जम्मा ४८४ वटा पुनरुक्ति सम्बद्धकहरू प्रयोग भएका छन् । यसमा पुनरावृत्ति पुनरुक्तिको प्रयोग सबैभन्दा धेरै अथवा ९३.२ प्रतिशत रहेको देखिन्छ भने पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग पुनरुक्तिहरूमा क्रमशः १.६ प्रतिशत, १.६ प्रतिशत, २.९ प्रतिशत, ०.६ प्रतिशत रहेको पाइन्छ । यसरी पुनरुक्तिहरूको प्रतिशतहरूलाई हेर्दा अङ्गी-अङ्गको प्रतिशत अत्यन्त न्यून रहेको देखिन्छ ।

### ५.३. २. सन्निधान

प्रस्तुत 'जैविक खेती' निबन्धमा विभिन्न सन्निकट भाषिक एकाइको प्रयोग भएको छ । एकआपसमा सहचर्यात्मक सम्बन्ध राख्ने शब्दहरूलाई सन्निधान भनिन्छ । यस निबन्धमा प्रयुक्त सन्निधान सम्बद्धकहरू यसप्रकार छन् :

- रासायनिक – मल (वा.२)
- विषादी – हानिकारक (वा.६)
- प्राङ्गारिक – खेती (वा.११)
- प्राङ्गारिक – मल (वा.११)
- कृषि – पेसा (वा.११)
- पृथ्वी – पर्यावरण (वा.२२)
- माटो – अम्लीयपन (वा.२३)
- पर्यावणीय – सन्तुलन (वा.३१)
- रासायनिक – मल (वा.५१)
- जडीबुटीजन्य – वनस्पति (वा.६०)
- जङ्गल – चरन सुविधा (वा.७३)
- व्यवसाय – रोजगारी (वा.८३)
- व्यवसाय – पेसा (वा.८३)

'जैविक खेती' निबन्धमा १३ वटा शब्दको निकटस्थ शब्दसँग सान्निध्य सम्बन्ध कायम रहेको देखिन्छ । यी सन्निकट शब्दहरू निबन्धको वाक्यभित्र र वाक्यबाहिर प्रयोग भएको छ । प्रस्तुत निबन्धमा प्रयुक्त सन्निकट सम्बन्धयुक्त शब्दहरूबाट निबन्धको विषय सन्दर्भ बिच परस्पर सम्बन्ध कायम भई निबन्धलाई सम्बद्धकपूर्ण बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

समग्रमा 'जैविक खेती' निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकहरूलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १४**

**'जैविक खेती' निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकको समग्र अवस्था**

| **कोशीय सम्बद्धक** | **प्रयुक्त सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| पुनरुक्ति सम्बद्धक | ४८४ | ९७.४% |
| सन्निधान सम्बद्धक | १३ | २.६% |
| जम्मा | ४९७ | १००% |

प्रस्तुत 'जैविक खेती' निबन्धमा समग्र कोशीय सम्बद्धकलाई हेर्दा जम्मा ४९७ वटा कोशीय सम्बद्धकहरू प्रयोग भएको पाइन्छ । यसमा पुनरुक्तिको प्रयोग प्रशस्त अथवा ९७.४ प्रतिशत रहेको छ भने सन्निधान सम्बद्धकको प्रयोग २.६ प्रतिशत रहेको देखिन्छ । यस 'म को हुँ ?' र 'जैविक खेती' निबन्धहरूमा प्रयुक्त कोशीय सम्बद्धकको अध्ययनलाई हेर्दा 'जैविक खेती' निबन्धमा कोशीय सम्बद्धकको बढी प्रयोग भएको पाइन्छ ।

उक्त पुस्तकमा समाविष्ट दुई निबन्धहरूमा प्रयुक्त सम्बद्धकको समग्र अवस्थालाई प्रत्येक निबन्धअनुसार छुट्टाछुट्टै तालिकामा यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**'म को हुँ ?' निबन्धमा प्रयुक्त सम्बद्धकको समग्र अवस्था**

| **सम्बद्धकको प्रारूप** | **प्रयुक्त सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| व्याकररणिक सम्बद्धक | ३९५ | ५३.५% |
| कोशीय सम्बद्धक | ३४३ | ४६.५% |
| जम्मा | ७३८ | १००% |

यसरी समग्र अवस्थालाई हेर्दा 'म को हुँ ?' निबन्धमा व्याकरणिक सम्बद्धकको प्रयोग कोशीय सम्बद्धकभन्दा बढी अर्थात ५३.५ प्रतिशत र कोशीय सम्बद्धकको प्रयोग ४६.५ प्रतिशत पाइन्छ ।

तालिका नं. १६

**'जैविक खेती' निबन्धमा प्रयुक्त सम्बद्धकको समग्र अवस्था**

| सम्बद्धकको प्रारूप | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याकरररणिक सम्बद्धक | १३१ | २०.९% |
| कोशीय सम्बद्धक | ४९७ | ७९.१% |
| जम्मा | ६२८ | १००% |

यसरी 'जैविक खेती' निबन्धमा व्याकरणिक सम्बद्धक कोशीय सम्बद्धकभन्दा अत्यन्त कम अथवा २०.९ प्रतिशत र कोशीय सम्बद्धक ७९.१ प्रतिशत रहेको पाइन्छ ।

## ५.४. कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूको निर्माणमा कोशीय सम्बद्धकको भूमिका

एउटा सिङ्गो भाषिक अभिव्यक्ति अथवा पाठ विश्लेषण गर्ने, प्रायोगिक भाषविज्ञानको एक महत्त्वपूर्ण शाखाका रूपमा सङ्कथन विश्लेषणलाई लिइन्छ । सङ्कथन विश्लेषणअन्तर्गत सम्बद्धक र सम्बद्धन गरी दुई युक्तिहरू पर्दछन् । सम्बद्धकअन्तर्गत कोशीय सम्बद्धक पनि पर्दछ । सङ्कथनमा प्रयोग भएको कोशीय एकाइलाई कोशीय सम्बद्धक भनिन्छ । कोशीय युक्ति सङ्कथनका आन्तरिक युक्ति हो । यसले पाठ वा सङ्कथनमा प्रस्तुत घटना र विचारको योजन कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

पाठलाई सम्प्रेषणीय बनाउन कोशीय सम्बद्धकको उपयुक्त प्रयोग हुनुपर्दछ । पाठमा प्रयोग हुने भाषिक एकाइका बिच, पुनरावृत्ति, समावेशी समावेश्य, अङ्गी अङ्ग सम्बन्ध, सहचार्यसम्बन्ध आदिको उपयुक्त प्रयोगले मात्र पाठ बोधगम्य हुन्छ । यसरी कोशीय शब्दहरूबिच, हुने सम्बन्धको अध्ययन कोशीय सम्बद्धकमा गरिन्छ । प्रस्तुत 'म को हुँ ?' र 'जैविक खेती' निबन्धमा कोशीय सम्बद्धकको प्रयोग गरिएको देखिन्छ । कोशीय सम्बद्धकअर्न्तगत पुनरुक्ति र सन्निधान पर्दछन् भने पुनरुक्तिमा पनि पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग जस्ता उपभेदको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत निबन्धमा पुनरावृत्तिले पूर्व सन्दर्भलाई जोड्दै विषयवस्तु र घटनालाई सरल र स्पष्ट बनाएको छ । पर्यायवाची सम्बद्धकले बढीमात्रामा हुने पुनरावृत्ति शब्दहरूको आवृत्तिलाई कम

गरी, शब्दभण्डारका विभिन्न समानार्थी शब्दहरूको प्रयोग गर्दै निबन्धलाई अर्थगत र प्रस्तुतिगत स्पष्टता तुल्याउन सहयोगार्थ रहन्छ । निबन्धमा पूर्ववर्ती रूपमा प्रयोग भएको शब्दको विपरीत शब्द पश्चवर्ती सन्दर्भमा प्रयोग भएको छ । उक्त पश्चवर्ती विपरीत शब्दले विपरीत अर्थ द्योतक गर्दै निबन्धमा सम्बद्ध सिर्जना गरेको देखिन्छ । निबन्धमा प्रयुक्त समावेशी शब्दले आफूमा अन्य समावेश्य शब्दहरू समावेशित गरी, विषय, व्यक्ति, प्राणी, घटना र वस्तु बिच सम्बद्ध कायम गरेको देखिन्छ । यस निबन्धमा प्रयुक्त पुनरुक्तिको अन्तिम भेद अङ्गी-अङ्ग मा मुल शब्दको रूपमा रहने अङ्गीले आफ्नो अंशत शब्द अङ्गसँग सम्बन्ध स्थापित गरी विषयवस्तुलाई सम्बद्धकीय बनाउने कार्यमा भूमिका निर्वाह गरेको पाइन्छ । यस्तै कोशीय सम्बद्धकको भेद सन्निधानअन्तर्गत निबन्धमा प्रयुक्त शब्दहरूबिच सहचार्यसम्बन्ध कायम गरी निबन्धलाई सम्बद्धकपूर्ण बनाएको देखिन्छ ।

प्रस्तुत दुबै निबन्धलाई हेर्दा 'म को हुँ ?' निबन्धमा भन्दा 'जैविक खेती' निबन्धमा पुनरावृत्ति शब्दको बढी प्रयोग भएको देखिन्छ भने अन्य कोशीय सम्बद्धकको तुलनामा पनि यही पुनरावृत्ति सम्बद्धको अत्यधिक प्रयोग गरेको पाइन्छ । 'जैविक खेती' निबन्धमा वस्तुपरक विषय र सरल भाषामा विचारहरू व्यक्त गर्दा शब्दहरूको बारम्बार आवृति भएको छ । यसरी पुनरावृत्तिको मात्र बढी आवृत्ति र अन्य सम्बद्धकको कम प्रयोग हुँदा निबन्धको विषयमा मिठास कम भई पठनमा पट्यार लाग्दो अवस्था सिर्जना हुने देखिन्छ । यद्यपि प्रस्तुत दुई निबन्धा मा प्रयुक्त कोशीय सम्बद्धकलाई हेर्दा साहित्यिक विषयभन्दा वस्तुपरक विषयमा पुनरावृत्ति बढी हुने तथ्य यस अध्ययनबाट प्राप्त भएको छ । प्रस्तुत दुई निबन्धलाई बोधगम्य र सम्प्रेषणीय बनाउनको लागि लेखकहरूले कोशीय सम्बद्धकको आवश्यक मात्रामा प्रयोग गरेका छन् । यसरी कोशीय सम्बद्धकको उपयुक्त प्रयोगले निबन्धलाई पठनीय र पाठनीय बनाएको छ । अन्तमा कोशीय सम्बद्धले निबन्धमा प्रयुक्त उपवाक्य तथा वाक्यहरूबिच जोडक र योजकको कार्य गरी निबन्धलाई अर्थपूर्ण र सम्प्रेषणीय बनाएको देखिन्छ । यसैकारण उक्त निबन्धहरू निर्माणमा कोशीय सम्बद्धकले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण शीर्षकको प्रस्तुत शोधपत्रमा उक्त पुस्तकमा समाविष्ट निबन्धहरूको सम्बद्धकीय आधारबाट विश्लेषण गरिएको छ। यो शोधकार्य छवटा अध्यायमा विभाजित गरिएको छ।

यस शोधकार्यको अध्याय एकमा **शोध परिचय** शीर्षक रहेको छ । शोध परिचयअन्तर्गत विभिन्न उपशीर्षकहरू रहका छन् । अध्ययनको पृष्ठभूमिमा शोधको शीर्षकलाई सङ्क्षिप्त रूपमा चिनाउदै सङ्कथन विश्लेषणको विषयमा सामान्य रूपमा स्पष्ट पारिएको छ । समस्या कथनअन्तर्गत उक्त पुस्तकमा समाविष्ट निबन्धको व्याकरणिक सम्बद्धक, कोशीय सम्बद्धक र निबन्ध निर्माणमा यी सम्बद्धकहरूको भूमिकाको अध्ययनलाई शोधकार्यको मुख्य समस्या बनाइएको र उक्त समस्याहरूको समाधान गर्नु नै यस अध्ययनको प्रमुख उद्देश्य रहेको कुरा उल्लेख गरिएको छ । शोधकार्यको सान्दर्भिकता र उपादेयतामा उक्त भाषा पाठ्यपुस्तमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण हालसम्म नभएकोले यो अध्ययन सान्दर्भिक रहेको र सङ्कथन सिद्धान्त र निबन्ध विधाको सङ्कथन विश्लेषणप्रति जिज्ञासु जोसुकैलाई ज्ञान आर्जन गर्न सहयोग पुग्ने भएकाले यस अध्ययनको उपादेयता रहेको कुरा प्रस्तुत गरिएको छ । शोधकार्यको सीमाङ्कनमा उक्त पाठ्यपुस्तकमा  समाविष्ट दुई निबन्धको व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धक पहिचान गरी उक्त सम्बद्धकहरूले निबन्ध निमार्णमा निर्वाह गरेको भूमिका उल्लेख गर्नु मात्र रहेको कुरा प्रस्तुत गरिएको छ। शोध पत्रको रूपरेखामा यस शोधपत्रलाई छवटा अध्याय र विभिन्न शीर्षक तथा उपशीर्षकमा संरचित र व्यवस्थित गरिएको कुरा उल्लेख गरिएको छ।

अध्याय दुईमा **पूर्वकार्यको समीक्षा र सैद्धान्तिक ढाँचा** शीर्षक रहेको छ। पूर्वकार्यको समिक्षाअन्तर्गत सङ्कथन विश्लेषणको सिद्धान्तसँग सम्बन्धित रहेका यस अघिका पुस्तक, शोधपत्र र शोध प्रबन्धलाई पुस्तक तथा लेख समिक्षा र शोधअध्ययन समिक्षा गरी दुई अलग अलग शीर्षकमा प्रस्तुत गरिएको छ । सैद्धान्तिक ढाँचाअन्तर्गत सङ्कथनको परिचय दिई व्याकरणिक र कोशीय सम्बद्धकका विविध शीर्षक उपशीर्षकहरूलाई उदाहरणसहित  प्रस्तुत गरिएको छ।

अध्याय तीनमा **अध्ययन विधि र प्रक्रिया** शीर्षक रहेको छ । यस शीर्षकअन्तर्गत प्राथमिक स्रोतको रूपमा कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धलाई लिएको र द्वितीय स्रोतमा पुस्तकालयीय कार्यका आधारमा सङ्कथन विश्लेषण विषयका पुस्तक र निबन्ध तथा विभिन्न साहित्यक विधाहरूमा सङ्कथन विश्लेषण भएको शोध अध्ययन लेख आदिमा उल्लेख भएको धारणाका साथै शोध निर्देशकका निर्देशन र अन्य विषय विशेषज्ञका सल्लाह सुझावबाट शोधकार्य सम्पन्न गरिएको कुरा उल्लेख गरिएको छ । यसरी सामग्री तथा तथ्याङ्कको विश्लेषणका क्रममा मूलतः वर्णनात्मक र निगमनात्मक तथा उदाहरणसहित प्रस्ट पारी निष्कर्षमा पुग्नका लागि अंशतः आगमनात्मक विधिको प्रयोग गरिएको कुरा उल्लेख गरिएको छ ।

अध्याय चारमा **कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका व्याकरणिक सम्बद्धक** शीर्षक रहेको छ । यसअन्तर्गत उक्त पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूको पनि विभिन्न उपभेदहरूलाई प्रतिशताङ्कसहित प्रस्तुत गरी ती व्याकरणिक सम्बद्धकहरूले निबन्ध निर्माणमा निर्वाह गरेको भूमिका अन्तमा प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा **कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका कोशीय सम्बद्धक** शीर्षक रहेको छ । यस शीर्षकअन्तर्गत उक्त पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकहरू र उक्त कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्तिमा पर्ने विभिन्न उपभेदहरूलाई प्रतिशताङ्कसहित प्रस्तुत गरी अन्तमा ती कोशीय सम्बद्धकहरूले निबन्ध निर्माणमा निर्वाह गरेको भूमिका प्रस्तुत गरिएको छ ।

अध्याय छमा **सारांश, निष्कर्ष र उपयोगिता** शीर्षक रहेको छ । साराशंमा प्रत्येक अध्यायमा प्रस्तुत गरिएको मुख्य मुख्य कुराहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ । निष्कर्षअन्तर्गत चौथो र पाँचौं अध्यायमा गरिएको व्याख्या र विश्लेषणबाट प्राप्त उपलब्धिहरूलाई बुँदाको आधारमा उल्लेख गरिएको छ । यसरी निष्कर्ष प्रस्तुत गर्ने क्रममा 'म को हुँ ?' निबन्धमा व्याकरणिक सम्बद्धकअन्तर्गत चारवटा भेदमध्ये सबैभन्दा बढी सन्दर्भनअन्तर्गतको व्यक्तिवाचक सन्दर्भन अत्यधिक रहेको र यस व्यक्तिवाचकमा पनि प्रथम पुरुष र षष्ठी विभक्ति युक्त सर्वनामको बढी प्रयोग भएको निष्कर्ष उल्लेख गरिएको छ । यसै गरी 'जैविक खेती' निबन्धमा व्याकरणिक सम्बद्धकहरूमा प्रतिस्थापन र संयोजन सम्बद्धक

बढी प्रयोग भएको निष्कर्ष प्रस्तुत गरिएको छ । कोशीय सम्बद्धकअन्तर्गत उक्त दुबै निबन्धमा पुनरावृत्ति सम्बद्धकको प्रशस्त प्रयोग भएको र 'म को हुँ ?' निबन्धमा व्याकरणिक सम्बद्धकको बढी प्रयोग यसै गरी 'जैविक खेती' निबन्धमा कोशीय सम्बद्धकको बढी प्रयोग भएको निष्कर्ष उल्लेख भएको छ । अन्तमा उक्त पाठ्यपुस्तकमा समाविष्ट दुबै निबन्ध निर्माणमा, निबन्धमा प्रस्तुत विषयवस्तुअनुसार व्याकरणिक र कोशीय सम्बद्धकले यथोचित भूमिका निर्वाह गरेको निष्कर्ष प्रस्तुत गरिएको छ । यस्तै उपयोगिताअन्तर्गत यस शोधकार्यका नितिगत उपयोगिता र प्रयोगगत उपयोगितालाई अलग अलग बुँदामा प्रस्तुत गरिएको छ । विशेषतः सङ्कथन विश्लेषण सिद्धान्त सम्बन्धित पुस्तक लेखन तथा परिमार्जन साथै सङ्कथन विश्लेषणका ढाँचा तयार गर्न र भाषाविज्ञानको प्रायोगिक पक्षअन्तर्गत पर्ने सङ्कथन वा भाषिक अभिव्यक्तिको संरचाना र अर्थगत धारणा विकासको लागि उपयोगी रहेको कुरा प्रस्तुत गरिएको छ ।

## ६.२. निष्कर्ष

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषण शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षहरूलाई यसरी बुँदागत गरिएको छ :

- उक्त पाठ्यपुस्तकमा समाविष्ट दुई निबन्धमा सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक प्रयोग भएको पाइन्छ । व्याकरणिक सम्बद्धकमा सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन यसै यरी कोशीय सम्बद्धकअन्तर्गत पुनरुक्ति र सन्निधानको प्रयोग भएको पाइन्छ । यी सम्बद्धक प्रयोगको अवस्था ह्यालिडे र हसनद्वारा (सन् १९७६) प्रस्तुत मान्यतासँग सम्बन्धित रहेको छ ।
- उक्त दुई निबन्धमध्ये 'म को हुँ ?' निबन्धमा सर्न्दभनअन्तर्गत व्यक्तिवाचक सन्दर्भनको पर्याप्त मात्रामा प्रयोग भएको र यसमा पनि प्रथम पुरुष र षष्ठी विभक्तियुक्त सम्बन्धवाचक विशेषण (मेरा, आफ्ना उनिहरूका तिनका, उनका आदि) को प्रयोग बढी भएको पाइन्छ भने 'जैविक खेती' निबन्धमा तुलनात्मक सन्दर्भन अत्यन्त कम अथवा एकवटा मात्र रहेको पाइन्छ ।
- यी दुबै निबन्धमा प्रतिस्थापनको प्रयोगलाई हेर्दा 'म को हुँ ?' निबन्धमा क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनको प्रयोग अति न्यून वा क्रमशः दुईवटा र तीनवटा मात्र प्रयोग भएको र 'जैविक खेती?' निबन्धमा सामान्य रहेको पाइन्छ ।

- 'म को हुँ ?' निबन्धमा संयोजनअन्तर्गत योगात्मक संयोजनक अत्यन्त बढी अर्थात् ६८ वटा प्रयुक्त छन् भने 'जैविक खती' निबन्धमा क्रियात्मक लोप अन्य लोपका तुलनामा कम वा एकवटा र विपरीतार्थक संयोजन अन्य संयोजनभन्दा कम दुईवटा मात्र प्रयोग भएको पाइन्छ ।
- उक्त दुबै निबन्धमा व्याकरणिक सम्बद्धकका उपभेदहरू सन्दर्भनअन्तर्गत दर्शक, प्रतिस्थापनअन्तर्गत नामिक प्रतिस्थापन, लोपअन्तर्गत नामिक तथा उपवाक्यात्मक लोप, संयोजनअर्न्तगत योगात्मक, कारणात्मक र कालिक संयोजनको प्रयोग निबन्धको विषय र आयामको दृष्टिले सामान्य नै रहेको पाइन्छ ।
- उक्त निबन्धहरूमा कोशीय सम्बद्धकलाई हेर्दा पुनरुक्तिको प्रयोग सन्निधानभन्दा अत्यधिक बढी देखिन्छ जसमा 'म को हुँ ?' निबन्धमा पुनरुक्ति ९७.१ प्रतिशत र सन्निधान २.९ प्रतिशत रहेको पाइन्छ । यसै गरी 'जैविक खेती ?' निबन्धमा पुनरुक्ति ९७.४ प्रतिशत  र सन्निधान २.६ प्रतिशत प्रयोग भएको देखिन्छ ।
- 'म को हुँ ?' निबन्धमा पुनरुक्तिअन्तर्गत पर्ने विविध उपभेदमध्ये पुनरावृत्ति अत्यधिक अथवा ८९.८ प्रतिशत, पर्यायवाची ४.८ प्रतिशत, विपरीतार्थी २.७ प्रतिशत, समावेशी-समावेश्य २.१ प्रतिशत र अङ्गी-अङ्ग ०.६ प्रतिशत रहेको पाइन्छ ।
- 'जैविक खेती' निबन्धमा पनि पुनरावृत्तिको प्रयोग अत्यधिक अथात् पुनरावृत्ति ९३.२ प्रतिशत, पर्यायवाची १.६ प्रतिशत, विपरीतार्थी १.६ प्रतिशत, समावेशी-समावेश्य २.९ प्रतिशत र अङ्गी-अङ्ग ०.७ प्रतिशत रहेको पाइन्छ ।
- दुबै निबन्धमा पुनरुक्तिको उपभेद अङ्गी-अङ्गको प्रयोग अत्यन्त कम भएको पाइन्छ ।
- 'म को हुँ ?' निबन्धमा व्याकरणिक र कोशीय सम्बद्धकलाई हेर्दा व्याकरणिक सम्बद्धकको प्रयोग केही मात्रमा बढी अथात् ५३.५ प्रतिशत र कोशीय सम्बद्धक ४६.५ प्रतिशत प्रयोग भएको पाइन्छ भने व्याकरणिक सम्बद्धक ३९५ वटा र कोशीय सम्बद्धक ३४३ वटा गरी जम्मा ७३८ वटा सम्बद्धकको प्रयोग भएको पाइन्छ ।
- 'जैविक खेती' निबन्धमा व्याकरणिक सम्बद्धक कोशीयभन्दा अत्यन्त कम अर्थात् व्याकरणिक २०.९ प्रतिशत र कोशीय सम्बद्धक ७९.१ प्रतिशत हरेको पाइन्छ । यस्तै व्याकरणिक सम्बद्धक १३१ वटा र कोशीय सम्बद्धक ४९७ वटा गरी जम्मा ६२८ वटा सम्बद्धकको प्रयोग भएको पाइन्छ ।

- यस अध्ययनलाई हेर्दा साहित्यिक शैलीमा लेखिएको कृतिमा भन्दा वस्तुपरक शैलीमा लेखिएको कृतिमा कोशीय सम्बद्धक बढी प्रयोग हुने तथ्य प्राप्त भएको छ ।
- उक्त दुई निबन्धमा प्रयुक्त व्याकरणिक र कोशीय सम्बद्धकले निबन्धलाई सुसंरचित र सम्बद्ध तुल्याउन जोडकको कार्य गरेकोले निबन्ध निर्माणमा सम्बद्धकको भूमिका महत्त्वपूर्ण रहेको निष्कर्ष प्राप्त भएको पाइन्छ ।

## ६.३. उपयोगिता

कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाको सङ्कथन विश्लेषणमा आधारित भइ तयार पाएिको यस शोधकार्यका विविध उपयोगिताहरू रहेका छन् । यसअन्तर्गत पर्ने उपयोगिताहरूलाई नीतिगत र प्रयोगगत गरी अलग अलग रूपमा यसरी प्रस्तुत गरिएको छ :

### ६.३.१. नीतिगत उपयोगिता

- प्रस्तुत शोधकार्यबाट सङ्कथन विश्लेषणको बारेमा ज्ञान प्राप्त गर्न चाहने अध्येता, लेखक तथा खोज अनुसन्धानकर्ता आदिलाई सैद्धान्तिक ज्ञान प्राप्त गर्न सहयोग पुग्दछ ।
- यस शोकार्यबाट प्रायोगिक भाषा विज्ञानअन्तर्गत सङ्कथन विश्लेषण सिद्धान्तका आवश्यक पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन , सम्पादन र परिमार्जनका लागि सहयोग प्राप्त हुन्छ ।
- शोधार्थीलाई सङ्कथन विश्लेषणसम्बन्धी सैद्धान्तिक ढाँचा तयार पर्न सहयोग प्राप्त हुन्छ ।
- यस अध्ययनबाट भाषा वैज्ञानिक ह्यालिडे र हसनका धारणाअनुसार सम्बद्धकका प्रकार र प्रयोगका आधारमा सङ्कथन विश्लेषण गर्न सहयोग पुग्दछ ।
- उच्च तहका विद्यार्थीले सङ्कथन विश्लेषणको अध्ययन गर्ने क्रममा सम्बद्धक र सम्बद्धनमा हुने दुबिधालाई यस अध्ययनमार्फत हटाउन सकिन्छ ।

### ६.३.२. **प्रयोगगत उपयोगिता**

- प्रस्तुत शोधकार्यबाट कक्षा नौमा अध्ययन अध्यापन गर्ने गराउने विद्यार्थी तथा शिक्षक शिक्षिकाहरूलाई उक्त निबन्धमा प्रयुक्त सम्बद्धकको अध्ययन गरी सोहीअनुसार शिक्षण गर्न सहयोग प्राप्त हुन्छ ।
- यस शोधकार्यबाट कुनै पनि साहित्यिक विधामा प्रयुक्त सम्बद्धकहरूको खोजी, विश्लेषण र पुष्टि गर्ने जस्ता प्रायोगिक कार्यमा मद्दत मिल्दछ ।
- यसबाट भाषा र साहित्यको विद्यार्थी तथा लेखकलाई आफ्नो पुस्तक वा कृतिमा कस्ता खालको सम्बद्धकहरू प्रयोग गर्दा कृति सुसंरचित र मिठासपूर्ण हुन्छ भन्ने जानकारी प्राप्त गर्न सहयोगार्थ देखिन्छ ।
- यस शोधकार्यबाट उच्चतहमा अध्ययनरत विद्यार्थीलाई सम्बद्धकका प्रकार, तत्त्व र उदाहरणसहित जानकारी प्राप्त गर्न मद्दत मिल्दछ ।
- यस सङ्कथन विश्लेषणले भाषिक एकाइको माथिल्लो एकाइको सङ्कथनको विश्लेषण गर्ने हुँदा उक्त माथिल्लो एकाइगत अभिव्यक्तिको विषयमा प्रस्ट भइ भाषिक एकाइहरूको शिक्षण गर्न सम्बन्धित व्यक्तिहरूलाई सहयोग प्राप्त हुन्छ ।

# सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* (छैटौँ सं.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

ओभ्रा, गायत्री कुमारी (२०७४), 'बहुला काजीको सपना नाटकको सङ्कथन विश्लेषण', ( स्नातकोत्तर शोधपत्र), शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा  विभाग, त्रि.वि. कीर्तिपुर ।

कार्की, संगिता (२०७४), 'साबिती उपन्यासको सङ्कथन विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

खनाल, देउती (२०७३) ,'पहेँलो गुलाफ कथाको सङ्कथन विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा  विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

ढकाल, शान्तिप्रसाद (२०७०), प्रायोगिक भाषा विज्ञान, ताहाचल, काठमाडौं : शुभकामना प्रकाशन ।

तिवारी, सीता (२०७४), 'राष्ट्रियताको ज्योति हुलाक घर निबन्धको सङ्कथन विश्लेषण', स्नातकोत्तर शोधपत्र, शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण, सिद्धान्त र प्रयोग,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानको प्रमुख आयाम,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७४), *लेखन तथा सम्पादन,*  काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भुजेल, मञ्जु (२०७३), *'कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेको रूपक विधाको सङ्कथन विश्लेषण',* (स्नातकोत्तर शोधपत्र), शिक्षाशाास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भुसाल, केशव (२०६९), सङ्कथन विश्लेषण : सम्बद्धक र सम्बद्धन, *सम्प्रेषण* अङ्क ७, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन,* विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशाास्त्र सङ्काय, डिनको कार्यलय, त्रि.वि. कीर्तिपुर

लम्साल, रामचन्द्र र अन्य (२०७०), प्रायोगिक भाषाविज्ञान, चौथौ सं., काठमाडौं : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ह्यालिडे, एन्ड हसन (१९७६ इ.), *कोहेजन इन इङ्गलिस,* लन्डनः लङ्गम्यान ।

# परिशिष्ट

शोध्य दुई निबन्धहरू

पाठ ४

## म को हुँ ?

*- सुधा त्रिपाठी*

१. म त चोर हुँ नि ! तपाईंलाई थाहा छ कि छैन ? किन आफ्ना आँखा ठुला ठुला पारेर तन्काउनुभएको नि ? तपाईंले मलाई सज्जन सम्भनुभएको थियो होला । यसैले पत्याउनुभएन । सद्दे मानिसले आफूलाई बिना काममा चोर भन्दैन भनेर तपाईंले मलाई मानसिक रोगी त सम्भनुभएन ? तर हेर्नोस्, मलाई मानसिक रोगी चाहिँ नभन्नुहोस् है, तपाईंका मुखबाट मेरा निम्ति त्यो शब्द निस्क्यो भने सत्य, म नरिसाए त के । मलाई तपाईंले चोर भन्नुभयो भने चाहिँ म पक्कै रमाउँछु । म साँच्चैको चोर चाहिँ हुँ, तर पक्का चोर बन्न चाहिँ मैले अझै निकै वर्ष चोर्ने अभ्यास जारी राख्नुपर्छ । तपाईंका अगाडि यसरी चोरी स्वीकार गर्दा मलाई ठ्याम्मै लाज पनि लागेको छैन र तपाईंले यो कुरा अरूलाई भनिदिनु होला भन्ने डर पनि लागेको छैन । मैले यति भन्दा पनि तपाईं किन मेरो कुरा पत्याउन सक्नुहुन्न ? नढाँटी भन्नुहोस् त, तपाईंले भित्री मनदेखि नै मलाई सज्जन सम्भनुभएको छ, हो ?

२. म इमानदार हुँ कि होइन भन्ने कुरा त तपाईंले थाहा पाइसक्नुभएको छैन तर म आफूलाई इमानदार चोर बनाउन प्रयत्नरत छु । चोर पनि कहीं इमानदार हुन्छ र ! भन्ने तर्क झिक्नुहोला । चोर्नु नै किन परेको थियो ? मागे त भइहाल्थ्यो नि ! भन्नुहोला । म चोरी गर्न बाध्य छु । गुह्य कुरो त के भने मैले चोर्ने गरेका कुराहरू त मागेर कुनै हालतमा पनि पाउन सकिन्न, बाध्य भएर चोर्नै पर्छ । चोर्न बाध्य पार्ने अर्को मुख्य कुरो के भने नि ! म असाध्यै गरिब छु, मसँग ती कुराहरू पर्याप्त छैनन् । गरिब भनेर माया गरेर कसैले यहाँ उसको चाहना पनि त परिपूर्ति गरिदिँदैन नि ! धेरै भए दयासम्म गर्ला । मलाई दयामा बाँच्न सकस हुन्छ ।

३. फेरि तपाईंले मलाई तँ ती कुरा नचोरी बाँच्न सक्दै सक्दिनस् त ? भनेर सोधिहाल्नुभो । म तपाईंलाई ढाँटिदिऊँ कि साँचो कुरा बताऊँ त ? भइहाल्यो ढाँट्दिनँ । एउटा कुरो ढाँट्दा फेरि सबै कुरा ढाँटेकै ठहर्ला । म साँचो कुरा चाहिँ भन्छु । हेर्नोस्, एक मुठी सास जोगाउन त पशुले पनि जानेकै हुन्छ । पशुले जति मात्रै बाँचेर हामी मानिसको जातलाई पुग्छ र ? हो, त्यही पशुले भन्दा अलिकता बढी बाँच्न मन लाग्यो तर आफूसँग थप जिन्दगीका लागि पर्याप्त सामल थिएन । यसैले रहरले भनौं कि केले भनौं ? चोर्न चाहिँ बाध्य भएरै चोर्नुपरेको हो ।

४. बल्ल अब चाहिँ अलिकति खुसी लाग्यो मलाई, किनभने अब तपाईंले मेरा कुरा अलिकति पत्याउन थालेको भाव तपाईंको अनुहारमा देखा पर्न थालेको छ । बिन्ती, त्यस भावलाई बलेको दियो झैं अझ उकास्नुहोस् । पख्नुहोस्, तपाईंलाई म पनि सघाउँछु । तपाईंको मनमा मैले के के चोरें भन्ने खुल्दुली

---

शब्दार्थ

भाव : आशय

जागे जस्तो छ । धैर्य गर्नुहोस्, म भ्याएजति कुराहरू तपाईंलाई सुनाउँछु तर तपाईं फुर्सदी पो हुनुहुन्छ के ? भैगो, तपाईंको फुर्सदले जति थेग्न सक्छ, त्यति मात्रै सुनाउँछु । लौ हेर, किन त्यति विधि चञ्चल हुनुभएको ? सासलाई किन त्यति छिटो तान्दै छाड्दै गर्नुभएको ? म अहिले तपाईंलाई केही सुनाउँदै नसुनाई भागें भने नि ? ए, लघार्ने पो ! भइहाल्यो, अब तपाईंलाई दुःख दिन्नँ तर मैले बोल्दाबोल्दै बिचमा कुनै प्रश्न नगर्नुहोला । सोध्ने पनि मैले सबै कुरा बताइसकेपछि मात्र सोध्नुहोला ।

५. चोर्न पाएँ भनेर मैले जे पायो त्यही चोर्ने हो र ? त्यसभित्रको गाँठी कुरो चाहिँ चोर्छु । जस्तो : बगैँचामा जान्छु, फुलहरूलाई आँखा र मनहरूले स्पर्श गर्छु । उसको मुस्कान चोर्छु, आँसु चोर्छु । 'जीवन क्षणिक छ, यस क्षणिकतामा म सन्तुष्ट छैन' भन्दै फुलले मुन्टो हल्लाउँदा फुलबाट क्षणिकताको भाव चोर्छु । बादललाई हेरेर उसको गम्भीरता चोर्छु । कहिलेकाहीँ त बादल रिसाउँछ, बेसरी गर्जेर गाली गर्छ, झिलिल्ल पार्दै अगुल्टो फ्याँक्छ । उसको गाली र रिसमा सम्पूर्ण सृष्टि लहलहाउने सिर्जनात्मकता लुकेको हुन्छ । जीवनका लागि त्यस्तो सकारात्मक गाली र रिस आवश्यक हुने भएकाले म तिनको भाव चोर्छु । अनि केही सिप नलागेर बादल कहिले सुँक्क सुँक्क त कहिले डाँको छाडेर रुन थाल्छ । म उसको त्यस आँसुको इतिहास चोरेर खुसुक्क भाग्छु । कहिल्यै नगल्ने र नथाक्ने पहाडहरूलाई हेरेर तिनीहरूको प्रतीक्षाभित्रको धैर्यको भाव चोर्छु । हिउँदमा पात झरेर नाङ्गै भएका रुखहरूमा वसन्तमा पालुवा पलाएको देखेर तिनीहरूबाट नव जीवनको भाव चोर्छु । सल्लाघारीका सुसाइहरूबाट छटपटी र निःश्वासका भाव चोर्छु । पहिराहरूबाट भित्रभित्रै उकुसमुकुस भइरहेको पहाडको चोटको भाव चोर्छु, नदीनालाबाट सङ्गीत चोर्छु । जीवनमा हिंस्रकता उखेल्नका लागि हिंस्रकताकै खाँचो हुन्छ । यसैले हिंस्रक पशुहरूका जीवनबाट हिंस्रकता चोर्छु । चरा चुरुङ्गीका चिरीबिरीबाट उनीहरूका जीवनको कथा चोर्छु, उन्मुक्तता चोर्छु । शुष्क प्रकृतिबाट निरसता चोर्छु, हराभरा वासन्ती प्रकृतिबाट उत्साह चोर्छु ।



शब्दार्थ

लघार्नु : धपाउनु

क्षणिक : छोटो समय

प्रतीक्षा : पर्खाइ

धैर्य : नआत्तिने गुण

उन्मुक्त : स्वतन्त्र

शुष्क : सुक्खा

६. प्रकृति त प्रकृति नै भयो, उसलाई कसले चाहिँ चोरेको, ठगेको, लुटेको छैन र ? यी कुराहरू चोर्दैमा प्रकृति कहिले पो रित्तिएको छ र ? म भाव चोर्छु, प्रकृतिको भाषा उसैसँग रहन्छ । प्रकृतिका सर्वस्व हामी जीवहरूकै सम्पत्ति त हो । सबैले उत्तिकै उपयोग गर्न पाउँछन् । म चाहिँ अलि लोभी छु, अरूको भन्दा अलि ठुलो भाग पाउने लालसा छ । यही थप भागका लागि म चोरी गर्दै छु । प्रकृति आमा हुन्, सन्तानसँग सधैँ रुष्ट भइरहन पनि सक्तिनन् नि ।

७. मैले आजसम्म सबभन्दा बढी चोरी आमाबाटै गरेकी छु । मेरा निम्ति जगत्‌भरकै आमाहरू मेरी आमामा आएर एकाकार भएका छन् ! मेरी आमा आमा मात्र होइनन्, मेरी निकटतम सँगिनी पनि हुन् । यसैले त मैले आमाको अभिन्न मित्र बनेर उनीबाट आमा भाव चोरेँ । सन्तान वियोगको पीडा पनि मेरी आफ्नै आमाबाट चोरेँ । मेरी दृष्टि हुन् आमा संसारलाई हेर्ने भाव पनि उनैबाट चोरेँ । उनी छोरालाई पनि कम माया गर्दिनन् । छोरीलाई अझै बढी माया नगरी नहुने ठान्छिन् । छोरीले कुजिएका पखेटालाई क्रियाशील नबनाई नहुने भन्ने पवित्र भाव पनि मैले उनैबाट चोरेँ । समाजले सिर्जिएका छोरी जातका लैङ्गिक विषमताले रन्थनिएका उनका भाव चोरेँ । खै, उनीबाट त के के चोरेँ के के !

८. आमालाई मात्र हो र । मैले त बाबालाई समेत चोरिनबाट जोगाउन सकिनँ । सामाजिक प्रपञ्चको बोध हुन थालेपछि सरलता, निर्भीकता र स्वाभिमान चोरेँ । कहिले बाबासँग बाझेर, जुधेर र कहिले चाहिँ बाबाको आज्ञाकारी पुत्री बनेर उनीबाट पितृभाव चोरेँ । आज राम्ररी सोच्दा पो थाहा पाएँ, मैले सबैभन्दा बढी आफ्नै आमाबाबालाई नै चोरेकी रहिछु । आमाबाबाबाहेक मेरो अर्को ईश्वर छैन । ती मेरा सर्वस्व हुन्, म तिनको पुजा गर्छु तर उनीहरूलाई यो कुरा पटक्कै थाहा छैन । म आफ्ना मनमा तिनलाई विराजमान गराएर अव्यक्त भावनाका पुष्पहरू हर्दम अर्पण गरिरहेकी छु ।

९. अब तपाईं नै विचार गर्नुहोस्, आफ्ना आमाबाबालाई त चोर्नेले अरूलाई के बाँकी राखेकी हुँला ? मानिसहरूले आपसमा विनिमय गरेका यावत् प्रकारका प्रेम देखेँ भने यसै यसै तिनीहरूतिर तानिन थाल्छु, मित्रता गर्छु । उनीहरूलाई त्यसमा विश्वस्त बनाउँछु । त्यसपछि सुटुक्क, उनीहरूले थाहा नपाईकन प्रेम भाव चोरेर उछिटिन्छु । मनमनै विभिन्न पतिपत्नीका ढाँचा तयार पार्छु र प्रत्येक ढाँचाका पतिपत्नीसँग नजिकिन्छु । तिनका विभिन्न खाले भावहरू चोर्छु । कसैलाई दाजु भाउजू

---

शब्दार्थ

रुष्ट : रिसाएको

एकाकार : एउटै

प्रपञ्च : चाँजोपाँजो

निर्भीक : निडर

स्वाभिमान : आत्म सम्मान

पितृभाव : पितामा हुने भावना

विराजमान : रहेको/शोभायमान

अर्पण : श्रद्धापूर्वक दिने काम

बनाएर दाजु हुनुको भाव र भाउजू हुनुको भाव चोर्छु । आफैबाट र भाइ बहिनीहरूबाट पुत्रपुत्री भाव चोर्छु ।

१०. त्यति मात्रै कहाँ हो र ? तन, मन र धनले दुःखी हुनेहरूमाथि पनि मैले यस्ता कर्म गरेकी छु । उनीहरू दुःखले रुँदा र छटपटाउँदा म आफू पनि उनीहरूसँगै रुँदै र छटपटाउँदै उनीहरूका भाव सुटुक्क चोरेर आफ्नो मनमा थन्क्याएकी छु । दुःखी गरिबको दुःख, पीडा, दासता आदिको क्रन्दनको इमानदार श्रोता र सहृदयी शुभ चिन्तक बनेर उनीहरूबाट ती सबै कुराको पीडाको भाव चोरेकी छु । आफू जस्तै अन्य नेपाली महिलाहरूका जीवनबाट निस्सारलाग्दो रुवाइ र कुण्ठाको भाव पनि चोरेकी छु । यो भाव त मेरो हृदयबाट जति खन्याए पनि रित्तिन सकेको छैन । रुवाइ र कुण्ठाका नित्य नवीन भावहरू मनभरि, मस्तिष्कभरि उथलपुथल भइरहेछन् ।

११. अहिले तपाईं बालकमाथि त दया राखेकै रहिछ भनेर ढुक्क हुनुभएको होला । तर मित्र ! त्यसरी ढुक्क नहुनोस् । मेरो मन दसकौंदेखि चोरीमा अभ्यस्त भइसकेको छ । यसलाई त चोर्न पाए पुग्यो । चोरी नै यसको अभीष्ट भइसकेको छ । कुनै दिन केही चोरिनँ भने त के बिर्सिए बिर्सिए जस्तो लाग्छ । मलाई तपाईंका अगाडि केही पनि ढाँट्न मन लागेको छैन । यसैले त आफ्नो मन तपाईंका सामु उदाङ्गो पारेर कहिले कहिलेदेखिको उकुसमुकुसबाट उम्किन खोज्दै छु । यही चोरीकै ध्येयले बालकहरू सामु मित्रताको भिक्षा माग्न आफ्ना दुवै हात फैलाएकी छु । उनीहरूले मलाई निश्छल, निष्कपट, पवित्र, स्निग्ध मायाको सागरमा चुर्लुम्म डुबाएका छन् ! एउटै चक्लेट टोकेर आधा आधा बाँडेर खाएकी छु, एक गाँस खानेकुरो पहिले उनीहरूलाई खुवाएर त्यही बाँकी जुठो पनि प्रसाद झैं गरेर खाएकी छु । मेरो आँखामा हेर त को छ ? भन्दै आफ्ना आँखामा भएको



शब्दार्थ

क्रन्दन : रुवाइ

सहृदयी : दयालु

कुण्ठा : दबिएको इच्छा

नित्य : सधैंको

निश्छल : छलछाम नभएको

निष्कपट : कपट नभएको

स्निग्ध : सुकोमल, मायालु, सुमधुर

तिनको तस्वीर देखाएर विस्मित, चकित, पुलकित तिनका मिठो भाव चोरेकी छु । साना छुकछुके हातले मलाई अँगालेर तिनीहरू हाँस्दा आफू पनि उनीहरूसित हाँस्दाहाँस्दै उनीहरूने पत्तै नपाई उनीहरूबाट हाँसो र उल्लासका त्यस्ता भावहरू चोरेकी छु । उनीहरू रोँदा आफू पनि सँगसँगै रोएर उनीहरूबाट आँसुका ताल भावहरू चोरेकी छु ।

१२. मैले मानिस र प्रकृतिबाट त यावत् भाव चोरेकी छु नै । दुःखान्तक हुन् वा सुखान्तक, साहित्यबाट पनि आनन्दको भाव चोरेकी छु । सुखान्तक साहित्यबाट भन्दा पनि दुःखान्तक साहित्यबाट बढी गहन आनन्द प्राप्त हुन्छ । यसैले त संसारमा दुःखान्तक साहित्यको प्रभावलाई बढी तीव्र मानिने गर्छ । यसैले त्यसबाट सहज रूपमा आनन्दको भावको चोरी गरेकी छु । चराको चिरबिरबाट शैली चोरेकी छु, फुलको सौन्दर्यबाट शिल्प चोरेकी छु । प्रकृति तथा मानवबाट उपमा चोरेकी छु । अझ दिल खोलेर भन्ने हो भने दन्त्यकथाबाट चोरेको उपमा आजसम्म मलाई सबभन्दा बढी प्रिय लागेका छन् ।

१३. अब त पत्याउनुभयो होला नि मेरो कुरा ? अब छातीमा हात राखेर भन्नुहोस् त म चोर हुँ कि होइन ? चोर्दाचोर्दा अब तँ धनी भइसकिस् रे । मलाई पहिला नै तपाईंले यसै भन्नुहोला भन्ने त लागेको थियो । फेरि के सोध्न आँट्नुभएको ? ए ! ती सबै कुरा कहाँ राखेकी छु रे ? हुन्छ, पख्नुहोस्, यत्तिका कुराहरू बताइसकेपछि त्यत्ति कुरा बताउन किन कन्जुसी गर्यौं । मैले दुःख गरेर सम्हालेका कुराहरू अरूले चोरिदेलान् भनेर तपाईंले मलाई सावधान गराउनुभएको ? म त पहिल्यैदेखि सावधान छु । आजसम्म कसैले पनि मबाट केही पनि चोरेकै छैन । सायद चोर्न लायक केही नदेखेर पो हो कि । कहिलेकाहीं त आफूबाट पनि चोराउन रहर लाग्छ । चोर्नेले नचोरिदिएपछि मेरो के लाग्छ र ? तर कुरा अर्को पनि छ । यस्ता कुरा चोर्दा एक त चोरिनेलाई नोक्सान पनि हुँदैन, अर्को उसलाई पत्तो पनि हुँदैन । यसैले आफू चोरिएको कुरा मैले पत्तै नपाएको पनि हुन सक्छ ।

१४. यति सबै भइसकेर पनि स्वयम्लाई यसो छामी हेर्छु तर रिक्तता सिवाय केही पाउँदिनँ । जति नै चोरी गरे पनि आफू त कङ्गालको कङ्गाल नै । ल, त्यसरी किन हाँस्नुभएको ? नपत्याएर होला । अघि पनि त तपाईंले मैले आफूलाई चोर भनेर घोषणा गर्दा पत्याउनुभएको थिएन नि । मैले सबै कुरा भनेपछि यो कुरा पनि तपाईं अवश्य पत्याउनुहुन्छ । अँ त, सुन्नहोस्, आफ्ना भावहरूलाई अक्षय कोषका रूपमा मनभित्रै पाँजेर राखेकी थिएँ । अन्यत्रबाट चोरिएका भावहरू रित्तिएपछि आफ्ना

---

शब्दार्थ

विस्मित : आश्चर्यमा परेको

पुलकित : रमाएको

उल्लास : खुसी

दुःखान्तक : दुःखमा टुङ्गिएको

सुखान्तक : सुखमा टुङ्गिएको

अक्षय कोष : नमासिने ढुकुटी

भावको भोग चलन गर्ने सुर थियो। पुछारमा आफ्ना भाव र त्यसैमाथि अन्यत्रबाट चोरिएका भावहरू थुपार्ने गरेकी थिएँ। ती चोरिएका भावले थिच्दाथिच्दा आफ्ना भाव त जम्मै पानी परेको सिमेन्ट झैँ जमिसकेछन्। कुनै दिन चोरी गर्ने इच्छा मऱ्यो भने त म ठुलो नदीका बिचको विशाल पत्थर सरह शुष्क हुन के बेर। होइन त ?

१५. कहाँ हुनु ? धनी भएर मैले यस्तो कुरा गरेकै होइन। साँच्चै तपाईंले यसो भन्दा त मेरो चित्त दुःख्यो। मैले त तपाईंलाई समेत परोक्ष चोर ठहऱ्याएकी छु। प्रत्यक्ष चोर्ने मात्र चोर हुन्छ र ? चोरीका सामान उपयोग गर्ने पनि त चोर नै हुन्छ नि। तपाईं आफ्नो अनुहारका कुनै रेखा पनि नखजमज्याई होइन भन्न सक्नुहुन्छ ? किन त्यसरी टोलाउनुभयो ? तपाईंले चोरीका सामान उपयोग गर्नुभएको छैन रे ? तैं सम्झी हेर्नुहोस् त। पछि मैले भनिसकेपछि ए हो त नभन्नुहोला नि।

१६. कुरा के भने नि ! मैले आफ्ना चोरीका मालहरू साहित्यका माध्यमबाट सबैलाई बाँड्ने गरेकी छु। ऊ ! ऊ ! मुस्कुराउनुभो होइन त ? मैले भनेकी थिएँ नि। एकातिरबाट चोऱ्यो, अर्कातिर थुपाऱ्यो। गँड्यौला जस्तै भइनँ त म ? तर म सारै दुःखी छु। किन भने नि। नचोर्नु चोरिसकेपछि अर्कैतिर नै भए पनि चोरीका सबै कुरा थुपार्न सके त बेसै थियो। तीमध्ये कति मेरा आफ्ना मनका भावसँग मिलेर जड हुन्छन्, कति परस्पर विरोधी भावहरूसँग मिलेर विलुप्त हुन्छन्, कति चाहिँ साहित्यरूपी ढुकुटीमा पुऱ्याएर खन्याउँदा खन्याउँदै यताउता पोखिएर खेर जान्छन्। मुस्किलले एक चतुर्थांश भाव मात्र ढुकुटीमा जम्मा हुन पुग्छन्। त्यति यत्नले सँगालेको स्मृतिपुञ्ज एकचोटि लेखिसकेपछि त्यसै त्यसै विस्मृत बन्न पुग्छ। अर्को स्मृति नसँगालिन्जेल चाहिँ बस् उही मनको रिक्तता मात्रै ! यसैले त म साहित्यकार बन्न पनि अरूका हृदयको भाव चोर्नु परेन र ? मित्र ! अब तपाईं पनि मैले झैँ खुला हृदयले भन्नुहोस् त तपाईंले मेरो कस्तो मूल्याङ्कन गर्नुभयो ?

*('जीवन सूत्र र स्वप्नाभास' निबन्ध सङ्ग्रहबाट)*

---

शब्दार्थ

पाँजेर : टम्म मिलाएर

परोक्ष : अप्रत्यक्ष

चतुर्थांश : चार भागको एक भाग

स्मृतिपुञ्ज : सम्झनाको सँगालो

**पाठ ९**

# जैविक खेती

१. खेतीका दुई तरिका छन्, रासायनिक र जैविक । रासायनिक मल तथा कीट नाशक विषादीको प्रयोग गरेर गरिने खेती रासायनिक खेती हो । परम्परागत जैविक वस्तुमा मात्र निर्भर रहेर गरिने खेती जैविक हो । जीवसँग सम्बन्धित कुरालाई जैविक भनिन्छ । जो जन्मिन्छ, बढ्छ र मर्छ अनि जसलाई बाँच्नका लागि खाना, पानी र हावा चाहिन्छ, त्यही नै जीव हो । विषादीलगायतका हानिकारक तत्त्व प्रयोग नगरी गरिने खेती जैविक हो । यसमा मानिस तथा जीवका लागि हानिकारक हुने तत्त्वको प्रयोग हुँदैन । आफ्नै परिवेशमा पाइने वनस्पति, जडीबुटी तथा अन्य वस्तुबाट जैविक खेतीका सामग्री तयार पारिन्छ । यी सामग्री जीवनका लागि हानिकारक नभई लाभदायक हुन्छन् । यो पूर्णत: प्राङ्गारिक मलमा आधारित हुने हुनाले यसलाई प्राङ्गारिक खेती पनि भनिन्छ ।



२. कृषि युगको आरम्भसँगै जैविक खेतीको सुरुआत भएको हो । उद्योग धन्दाको विकाससँगै जनसङ्ख्याको ठुलो हिस्सा कृषिबाट विमुख भयो । थोरैले काम गरेर धेरैलाई पाल्नुपर्ने भयो । यसैले थोरै जमिनमै धेरै उत्पादन गर्ने उपायका रूपमा १९ औं शताब्दीमा रासायनिक मलको आविष्कार भयो । रासायनिक मलमा बाली बिरुवाका लागि अधिक मात्रामा चाहिने नाइट्रोजन, फोस्फोरस, पोटास जस्ता खाद्य तत्त्वहरू मिश्रण गरिएकाले उत्पादन बढ्न थाल्यो । यसै गरी २० औं शताब्दीदेखि बालीनालीमा लाग्ने कीट पतङ्गहरूलाई नियन्त्रण गर्न विषादीको पनि प्रयोग हुन थाल्यो । रासायनिक मलबाट उत्पादन बढ्ने, विषादीको प्रयोगबाट रोग र किरा नियन्त्रण हुने भएपछि थोरै जमिनमा धेरै उत्पादन हुनु स्वाभाविक हो । यसरी थोरै मिहेनतबाट धेरै उब्जनी दिन सकेकाले रासायनिक खेती चाँडै लोकप्रिय हुन थाल्यो । रासायनिक खेतीमा यी फाइदा भएर पनि यसका बेफाइदा पनि देखा पर्न थाले । यसले गर्दा रासायनिक खेतीका विषयमा अनुसन्धान र अध्ययन गर्नुपर्ने अवस्था आयो । यसका नकारात्मक असरहरूका बारेमा हुन थालेको अध्ययनले यसको विकल्पको खोजी गर्नुपर्ने तथ्यलाई

---

शब्दार्थ

कीट नाशक : किरा नाश गर्ने

हिस्सा : अंश, भाग

विषादी : विषयुक्त, विष भएको

प्रस्तुत गऱ्यो । पृथ्वीको पर्यावरण, मानव स्वास्थ्य र वानस्पतिक चक्रमा आएको सङ्कटले पनि रासायनिक खेती प्रतिकूल हुन्छ भन्ने निष्कर्ष प्रस्तुत भयो ।

३. रासायनिक मलले माटाको अम्लीयपन बढाएर प्राकृतिक बनावट बिगार्छ । जैविक तत्त्वको कमी हुँदा जमिन मरुभूमिमा परिणत हुन बेर लाग्दैन । बाली बिरुवालाई सखाप पार्ने कीट पतङ्गलाई कतिपय किरा, फट्याङ्ग्रा, चरा चुरुङ्गीहरूले खाएर, धपाएर सहयोग पुऱ्याइरहेका हुन्छन् । त्यस्तै मौरी, वारुला, पुतली, झिँगालगायतका कीट पतङ्गले बालीको पराग सेचन प्रक्रियामा सहयोग पुऱ्याई उत्पादन बढाउँछन् । रासायनिक खेतीले बाली बिरुवाका मित्रलाई पनि असर गर्दछ । अर्कोतिर शत्रु किराहरूको प्रतिरोधात्मक क्षमता बढ्छ र कडाभन्दा कडा खालका विषादीको प्रयोग गर्नुपर्ने अवस्था आउँछ । विषादीको बढ्दो प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर गर्छ । यसले क्यान्सर, उच्च रक्तचाप, हृदयाघात, मुटु, कलेजो र फोक्सो बिग्रने खालका रोगलाई निम्त्याउँछ । यसरी रासायनिक खेतीले मानव स्वास्थ्य, पर्यावरणीय सन्तुलन र जैविक विविधतामा गम्भीर सङ्कट सिर्जना गर्दछ । यसैले पछिल्लो समयमा रासायनिक खेतीको विकल्प सोच्न थालिएको छ । रासायनिक खेतीको एउटै विकल्प भनेको जैविक खेती नै हो ।

४. पृथ्वीमा रहेका बोट बिरुवा, कीट पतङ्ग, चरा चुरुङ्गी, जनावर र मानिसहरू परस्परमा निर्भर छन् । प्राणीहरूले खाद्य तत्त्व र अक्सिजन बोट बिरुवाबाट पाउँछन् । बोट बिरुवाहरूले पनि आफूलाई चाहिने हावा र खाने कुरा जीवजन्तुबाट लिन्छन् । मानिस तथा जनावरहरूका मलमूत्र बोट बिरुवाका उत्तम खाना हुन् । सडेगलेका पात पतिङ्गरलाई कुहाएर बोट बिरुवाका लागि खान योग्य मल बनाउने काम कीट पतङ्गहरूले गर्छन् । यसरी पृथ्वीका प्राणी र वनस्पतिका बिचमा लेनदेन प्रक्रिया चक्र झैँ घुमिरहन्छ । यस्तै अन्योन्याश्रित सम्बन्धले पृथ्वीमा जीवको अस्तित्व सम्भव भएको हो । यही लिने दिने प्रक्रिया नमिलेर अहिले वातावरणीय प्रदूषण बढेको छ ।

५. पृथ्वीमा रहेका सबै पशुपन्छी, कीट पतङ्ग र वनस्पतिहरू आपसमा निर्भर भएकाले पर्यावरणीय सन्तुलनका लागि यी सबैको आवश्यकता छ । खेतीपातीका शत्रु किरा, फट्याङ्ग्रा, सुलसुले, मुसा, खरायो, दुम्सी, बाँदरसमेत पर्यावरणीय सन्तुलनका लागि आवश्यक छन् । यस्ता जीवलाई मार्ने होइन धपाउने र भगाउने उपाय खोज्नुपर्छ । जैविक खेती यही मान्यतामा आधारित छ । जैविक खेतीले वातावरणीय सन्तुलन मिलाउनुका साथै मानवलगायत पृथ्वीमा रहेका सबैको जीवन बचाउने काम गर्छ ।

---

**शब्दार्थ**

पराग सेचन : फुलबाट फल बन्ने प्रक्रिया

प्रतिरोधात्मक : रोगसँग लड्न सक्ने

चक्र : गोलो नाङ्लो जस्तो वस्तु, घुमिरहने प्रक्रिया

अस्तित्व : छ अथवा हो भन्ने अर्थ, हुनाको भाव

६. जैविक खेतीमा प्राङ्गारिक मलको प्रयोग गरिन्छ । प्राङ्गारिक मलले वातावरणलाई कुनै असर गर्दैन । यसबाट माटो, पानी र वायु प्रदूषणलाई घटाउन सहयोग मिल्दछ । यस्तो खेतीले माटाको उर्वरा शक्ति कायम राख्छ र मानिस तथा पशुपन्छीबाट निस्कने फोहोर मैलाको व्यवस्थापनमा सहयोग गर्छ । यसैले ठुलो धनराशि खर्चेर रासायनिक मल उत्पादन गर्नुभन्दा गाउँ सहरमा खेर जाने वस्तु र वनस्पतिबाट सामान्य तरिकाले प्राङ्गारिक मल बनाउनु धेरै श्रेयस्कर छ । यसले सहर सफा राख्न, मल उत्पादनको खर्च घटाउन र अन्ततः वातावरण जोगाउन सहयोग गर्छ ।



७. जैविक विधिबाट रोग तथा किरा नियन्त्रण गर्ने अनेकौँ उपायहरू छन् । राम्ररी खनजोत गरी समयमा बाली लगाउँदा र उचित मलजलको प्रयोग गर्दा बाली बिरुवाको प्रतिरोधक क्षमता बढ्छ । यसबाट बाली बिरुवामा रोग र किराहरूको आक्रमणमा कमी आउँछ । कतिपय किराहरूलाई हातले टिपेर, जालीको प्रयोग गरेर, बत्ती बालिदिएर र टाँसिने पदार्थ राखेर पनि नियन्त्रण गर्न सकिन्छ । मित्र किराको उत्पादन गरेर पनि हानिकारक किरा नियन्त्रण गर्न सकिन्छ । तितो, पिरो, अमिलो, टर्रो आदि वनस्पतिको झोल र धुलो प्रयोग गर्नाले अधिकांश किरा र कीटाणुलाई भगाउन र नियन्त्रण गर्न सकिन्छ । यस्ता वनस्पतिमा तितेपाती, निम, बकाइनु, सुर्ती, असुरो, सरिफा, बोझो, मौवा, धतुरो, सिमाली, अदुवा, बेसार, टिम्मुर, तुलसी आदि पर्दछन् । त्यसो त यस्ता जडीबुटीजन्य वनस्पतिमा पनि विषादीको मात्रा हुन्छ । त्यो वातावरणमा चाँडै नष्ट पनि हुन्छ । यस्ता जडीबुटीजन्य विषादीको प्रयोग भएका खाद्य पदार्थ केही दिनमै खानयोग्य हुन्छन् ।

८. जैविक खेती केवल निर्वाहमुखी मात्र नभई यसको व्यावसायीकरण र आधुनिकीकरण हुनुपर्छ । यसका लागि सर्वप्रथम माटाको परीक्षण आवश्यक हुन्छ । कुन माटामा के कस्ता तत्त्व छन् ? के कस्ता तत्त्वको अभाव छ ? कुन माटो कुन बालीका लागि उपयुक्त छ ? आदि कुराको जानकारी लिएर माटाको प्रकृतिअनुसार जैविक खेती लगाउन सकिन्छ । माटामा अपुग तत्त्वलाई जैविक विधिबाटै आपूर्ति गर्न सकिन्छ । उपयुक्त हावापानी, उपयुक्त मौसम, आवश्यक मलको प्रयोग, सिँचाइ व्यवस्था, उपयुक्त बालीचक्र आदि मिलाएर खेती गर्नु आवश्यक हुन्छ । यसो गर्दा जैविक विधिबाट पनि पर्याप्त उत्पादन गर्न सकिन्छ ।

---

**शब्दार्थ**

**निर्वाहमुखी :** सामान्य काम चलाउने खालको

**व्यावसायीकरण :** पेसा वा व्यवसायका रूपमा विकास गर्ने काम

९. नेपालको प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक पर्यावरण जैविक खेतीका लागि अनुकूल छ । प्रशस्त मात्रामा जङ्गल, चरन सुविधा र पानीको स्रोत भएकाले नेपालमा व्यावसायिक रूपमा गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा, सुँगुर, माछा जस्ता पशुपन्छी पाल्न सकिन्छ । यसबाट पर्याप्त मात्रामा दुध, दही, घिउ, ऊन, मह चिज आदिको उत्पादनका साथै प्राङ्गारिक मल उत्पादन हुन्छ । पानीको स्रोत उपयोग गरेर सिँचाइको राम्रो व्यवस्था गर्न सकिन्छ । बहु सङ्ख्यक नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै भएकाले त्यसलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ । अब नेपालका गाउँ गाउँसम्म सडक यातायात पुग्न थालेको छ । उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सहज बन्दै छ । जैविक खाद्य वस्तु देशभित्र र विदेशमा पनि महँगो मूल्यमा सजिलै बिक्री हुन्छ । बर्सेनि अरबौं रुपियाँको खाद्य पदार्थ आयात गर्नु अहिलेको नेपालको बाध्यता बनेको छ । निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । जैविक खेतीलाई बृहत् अभियानका रूपमा अगाडि बढाउन सके नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सक्छ ।

१०. नेपालमा व्यावसायिक जैविक खेतीलाई रोजगारीको मुख्य आधार बनाउन सकिन्छ । स्वदेशमै रोजगारी सिर्जना गर्न सके युवाहरू बिदेसिनु पर्दैन । युवाहरू स्वदेशमै रहँदा राष्ट्र विकासमा सकारात्मक प्रभाव पर्छ । परनिर्भरता घट्न जाँदा स्वावलम्बी संस्कृतिको विकास हुन्छ र राष्ट्रियता पनि बलियो बन्छ । निर्यात बढाउन सक्दा पुँजी निर्माण हुन गई औद्योगिक लगानीको बाटो खुल्छ । जैविक खेतीबाट वातावरण संरक्षण हुन्छ र मानव स्वास्थ्यमा पनि अनुकूल प्रभाव पर्छ । यसबाट वातावरण र स्वास्थ्यका क्षेत्रमा गरिने लगानी बचत हुन्छ । त्यस बचतलाई अन्य उत्पादनमूलक क्षेत्रमा लगाउन सकिन्छ । कृषिमा आत्मनिर्भर बन्दै जलस्रोत, पर्यटन जस्ता उद्योगलाई प्रवर्धन गर्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्ने छ ।

११. नेपालमा खेतीलाई व्यवसायका रूपमा बुझ्न र ग्रहण गर्न सकिएको छैन । संसार जतिसुकै अगाडि बढे पनि मानिसको प्राण बचाउने खानेकुरा अन्ततः खेतीबाटै आउँछ भन्ने कुरा हामीले मनन गर्न सकेका छैनौं । खेतीलाई व्यवसाय नै नमान्नु, हेला र उपेक्षाको पेसा मान्नु हाम्रो ठुलो कमजोरी हो । खेती वनस्पतिको उत्पादन र उपयोग गर्ने एउटा महान् पेसा हो । वनस्पति मानिसलाई बाँच्नका लागि नभई नहुने सास, गाँस, कपास, बास, इन्धन, ओखती, पानी आदिको मूल स्रोत हो । यो आफू बाँच्ने र दुनियाँलाई बचाउने पेसा हो । यसैले खेती हेय नभएर सबैको प्रिय पेसा बन्नुपर्छ । नेपाल जस्तो कृषि प्रधान देशमा त झन् जैविक खेती नै सबैभन्दा मुख्य पेसा हो र हुनु पनि पर्छ ।

---

शब्दार्थ

पुर्ख्यौली : पुर्खाका पालादेखि चलिआएको

परनिर्भरता : अरूको भर पर्नुपर्ने अवस्था

संस्कृति : परम्परादेखि चलिआएको रीतिरिवाज, संस्कार

पुँजी : उद्योग, व्यवसायमा लगाउन सकिने धन

प्रवर्धन : वृद्धि गर्ने काम, बढाउने

समुन्नत : उच्च, राम्ररी माथि उठेको

हेय : हेला, उपेक्षा

# शोधार्थीको व्यक्तिगत विवरण



**नाम** : देबकी थापा

**जन्मस्थान** : निजगढ - ६, बारा

**बुबा** : ज्ञानविक्रम थापा

**आमा** : देबकुमारी थापा

**नागरिकता** : नेपाली

**ठेगाना** : निजगढ - ६, बारा

**सम्पर्क** : ९८४५१६७२६३/९८६३४४६९०४

**धर्म** : हिन्दू

**ममतृभाषा** : नेपाली

**रुचि** : अध्ययन अध्यापन, भ्रमण,साहित्य र समाजसेवा

**शैक्षिक योग्यताको विवरण**

| **क्र.सं.** | **तह** | **अध्ययन गरेको शिक्षण संस्था** | **उतिर्ण साल** |
|---|---|---|---|
| १. | प्रवेशिका | श्री गौरीशङ्कर मा. वि., बारा | २०६४ |
| २. | उच्च मा.वि. | मकवानपुर बहुमूखी क्याम्पस, हेटौंडा | २०६७ |
| ३. | स्नातक (बी.एड.) | गौरीशङ्कर क्याम्पस, बारा | २०७२ |
| ४. | स्नातकोत्तर ( एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि.कीर्तिपुर | २०७६ |